७ औं

# वार्षिक प्रतिवेदन

## आ.व. २०७९/०८०

नेपाल सरकार
राष्ट्रिय किसान आयोग
कीर्तिपुर, काठमाडौं

# सातौं वार्षिक प्रतिवेदन

## (आ.व. २०७९/८०)

नेपाल सरकार

# राष्ट्रिय किसान आयोग

कीर्तिपुर, काठमाडौं

# आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

डा. प्रेम प्रसाद दंगाल

**सदस्यहरू**

सूर्य प्रसाद खनाल

मन्जु धिमाल

जीवन्ती पौडेल

टेक बहादुर बोगटी

पुष्पा भुसाल

**नि. सदस्य सचिव**

दुर्गा प्रसाद पण्डित

**प्रकाशक:** राष्ट्रिय किसान आयोग

**प्रकाशन मिति:** २०८० भाद्र

**प्रकाशन प्रति :** ५०० प्रति

**डिजाइन तथा लेआउट :** सुनिल श्रेष्ठ

**मुद्रण :** दीप किरण प्रिन्टङ्ग एण्ड टेडर्स

**सर्बाधिकार © :** राष्ट्रिय किसान आयोग

---

## संयोजन लेखन

आयोगको पूर्व-स्वीकृति बिना यस प्रतिवेदनलाई पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनैपनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन। बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

# मन्तव्य

२०७८ को कृषि गणना अनुसार ६२ प्रतिशत किसान घरपरिवार कृषि पेशामा आवद्ध छन्। ४१ लाख किसान घर परिवारले २२ लाख हेक्टर जमीनमा खेती गर्दछन्। किसान र कृषि क्षेत्रले मुलुकको राष्ट्रिय आयमा एकचौथाई योगदान गरेको भएपनि उत्पादनको प्रमुख साधन जमिनको असमान वितरणको अवस्था समाधान भएको छैन। अझैपनि उल्लेख्यमात्रामा भूमिहीन किसान रहेको अवस्था रहेको छ। श्रम र जमिनको उत्पादकत्व बढ्न सकेको छैन्, कृषिको व्यवसायीकरण र आधुनिकीकरण हुन सकेको छैन्, जलवायु परिवर्तनले खाद्यसुरक्षा, प्राकृतिकस्रोत जैविक विविधतामा व्यापक प्रभाव पारेको छ । व्यापक उदारीकरणका कारण कृषि व्यापार घाटा चुलिएको छ। ग्रामीण कृषि क्षेत्रबाट व्यापकमात्रामा श्रम पलायन भइरहेको छ। अनेकन कृषि, व्यापार, लगानीसँग सम्बन्धित अन्तरराष्ट्रिय सम्झौता राष्ट्रले गरेका कारण कृषि क्षेत्रमा त्यसको असर परेको छ। अर्कोतिर जमीन बाँझो राख्ने प्रवृति बढ्दो छ, वन्यजन्तुको कारण किसानले ठुलो क्षति व्यहोरिरहनु परेको छ। किसानले उत्पादनको उचित मुल्य घोषणा भएको भए पनि पाउन सकेका छैनन्। मल, विऊ, सिंचाई, अनुदान, कर्जा सहजरुपमा उपलब्ध छैनन्।

तर पनि मुलुक मासुजन्य पदार्थ र अण्डामा आत्मनिभरको अवस्थातर्फ अगाडि बढिरहेको छ। दुग्धजन्य पदार्थ आत्मनिर्भरतर्फ उन्मुख छ। वेमौसमी तरकारी उत्पादनमा बृद्धि भएको छ । अदुवा, अलैची, चिया, उखु, दुध, माछामासु समेत खाद्यान्नमा उत्पादन बृद्धि र व्यवसायीकरण भएको अवस्था छ ।

यस्तो अवस्थामा आम उत्पादकको नीति निर्माणमा पहुँचमा जोड दिंदै किसानमैत्री नीति निर्माणमा ध्यान दिन जरुरी छ । तुलनात्मक रुपमा कृषि क्षेत्रमा बजेट बृद्धि गर्दै जान जरुरी छ । कार्यान्वयनमा ल्याइएको रुपान्तरणकारी परियोजनाहरुलाई थप प्रभावकारी बनाउन जरुरी छ। उत्पादन बृद्धिका लागि कृषिजन्य बस्तुहरुः मल, बीउ, मूल्य, अनुदानका कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न जरुरी छ ।

नेपालको विभिन्न नीति, आवधिक योजना र वार्षिक कार्यक्रमहरुमा कृषि क्षेत्रलाई प्राथमिकता दिंदै आएको भएता पनि यस क्षेत्रले आशतित रुपमा विकास गर्न सकेको छैन। कृषि उत्पादनमा विविधिकरण, व्यवसायिकीकरण तथा यान्त्रिकीकरण मार्फत समग्र कृषि क्षेत्रको रुपान्तरण गर्दै कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै कृषकको चाहना र आवश्यकता अनुसार वातावरणमैत्री कृषि प्रविधि अवलम्बन गरी दिगो कृषि विकासको साथै खाद्य सुरक्षा प्रत्याभूति हुने कार्यक्रम संचालन गर्नु आजको आवश्यकता हो ।

कृषि विकास रणनीति (सन् २०३५-२०१५) ले परिलक्षित गरे अनुसारका उद्देश्य हासिल गर्न, किसानको हक, हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्न एवं कृषि सम्वन्धी नीति, ऐन, कानून तथा योजना तर्जुमा गरी कृषि अनुसन्धान र प्रसारलाई किसानमैत्री बनाउन नेपाल सरकारबाट मिति

१०/१०/२०७३ मा जारी राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश २०७३ अनुसार राष्ट्रिय किसान आयोग गठन भएको हो। कृषि क्षेत्रको विकासबाट किसानहरुको हक अधिकार सुनिश्चिताका लागि राष्ट्रिय किसान आयोगले अभिभावकत्वको भूमिका खेल्दै आएको छ।

किसानहरुको हक हितलाई प्रवर्द्धन गर्न किसान कल्याणकारी योजना तर्जुमा; विद्यमान नीति, ऐन नियममा किसान अधिकारमा रहेको नीतिगत भिन्नता अध्ययन गर्ने; किसान अधिकार हनन को अनुगमन सुपरिवेक्षण; विभिन्न बाली वस्तुहरुको किसानले उचित मुल्य पाउने उपायहरुको पहिचान; किसान संघ संगठन एवं संजालको क्षमता अभिबृद्धि; सरकारी तथा गैर सरकारी र निजी क्षेत्रबाट संचालित नीति तथा कार्यक्रम र आयोजनाहरुको अनुगमन निरीक्षण गर्ने जस्ता कार्यहरु राष्ट्रिय किसान आयोगले गर्दै आएको छ। आयोगले आफ्ना कार्यक्रमहरुमा किसान हक, हित, संरक्षण एवं प्रवर्द्धनको लागि नीति, ऐन, कानून तथा योजना तर्जुमा गर्न सरोकारवाला निकायहरु, सम्बन्धित क्षेत्रका विज्ञहरु, किसान संघ/संगठन/संजालका प्रतिनिधीहरुको सहभागितामा अन्तरकृया तथा छलफल गराई नीति, ऐन, कानून तथा योजना तर्जुमा गर्ने कार्य गर्दै आएको छ। त्यसै गरी कृषकहरुलाई समय समयमा आइ परेका समस्याहरु जस्तै मीटर ब्याजी सम्बन्धी समस्या, विभिन्न बाली वस्तुको बजारीकरणको अभाव आदीलाई सम्बोधन गर्दै आएको छ।

किसानहरुले कृषि बाली तथा पशुपंक्षीको बिमा भुक्तानी समयमा नहुनु, सहुलियत दरको कृषि ऋण सहज र सरल तरिकाले उपलब्ध नहुनु, कृषि बाली तथा पशुपंक्षीमा रोगको समस्या तथा मौसमी प्रकोप र सरकारद्धारा तोकिएको बालीको न्यूनतम समर्थन मूल्यको प्रभावकारी कार्यान्वयन हुन नसक्ने अवस्था आदिमा किसान आयोगको प्रत्यक्ष सहभागितामा समस्या समाधानार्थ अग्रसरता लिइएको छ। आर्थिक वर्ष २०७९/०८० मा राष्ट्रिय किसान आयोगबाट सम्पन्न गरिएका कार्यक्रमहरुको प्रगतिका साथै कृषिमा विद्यमान समस्याहरुबारे सरोकारवाला निकाय र विज्ञहरुबाट प्राप्त सुझावहरुलाई समावेश गरेर यो वार्षिक प्रगति प्रतिवेदन सहितको पुस्तिका प्रकाशन गरिएको छ।

यो पुस्तिकाले स्थानीय तह, प्रदेश एवं संघीय सरकारका नीति निर्माता, कृषि प्राविधिक, कृषक समूह/ सहकारी/ संघ /संगठन/संजाल सबैलाई अवश्य नै सहयोग गर्नेछ भन्ने विश्वास लिएको छु। यो पुस्तिकालाई आगामी दिनमा थप उपयोगी बनाउन पाठक वर्गबाट रचनात्मक सुझावको अपेक्षा गर्दछु।

अन्तमा यो प्रतिवेदन तयारीको क्रममा सहयोग गर्नु हुने राष्ट्रिय किसान आयोगका सदस्यहरु, सदस्य सचिव लगायत सम्पूर्ण कर्मचारीहरुमा धन्यवाद दिन चाहन्छु।

डा. प्रेम प्रसाद दंगाल
अध्यक्ष
राष्ट्रिय किसान आयोग

# भनाइ

कृषि क्षेत्र नेपाली अर्थतन्त्रको मेरुदण्डको रुपमा रहंदै आएको छ ।कृषि पेशामा संलग्न ६२ प्रतिशत रहेको हाम्रो देशमा यस क्षेत्रले कुल ग्राहस्थ उत्पादनमा २४.१ प्रतिशत योगदान गरेको छ । नेपालमा भौगोलिक विशिष्टता, प्रशस्त जैविक विविधता, विविध प्रकारको हावापानी र साना किसानहरुको बाहुल्यता रहेको छ । कृषकको चाहना र आवश्यकता अनुसार वातावरणमैत्री एवं आधुनिक कृषि प्रविधी अवलम्बन गरी कृषिमा आत्मनिर्भर, दिगो कृषि विकासको साथै खाद्य सुरक्षा प्रत्याभुति हुने नीति, योजना तथा कार्यक्रम तय गर्नु आजको प्रमुख आवश्यकता हो ।कृषिको आधुनिकीकरण, व्यवसायीकरण एवं औद्योगिकीकरणको माध्यमबाट कृषिको उत्पादन र उत्पादकत्व बृद्धि गरी कृषिमा आत्मनिर्भर भई आयात प्रतिस्थापनमा सहयोग पुग्न जान्छ ।

किसानको हकहित संरक्षण एवं प्रवर्द्धन गर्न एवं समग्र कृषि क्षेत्रको विकास गर्न कृषि नीति, २०६१; कृषि व्यवसाय प्रवर्द्धन नीति,२०६३; कृषि विकास रणनीति, ( सन् २०१५- २०३५ ) तथा आवधिक योजनाहरु कार्यान्वयनमा आइरहेका छन् । कृषि विकास रणनीति ( सन् २०१५-२०३५ ) ले परिलक्षित गरे बमोजिमका उद्देश्य हासिल गर्न राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार गठन भएको राष्ट्रिय किसान आयोगले कृषि सम्बन्धी नीति, ऐन, नियमावली तथा योजना तर्जुमा र किसानको हक हित संरक्षण गर्न सहयोगी भूमिका खेल्दै आएको छ ।

राष्ट्रिय किसान आयोगले किसानहरुको हक हित संरक्षण र अधिकारको रक्षा गर्दै कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउन कृषि विकासका विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ । राष्ट्रिय किसान आयोगबाट आर्थिक वर्षमा २०७९/ ८० मा संचालित विभिन्न कार्यक्रमहरुको बजेट र खर्चको स्थिति, मुख्य मुख्य कार्यक्रमहरुको उपलब्धी, नीतिगत विषयमा विषय विज्ञ र सरोकारवाला निकायबाट प्राप्त सुझावहरु; अनुगमन एवं अवलोकन भ्रमणबाट प्राप्त सुझावहरु आदिलाई समावेश गरेर यो वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको हो।यो पुस्तिका कृषि क्षेत्रमा संलग्न नीति निर्माता, कृषि प्राविधिक, स्थानीय तह, प्रदेश एवं संघीय सरकार सबैलाई उपयोगी हुनेछ।

वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिनु हुने राष्ट्रिय किसान आयोगका अध्यक्ष डा प्रेम प्रसाद दंगालज्यू र आयोगका सदस्यज्यूहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु।त्यसै गरी यस पुस्तिकालाई तयार गर्ने क्रममा सहयोग गर्नु हुने कृषि प्रसार अधिकृत शोभा ढकाल लगायत सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। विषयवस्तु समावेश गर्ने क्रममा केही त्रुटी एवं कमजोरी भएमा अमूल्य सुझाव र सल्लाहको अपेक्षा राख्दै आगामी दिनमा यस पुस्तिकालाई थप परिष्कृत गर्दै लगिने प्रतिवद्धता व्यक्त गर्दछु।

दुर्गा प्रसाद पण्डित<br>
नि. सदस्य सचिव<br>
राष्ट्रिय किसान आयोग

# बिषयसूची

## खण्ड क

१. राष्ट्रिय किसान आयोगको संक्षिप्त परिचय ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ आयोगको दूरदृष्टि, लक्ष्य र ध्येय ........ १
१.३ आयोगको मूल्य मान्यताहरू ........ २
१.४ आयोगको गठन र कार्यक्षेत्र ........ २
१.५ आयोगको काम, कर्तव्य र अधिकार ........ २
१.६ आयोगको सचिवालय र जिम्मेवारी ........ ४
१.७ आयोगका पदाधिकारी तथा कर्मचारी दरबन्दी विवरण ........ ४
१.८ आयोगका समस्या तथा चुनौतीहरू ........ ५

## खण्ड ख

२. नेपालमा किसान अधिकार सम्बन्धी व्यवस्थाहरू ........ ७
२.१ नेपालको संविधान, २०७२ मा कृषि र किसान सम्बन्धी अधिकारहरू ........ ७
२.२ पेशागत रूपमा किसानका विशेष अधिकारहरू ........ ८

## खण्ड ग

३. आ.व २०७९/८० मा संचालित कार्यक्रमको प्रगति विवरण ........ १३
३.१ आ.व. २०७९/८० को भारित र वित्तीय प्रगतिको अवस्था ........ १३
३.२ आ.व २०७९/८० मा सम्पन्न भएका मुख्य मुख्य कार्यहरू ........ १४

## खण्ड घ

४. आ.व २०७९/८० मा सम्पन्न भएका कार्यक्रम र तिनका उपलब्धीहरू ........ १७
४.१ सरोकारवाला निकायहरू (किसान संघ/ संगठन, पेशागत संगठन)सँग अन्तरक्रिया कार्यक्रम ........ १७
४.२ कृषि तथा पशु सेवाका विज्ञहरूसँग छलफलबाट तयार गरिएको सुझावहरु ........ २२

४.३. किसानहरुको कल्याणकारी योजना तर्जुमा सम्बन्धी छलफल कार्यक्रम......... २२

४.४ किसान हकहित अधिकार संरक्षण एवम् प्रवर्द्धन गर्नका लागि स्थानीय/प्रादेशिक तहमा अन्तरक्रियात्मक कार्यक्रमको प्रतिवेदनहरुः .................................. २३

४.५ कृषि विकासको लागि सरकारले प्रवाह गर्ने सेवा सुविधामा युवा, महिला र भूमिहीन कृषकहरुको पहुंच बृद्धि गर्नको लागि राष्ट्रियस्तरको कार्यशाला गोष्ठी . २५

४.६ राष्ट्रिय किसान आयोगबाट गरिएका अध्ययनहरूको सारांश........................ ३०

४.७. किसान संघ/संगठन तथा संजालको समन्वयमा मनाइएका दिवसहरू........... ५६

४.८. अवलोकन तथा अनुगमन.................................................................. ६१

## खण्ड ङ

५. आ.व २०७९/८० मा लक्ष्य बाहेकका कार्यक्रमहरू.......................................... ६३

## अनुसूचीहरू

१. आ.व २०७९/८०को वार्षिक प्रगति प्रतिवेदन ....................................... ६९

२. वार्षिक प्रगति हुन नसकेका कार्यक्रमहरू ............................................. ७४

३. आयोगमा सूचिकृत भएका संघ संस्था संजालहरुको विवरण....................... ७५

४. कृषि क्षेत्रमा संचालित आयोजना/ परियोजना/ कार्यक्रमहरुको अवलोकन तथा अनुगमन प्रतिवेदनहरू...................................................................... ७९

५. काठमाडौं जिल्ला, दक्षिणकाली नगरपालिका-८, छैमलेमा स्थानीय जातका नास्पातीमा फल नलागेको समस्याको अवलोकन प्रतिवेदन .......................११०

६. २०७९/८०मा कृषकबाट प्राप्त गुनासोहरु.........................................११५

७. आ.व २०८०/८१ मा समावेश गरिनु पर्ने कृषि सम्बन्धी नीति तथा कार्यक्रमका लागि मन्त्रालयमा पेश गरिएको सुझावहरु.........................................११८

८. आयोगबाट जारी गरिएका प्रेस विज्ञप्तीहरू .........................................१२२

९. पत्रपत्रिकामा राष्ट्रिय किसान आयोग....................................................१२८

१०. कार्यक्रमका मुख्य मुख्य झलकहरू ....................................................१३२

# खण्ड क

# १. राष्ट्रिय किसान आयोगको संक्षिप्त परिचय

## १.१ पृष्ठभूमि

नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान गर्ने कृषि क्षेत्रका कूल गाह्रस्थ उत्पादनमा २४.१ प्रतिशत योगदान र ६२ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहनु परेको छ ।नेपालमा योजनावद्ध विकास सुरू भएदेखि नै कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राखिदै आएको भएतापनि अपेक्षाकृत रूपमा कृषि क्षेत्रले गति लिन नसकेको देखिन्छ। आर्थिक रूपले सकृय जनशक्ति विदेशिने क्रम बढदै जाँदा कृषि क्षेत्रमा बढदै गई रहेको श्रम शक्तिको अभाव, बढ्दो जग्गाको खण्डिकरण, उर्वर कृषि भूमिको गैर कृषि क्षेत्रमा प्रयोग, कृषि तथा पशुजन्य उत्पादनमा बढ्दो उत्पादन लागत, उत्पादन सामाग्रीहरूको अपर्याप्तता, प्राविधिक सेवामा पहुँचको अभाव, जलवायु परिवर्तनको नकारात्मक प्रभाव र कृषि शिक्षा, अनुसन्धान र प्रसार बीच समन्वयको अभाव जस्ता समस्या तथा चुनौतीहरुले गर्दा आशातित उपलब्धी हासिल हुन सकेको देखिंदैन ।संविधानमा उल्लेखित भएका किसानका हक हित र अधिकार संरक्षण र प्रवर्द्धनका लागि निर्माण हुने कानूनहरूको अभाव साथै भएका ऐन कानूनहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्नु किसान र कृषि संरक्षण साथै कृषि विकासका लागि बाधक देखिएका छन्। अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकीकरण र विविधीकरण गरी किसानको हक हितको संरक्षण एवम् प्रवर्द्धनका लागि कृषि सम्बन्धी नीति, ऐन, कानून तथा योजना तर्जुमाको साथै कृषि अनुसन्धान र प्रसारलाई किसान मैत्री बनाई किसानहरूको हक हित र अधिकारको रक्षा गर्दै कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउन वाञ्छनीय भएको तथ्यलाई आत्मसात् गर्दै कृषि विकास रणनीति (सन् २०१५—३५) ले परिलक्षित गरे बमोजिमका उद्धेश्य हासिल गर्न नेपाल सरकारबाट मिति २०७३।१०।६ मा जारी राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार राष्ट्रिय किसान आयोग गठन भएको हो ।

## १.२ आयोगको दूरदृष्टि, लक्ष्य र ध्येय

### आयोगको दूरदृष्टि :

आम किसानको हक हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने मूल मर्मलाई आत्मसात गर्दै कृषि नै विकास र समृद्धिको आधार हो भन्ने मान्यताका साथ किसान अधिकार संस्कृतिको विकास गर्ने ।

## आयोगको लक्ष्यः

किसान अधिकार मैत्री वातावरण निर्माण मार्फत सबै किसानले आफूलाई प्राप्त अधिकारको निर्वाध उपभोग गर्न पाउने स्थिति निर्माण गर्ने ।

## आयोगको ध्येय :

विश्वव्यापी रूपमा आत्मसात् गरिएका किसान अधिकारका सिद्धान्त, मूल्य मान्यतालाई अवलम्बन गर्दै स्वतन्त्र, निष्पक्ष, विश्वसनीय तथा नेतृत्वदायी राष्ट्रिय किसान अधिकार सम्बर्द्धन र प्रवर्द्धन गर्ने संस्थाको रूपमा आयोग रहनेछ ।

## १.३ आयोगको मूल्य मान्यताहरू

खाद्य सम्प्रभुता सहितको किसानमुखि र आत्मनिर्भर कृषि, समानता र न्याय, निश्पक्षता, खाद्य तथा कृषि उत्पादनका साधनस्रोतमा सबै किसानको पहुँच र लाभांशको समन्यायिक बाँडफाँड, जवाफदेहिता, पारदर्शिता, स्वतन्त्रता र स्वायत्तता, सहभागिता र समावेशीकरण, विविधताको सम्मान आयोगका मूलभूत मान्यताहरू हुन् ।

## १.४ आयोगको गठन र कार्यक्षेत्र

राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ मा भएका व्यवस्था अनुसार आयोगमा अध्यक्ष, पाँच सदस्यहरू र सदस्य सचिव सहित सात जना पदाधिकारीहरूको व्यवस्था गरिएको छ। ५ जना सदस्यहरूमा किसान प्रतिनिधिहरूमध्ये एकजना महिला सहित ३ जना सदस्य, कृषि सहकारीमा आवद्ध किसान प्रतिनिधि १ जना र १ जना कृषि विज्ञ सदस्य रहने व्यवस्था छ। आयोगको अध्यक्ष र सदस्यको पदमा नियुक्तीको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष कृषि तथा पशुपन्छी विकास मन्त्री अध्यक्ष रहेको सिफारिस समितिले गर्ने छ। अध्यक्ष र सदस्यहरूको पदावधि ४ वर्षको हुनेछ। आयोगमा सदस्य सचिवको हकमा नेपाल सरकारबाट नियुक्त प्रथम श्रेणीको अधिकृत रहने व्यवस्था रहेको छ। आयोगको कार्यक्षेत्र नेपालभर रहने छ।

## १.५ आयोगको काम, कर्तव्य र अधिकार

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३/१०/६ गतेको निर्णय बमोजिम राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार कृषि उत्पादन, उत्पादकत्व अभिवृद्धि गरी किसानको हक, हित र अधिकारको संरक्षण एवम प्रवर्द्धन गर्ने कार्यसंग सम्बन्धित विषयमा नेपाल सरकारलाई सहयोग पुर्‍याउन राष्ट्रिय किसान आयोग गठन भएको हो। कार्यकारी आदेश अनुसार यस आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार रहेका छन् ।

- ❖ कृषि विकास नीति रणनीतिको सफल कार्यान्वयन गर्नको लागि कृषि विकास मन्त्रालय लगायत कृषि क्षेत्रसँग सम्बन्धित निकायहरू समक्ष समय सापेक्ष सुधारका सम्वन्धमा नेपाल सरकारलाई राय सुझाव दिने ।
- ❖ किसानहरूको हक हितलाई प्रवर्द्धन गर्न किसान कल्याणकारी योजना (Farmer Welfare Scheme) तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने ।
- ❖ नेपाल सरकारले जारी गरेका विद्यमान नीति, ऐन, नियममा किसान अधिकारमा रहेको नीतिगत भिन्नता (Policy Gap) को सम्वन्धमा अध्ययन तथा विश्लेषण गरी सुधारको लागि नेपाल सरकारलाई सुझाव दिने ।
- ❖ किसान हक हित अधिकार एवम् किसानहरूको राज्य प्रतिको कर्तब्य र दायित्वका लागि नयाँ नीति, ऐन वा नियमावली बनाउन नेपाल सरकारलाई सहयोग गर्ने ।
- ❖ किसान अधिकारको अनुगमन, सुपरिवेक्षण गर्ने र सुधारको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने ।
- ❖ कृषि कार्यमा प्रयोग हुने प्राकृतिक स्रोत साधनमा किसानहरूको पँहुच बढाउने र अधिकार स्थापना गर्ने ठोस कार्य योजना नेपाल सरकार समक्ष सिफारिस गर्ने ।
- ❖ विभिन्न बाली वस्तुहरूको बजार सरलीकरण गुणस्तर तथा लागत प्रतिस्पर्धात्मकता अभिबृद्धि र मूल्य अभिबृद्धिको आधारमा किसानले उचित मूल्य पाउने उपायको बारेमा नेपाल सरकारलाई सुझाव दिने ।
- ❖ वस्तुगत संघ, उत्पादक सहकारी संघ तथा किसान संजाल एवम् संगठनहरूको क्षमता अभिबृद्धि गरी किसानहरूको हक अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने उपायहरू सम्वन्धमा नेपाल सरकारलाई सुझाव दिने ।
- ❖ किसानहरूको परम्परागत ज्ञान, सीप, प्रविधि, रैथाने जात, बीउ, नश्ल तथा किसानहरूले विकास गरेका बाली र पशु नश्लमा उनीहरूको पँहुच र प्रयोग बढाउन तथा त्यसमा किसानहरूको अधिकार स्थापना गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने ।
- ❖ कृषि पेशा लाई आकर्षित बनाउन अवलम्बन गर्नु पर्ने किसान अधिकार सम्वन्धी नीति तथा कार्यक्रमका सम्वन्धमा अध्ययन अनुसन्धान गर्ने गराउने ।
- ❖ संविधानले व्यवस्था गरेका किसानहरूका हक हित र अधिकारहरू कार्यान्वयन

भए नभएको सम्वन्धमा अध्ययन गरी नेपाल सरकारलाई आवश्यक सिफारिस गर्ने .

- ❖ किसान संघ संगठनहरू (समुह, सहकारी, गै.स.स. बाहेक) लाई दर्ता गरी नियमन गर्ने ।
- ❖ सरकारी तथा गैर सरकारी एवम् निजी क्षेत्रबाट संचालित नीति तथा कार्यक्रम र आयोजनाहरूबाट किसानहरूको अधिकार हनन् भएमा संम्वन्धित निकाय र नेपाल सरकारलाई जानकारी गराई आवश्यक सिफारिस गर्ने ।
- ❖ नेपाल सरकारले समय समयमा तोकेका अन्य काम गर्ने ।

## १.६ आयोगको सचिवालय र जिम्मेवारी

आयोगको दैनिक काम कारबाही संचालनमा आयोगलाई सहयोग पुर्याउने, आयोगका निर्णयहरूलाई कार्यान्वयन गर्ने साथै नेपाल सरकारबाट तोकिए बमोजिमका अन्य काम गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट आयोगमा स्वीकृत दरबन्दी बमोजिम काजमा खटाइ काम लगाउने व्यवस्था गरिएको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले स्वीकृत गरेको दरबन्दी अनुसार आयोगमा सदस्य सचिव सहित २९ जना कर्मचारीको व्यवस्था गरिएको छ। आयोगको केन्द्रीय सचिवालय काठमाडौंमा रहने र आवश्यकता अनुसार नेपालका विभिन्न स्थानहरूमा कार्यालय खोल्न सक्ने प्रावधान राखिएको छ।

## १.७ आयोगको पदाधिकारी तथा कर्मचारी दरवन्दी विवरण

### आयोगका पदाधिकारीहरू

| क्र.सं. | पद | दरवन्दी | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|
| १. | अध्यक्ष | १ | १ | |
| २. | सदस्य | ५ | ५ | |

## कर्मचारी दरवन्दी

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | दरवन्दी | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | सदस्य सचिव | रा.प.प्रथम | नेपाल कृषि | समूहिकृत नहुने | १ | ० | |
| २. | वरिष्ठ कृषि विज्ञ | रा.प.द्धितीय | नेपाल कृषि | समूहिकृत नहुने | १ | १ | |
| ३. | वरिष्ठ पशु विकास अधिकृत | रा.प.द्धितीय | नेपाल कृषि | ला.पो.डे.डे. | १ | ० | |
| ४. | शाखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | प्रशासन | १ | १ | |
| ५. | लेखा अधिकृत | रा.प.तृतीय | नेपाल प्रशासन | लेखा | १ | १ | |
| ६. | कृषि अर्थ विज्ञ | रा.प.तृतीय | नेपाल कृषि | एगृ.इको.एण्ड मार्केटिङ्ग | १ | ० | |
| ७. | कृषि प्रसार अधिकृत | रा.प.तृतीय | नेपाल कृषि | कृषि प्रसार | १ | १ | |
| ८. | पशु विकास अधिकृत | रा.प.तृतीय | नेपाल कृषि | ला.पो.डे.डे. | १ | १ | |
| ९. | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | नेपाल कृषि | बागवानी | १ | ० | |
| १०. | पशु स्वास्थ्य प्राविधिक | रा.प.अनं.प्रथम | नेपाल कृषि | ला.पो.डे.डे./भेट | १ | १ | |
| ११. | प्राविधिक सहायक | रा.प.अनं.प्रथम | नेपाल कृषि | एगृ.इको.एण्ड मार्केटिङ्ग | १ | ० | |
| १२. | नायब सुब्बा | रा.प.अनं.प्रथम | नेपाल प्रशासन | सामान्य प्रशासन | १ | १ | |
| | | | | जम्मा | १२ | ७ | |
| **करार सेवाका लिने पदहरूको विवरण** | | | | | | | |
| १. | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्रथम | नेपाल विविध | ............... | ५ | ५ | |
| २. | सवारी चालक | विहीन | इन्जिनियरिङ्ग | मेकानिकल्स | ७ | ७ | |
| ३. | कार्यालय सहयोगी | विहीन | नेपाल प्रशासन | सामान्य प्रशासन | ५ | ५ | |
| | | | | | | | |
| | | | | जम्मा | १७ | १७ | |
| | | | | कुल जम्मा | २९ | २४ | |

## १.८ आयोगको समस्या तथा चुनौतीहरू

- ❖ राष्ट्रिय किसान आयोग हालसम्म गठन आदेशबाट संचालन भई रहेको अवस्थामा ऐनद्धारा आयोगको जिम्मेवारी, कार्यक्षेत्र, पदाधिकारी एंव सचिवालयको काममा प्रभावकारी व्यवस्था मिलाउन ऐनको आवश्यकता रहनु,
- ❖

- ❖ आयोगद्धारा तयार गरिएको प्रस्तावित निर्देशिका, कार्यविधिहरू समयमै स्वीकृत नहुनु,
- ❖ अस्थायी स्वीकृत दरबन्दी अनुरूपका कर्मचारीहरू समयमै पदपूर्ति नहुनु,
- ❖ किसान हकहित र अधिकार स्थापनाका लागि नीतिगत तथा कानूनी व्यवस्था गर्न कृषि, सिंचाई, प्राकृतिक श्रोत, भूमि, कानुन, भौतिक पूर्वाधार,विज्ञान प्रविधि र संचार लगायतका निकायहरू बीच आवश्यक समन्वयमा कठिनाई हुनु,
- ❖ आयोगको कार्यालय केन्द्रमा मात्र भएकोले किसानका स्थानीय समस्या समाधानमा प्रत्यक्ष ध्यान दिन कठिनाई भएको,
- ❖ आम किसानको हितमा र कृषि क्षेत्रका समस्या समाधानार्थ नेपाल सरकारबाट विनियोजन गरेको बजेट पर्याप्त नहुनु

# खण्ड ख

## २. नेपालमा किसान अधिकार सम्बन्धी व्यवस्थाहरू

### २.१ नेपालको संविधान, २०७२ मा कृषि र किसान सम्बन्धी अधिकारहरू

**भाग-३**

**मौलिक हक र कर्तब्य**

नेपालको संविधान, २०७२ मा कृषि र किसान सम्बन्धी निम्न बमोजिमका मौलिक हकहरूको व्यवस्था गरिएको छ ।

**धारा-३६ खाद्य सम्बन्धी हक :** १) प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी हक हुनेछ । (२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ । (३) प्रत्येक नागरिकलाई कानून बमोजिम खाद्य सम्प्रभुताको हक हुनेछ ।

**धारा-४० दलितको हक :** (५) राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमिन उपलब्ध गराउनु पर्नेछ ।

**धारा-४२ सामाजिक न्यायको हक :**

(१) सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सिमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ ।

(२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास ,रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ ।

(४) प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ ।

**धारा-५१ राज्यका नीतिहरू :**

नेपालको संविधान २०७२ मा कृषि र भूमि सुधार सम्बन्धी निम्न बमोजिमका नीतिहरूको व्यवस्था गरिएको छ ।

## ङ) कृषि र भूमिसुधार सम्बन्धी नीति :

१. भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने,

२. अनुपस्थित भूस्वामित्वलाई निरूत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

३. किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायिकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने,

४. भूमिको उत्पादनशिलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने,

५. कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने ।

**ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति :** (१२) कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरूप जलवायु र माटो अनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने ।

**ञ)** सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति (६) मुक्त कमैया, कम्हलरी, हरूवा, चरूवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने ।

## २.२ पेशागत रूपमा किसानका विशेष अधिकारहरू

सदियौं देखि कृषिलाई आफ्नो मुख्य पेशा र माटोलाई जीविकोपार्जन र आय आर्जनको मुख्य साधन मान्दै आएका नेपाली किसानहरू आफ्ना पेशागत विशेषाधिकारबाट प्राय बञ्चित छन्।जीवनभर माटोमा पसिना सिंचेर पनि भरपेट खान र बालबच्चाको लालनपालन गर्न नसकी कष्टकर जीवन बिताउन वाध्य छन्। युवापुस्ता पलायन भै कृषि क्षेत्र दिन प्रतिदिन अमर्यादित र असुरक्षित बन्दै गएकोले कृषि पेशा बाध्यात्मक बन्दै गएको छ । उत्पादनशील

जमिन बाझो र प्लटिङ्ग हुने क्रम बढ्दो छ । कृषि विकासको लागी विशेष योजना प्याकेज वा अभियान सञ्चालन गरी ब्यापक रुपान्तरण ल्याउन सम्भव छ । वर्गिकृत किसान पहिचान अनुसार वर्गिकृत सेवा सुविधा सहितको ब्यवस्थित योजना बनाउन सकिएमा कृषि पेशालाई आकर्षित मर्यादित एव भरपर्दो बनाउन सहज हुनेछ। किसानका निम्न अधिकारहरू निर्वाध रूपले प्राप्त भएमा कृषि व्यवसाय फस्टाउनका साथै किसानको जीवनस्तर माथि उठ्न सहज हुने छ।

## १. भूमि र प्राकृतिक श्रोतहरू माथि किसानको अग्राधिकार

भूमि उत्पादनको स्रोत प्रमुख साधन हो। भूमि, वन र कृषि बिना किसानको परिकल्पना गर्न सकिदैन। तर हाम्रो विद्यमान भूमि प्रशासन र भूमिमा पहुँचका हिसाबले विश्लेषण गर्दा वास्तविक श्रमजीवी किसानको पहुँचमा भूमि छैन। यसले राष्ट्रिय उत्पादकत्वमा नै प्रतिकूल असर पारेको छ । उत्पादकत्व वृद्धि गर्न भूमि र श्रमको उचित संयोजन आवश्यक छ। नेपालको संविधान, २०७२ मा वैज्ञानिक भूमि सुधार मार्फत किसानको पहुँचमा भूमिको सम्बन्ध विस्तार गर्ने कुरा उल्लेख भए पनि यो हाल सम्म व्यवहारमा आउन सकेको छैन। यसलाई यथासक्य चाँडो कार्यान्वयन गरी भूमिमा श्रमजीवी किसानको अधिकार स्थापित गर्न वाञ्छनीय छ। त्यस्तै उत्पादकत्व वृद्धिमा जमिन, जल-जंगल, जैविक विविधता र चरिचरनको बीचमा अन्योन्याश्रित सम्वन्ध रहन्छ। तसर्थ तिनको प्रयोगमा किसानको अग्राधिकार स्थापित हुनु पर्दछ।

## २. कृषि विकासका लागि आवश्यक भौतिक पूर्वाधारहरू माथि किसानको नियन्त्रण सहितको अधिकार

कुनैपनि उद्योग व्यवसाय फस्टाउन र सफल हुनका लागि त्यसको निश्चित पूर्वाधार पहिलो शर्त हुन्छ। किसान वास्तवमा कृषि व्यवसायी हुन्। यो व्यवसाय सफल हुनका लागि पनि पूर्वाधारको ठूलो महत्व रहन्छ। सिंचाई, गुणस्तरीय नश्ल, मल, वीउ कृषि सडक, वजारको उचित व्यवस्थापन र भण्डारण, कृषि यन्त्र, सुलभ कृषि ऋण, कृषि प्रविधि, सूचना र संचार आदि कृषि विकासका प्रमुख पूर्वाधारहरू हुन्। यस्ता पूर्वाधारहरूको उचित व्यवस्थापन नभई कृषि व्यवसाय र किसानको उन्नति हुदैन। किसानहरूलाई राज्यले यी पूर्वाधारहरूको व्यवस्था गरिदिनु पर्दछ।

## ३. बीउ बिजन, नश्ल र अनुवंशिक स्रोतहरू माथिको अधिकार

शताब्दीयौं देखि किसानहरूको एकल र सामूहिक प्रयासबाट विकास गरिएका बाली तथा पशुपन्छीका जाति, प्रजाति तथा नश्लहरूको आफ्नै महत्व तथा विशेषता छन्। आज

विभिन्न वर्णशकंर पद्धतिबाट भित्रिएका बीउ बिजन र नश्ल आदिले  अनुवंशीय श्रोत र मौलिक खेतीपातीको परम्परामा  ठूलो चुनौती देखिएको छ।यो अनुवंशिय स्रोत र कृषि पद्धतिलाई निरन्तरता दिदै यसलाई किसानको मौलिक वौद्धिक सम्पतिका रूपमा सुरक्षित राखिनु पर्दछ । स्थानीय बीउ, प्रविधी, तौर तरिका र सिप सहितको जैविक विविधता संरक्षण गर्ने तथा प्राकृतिक श्रोत संरक्षण, परिचालन तथा ब्यवस्थापनमा स्थानीय उपभोक्ताको पूर्ण नियन्त्रण सहित अधिकार स्थापित गर्न विशेष अभियान तथा ब्यवस्था गरिनु पर्दछ ।

## ४. कृषि उपजको मूल्य निर्धारण गर्न पाउने अधिकार

कुनै पनि उद्योग व्यवसायीले आफ्नो उत्पादित बस्तुको मूल्य निर्धारण लागत लाभको आधारमा आफूले गर्ने गर्दछ तर किसानले आफ्नो उपजको मूल्य निर्धारण आफै गर्न पाउदैन। उक्त परिस्थिति अन्त्य गर्दै अन्य उद्योगीहरूले सरह किसानले पनि आफ्नो कृषि उपजको मूल्य निर्धारण लागत लाभको आधारमा गर्न पाउने व्यवस्थाका लागि सरकारले कृषि वस्तुको न्यूनतम समर्थन मूल्य तोक्दा उत्पादक किसानको सहभागितामा गराउनु पर्दछ ।

## ५. शिक्षा र रोजगारको अधिकार

कृषि उत्पादनमा संलग्न किसान र नव युवाहरूलाई कृषि सम्बन्धी व्यवसायिक तालिम र प्रशिक्षणको उचित व्यवस्था गरी व्यवहारिक र सैद्धान्तिक शिक्षाको व्यवस्था गरिनु पर्दछ। राष्ट्रिय तथा अन्तराष्ट्रिय असल सिकाई आदान प्रदान गर्ने ब्यवस्था सहित कानुनी अधिकार तथा सरकारका नीति, नियम कानुन र कार्यक्रमहरुबारे सहज जानकारी पाउने तथा सु-सुचित हुने अधिकार ग्यारेन्टी गरिनु पर्दछ । किसानका छोरा छोरीलाई रोजगारीको सुनिश्चितता हुनु पर्दछ । कृषि उत्पादनमा महत्वपूर्ण योगदान गरेका किसानलाई रोजगारीको व्यवस्था राज्यले मिलाउनु पर्दछ ।

## ६. सूचना, नयाँ प्रविधि र प्रसारको हक

कृषिसँग सम्बन्धित नयाँ प्रविधि, बजार विस्तार र बजार मूल्य लगायतका विभिन्न सूचना र जानकारी पाउनु हरेक किसानको अधिकार हो। विभिन्न पत्र पत्रिका, रेडियो टेलिभिजन, अनलाईन,तालिम,प्रशिक्षण, गोष्ठि, भ्रमणका माध्यमवाट किसानहरूका बीचमा सूचना र प्रविधिहरूको प्रचार प्रसार गरिनु पर्दछ।

## ७. संरक्षणको अधिकार

२३ अप्रिल,२००४ मा नेपाल विश्व व्यापार संगठनको सदस्य वने पश्चात नेपाली किसानहरूले

विकसित देशहरूसँग खुल्ला प्रतिस्पर्धा गर्नुपर्ने अवस्था आएको छ। विकसित देशहरूमा उन्नत प्रविधि, यान्त्रिकरण र राज्यवाट पूर्ण संरक्षित किसानहरूद्धारा उत्पादित कृषि वस्तुको लागत मूल्य  न्यून छ। त्यसको तुलनामा हाम्रा किसानहरूको उत्पादनको लागत मूल्य बढी छ।त्यसैले  किसानको प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्न राज्यले उनीहरूलाई संरक्षण गर्नु पर्दछ।देशको दुरइ तिहाइ जनसंख्या ओगटने किसानलाई संरक्षणका लागि कृषि उत्पादन, उत्पादनका साधन र कृषि सामाग्रीमा अनुदान साथै अन्य सेवा सुबिधा विस्तार गर्नु पर्दछ।यसरी संरक्षित हुन पाउनु किसानको अधिकार हो ।

## ८. राहत, क्षतिपूर्ति, बिमा र वित्तीय अधिकार

कृषि विशुद्ध रूपमा प्रकृतिसंग जोडिएको पेशा भएकोले वातावरणीय प्रभाव र प्राकृतिक हिसावले कृषि अत्यन्त जोखिमयुक्त पेशा हो। वातावरणीय र प्राकृतिक प्रकोपका कारणले कृषि बाली वस्तुमा क्षति पुगेमा नोक्सानी हेरी राहत र क्षतिपूर्ति पाउनु किसानको अधिकार हो। राज्यले राहत र क्षतिपूर्तिका लागि बिपद् व्यवस्थापन कोषका स्थापना गरी तत्काल क्षतिपूर्ति दिने कार्यलाई अगाडि बढाउनुपर्ने  साथै बाली तथा पशुपन्छी बिमालाई प्रभावकारी बनाउनु पर्छ।किसानको जीवन बिमा अनिवार्य गर्ने व्यवस्था मिलाउनु पर्दछ।

## ९. जलवायु र वातावरणीय प्रभावमा न्यायिक अधिकार

जलवायु परिर्वतनका कारणले अतिवृष्टि, अनावृष्टि, बाढी पहिरो आदिको प्रकोपबाट किसानहरू बढी प्रभावित हुने गरेका छन।त्यस्ता किसानलाइ राज्यले उचित क्षतिपूर्ति उपलब्ध गराउनु पर्दछ ।किसानकै कृषि कर्मले वातावरणीय सन्तुलनमा योगदान पनि पुगी राखेको हुन्छ। यसरी वातावरणीय सन्तुलनमा योगदान पुर्याउने किसानलाई न्याय संगत थप सेवा सुविधा र अनुदानको व्यवस्था राज्यले मिलाउनु पर्दछ।कृषिलाई वातावरणीय अनुकूलनका आधारमा थप कार्यक्रमहरू संचालनमा ल्याउनु पर्दछ ।

## १०. स्वास्थ्य सेवाको अधिकार

स्वास्थ्य जीवन वाँच्न पाउने किसानको अधिकार हो। किसान स्वस्थ नभएमा उसको योगदान गर्ने क्षमतामा कमी आई कृषि बस्तु उत्पादन कम हुँदै जान्छ।। तसर्थ किसानलाई निःशुल्क स्वास्थ्य सेवाको व्यवस्था राज्यले मिलाउनु पर्दछ। किसानलाई परिचयपत्रका आधारमा स्वास्थ्य बिमा तथा उपचार प्रकृयामा सहजता, निशुल्क विशेषज्ञ सेवाको व्यवस्था मिलाई आवश्यकता अनुसार सेवामा प्राथमिकता हुनु पर्दछ ।

## ११. खाद्य सम्प्रभुताको अधिकार

पोषणयुक्त, सांस्कृतिक परम्परा र वैयक्तिक रुचि अनुसारको भरपेट खान पाउने खाद्य अधिकार सवै नागरिकको नैसर्गिक अधिकार हो। राज्यले नागरिकको खाद्यान्नको प्रत्याभूति गर्नु पर्दछ। नेपालको संविधान,२०७२ ले यसलाई प्रत्याभूत गरेको छ। संविधानमा खाद्य सम्प्रभुता सुनिश्चित गर्न नेपालका विभिन्न राजनीतिक पार्टीसँग सम्बद्ध किसान संघ/संगठन सन्जालहरूको अहम भूमिका रहन्छ ।

## १२. सम्मान र परिचयको अधिकार

समग्र नागरिकको खाद्य तथा पोषणको जिम्मेवारी बोकेको किसान वर्ग आफैंमा मर्यादित वर्ग हो। तर हाम्रो विद्यमान परम्पराले किसानलाई अपहेलित गरेको छ। सरकारी कार्यालय लगायत अन्य विभिन्न कार्यालय तथा संस्थाहरूमा किसानको उचित मर्यादा हुने अवस्था नभएकाले उनीहरू पनि स्वाभिमानका साथ अन्य वर्गका मानिसहरू जस्तै मर्यादित हुन पाउने अधिकारका व्यवस्था गरिनु पर्दछ। किसानलाई कृषि कर्म मार्फत राज्यलाई योगदान गरे वापत विशिष्ट नागरिकको सम्मान प्राप्त हुने कानुनी व्यवस्था गर्नु पर्दछ ।

## १३. सहभागिताको अधिकार

कृषि विकास रणनीति (सन् २०१५-२०३५)ले कृषिको हरेक नीति निर्माण तहमा किसानको सहभागितालाई अनिवार्य गरेको छ। अहिले देश संघीय,प्रदेश र स्थानीय तह गरी तीन तहमा व्यवस्थित छ । यी तीनै तहबाट गरिने कृषि विकास र खाद्य पोषण नीति निर्माण, कार्यान्वयन र अनुगमन तहमा किसान प्रतिनिधिको सहभागिता अनिवार्य हुनु पर्दछ । यसरी आफ्ना लागि तयार तथा तर्जुमा हुने नीति तथा कार्यक्रमहरूमा किसानको सहभागी हुन पाउने अधिकार किसान अधिकारको महत्वपूर्ण पाटो हो ।

## १४. सामाजिक सुरक्षा र निवृत्तिभरणको अधिकार

किसानहरूलाई राज्यका सरकारी सेवा लगायत अन्य सेवामा भएका व्यवस्था बमोजिम सामाजिक सुरक्षा र निवृतिभरणका अधिकारका लागि लामो अवधिसम्म कृषि पेशामा लागेका श्रम गर्न नसक्ने, आयस्रोतको कुनै विकल्प नभएका किसानहरूलाई राज्यले तिनीहरूलाई सामाजिक सुरक्षा र निवृतिभरणको अधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्नु पर्दछ।

# खण्ड ग

## ३. आ.व २०७९/८० मा संचालित कार्यक्रमहरुको प्रगति विवरण


### ३.१ आ.व. २०७९/८० को भारित र वित्तीय प्रगतिको अवस्था

आ.व. २०७९/८० मा राष्ट्रिय किसान आयोगको बजेट उपशीर्षक ३१२२१०११ मा चालुतर्फ रू ४,६८,००,००० (चार करोड अठ्सठ्ठी लाख) र पूँजीगततर्फ रू २२,००,००० (अक्षरूपी बाईस लाख मात्र) गरी जम्मा ४,९०,००,०००(अक्षरूपी चार करोड नब्बे लाख) बजेट विनियोजन भएको थियो। उक्त विनियोजित बजेट मध्ये चालुतर्फ रू ६३,१४,००० (अक्षरूपी त्रिसठ्ठी लाख चौध हजार मात्र) र पूँजीगततर्फ रू १,५३,००० (अक्षरूपी एक लाख त्रिपन्न हजार मात्र) बजेट रोक्का भएको थियो । उक्त विनियोजित बजेट मध्ये चालुतर्फ रू ३,१६,३४,००० (तीन करोड सोह्रलाख चौतीस हजार मात्र) र पूँजीगततर्फ रू १९,६०,००० (अक्षरूपी उन्नाईस लाख साठी हजार मात्र) खर्च भएको थियो ।समग्रमा कूल विनियोजन भएको बजेट रू ४,९०,००,००० (अक्षरूपी चार करोड नब्बे लाख रुपैंया मात्र) मध्येमा ३,३५,९४,००० (अक्षरूपी तीन करोड पैतीस लाख चौरानब्बे हजार मात्र) खर्च भै भारित प्रगति ८४.८४ प्रतिशत र वित्तीय प्रगति ६८.५६ प्रतिशत प्रगति हासिल भएको थियो । आयोगले यस आ.व.मा चालुतर्फ ६७.६ प्रतिशत र पूँजीगत तर्फ ८९.०९ प्रतिशत वित्तीय प्रगति हासिल गरेको छ।

यस आयोगको आ.व २०७९/८० को वार्षिक प्रगति अनुसूची १ मा समावेश गरिएको छ ।

| क्रस | विवरण | वार्षिक स्वीकृत वजेट (रु लाखमा) | वार्षिक खर्च वजेट (रु लाखमा) | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | पूँजीगत | २२ | १९.६ | ८९.०९ |
| २ | चालु | ४६८ | ३१६.३४ | ६७.६ |
| | जम्मा | ४९० | ३३५.९४ | ६८.५६ |

## वार्षिक स्वीकृत बजेट तथा खर्चको स्थिति (बजेट रु लाखमा)




| | चालु | पुँजिगत | जम्मा |
|---|---|---|---|
| वार्षिक विनियोजित बजेट रु लाखमा | ४६८.०० | २२.०० | ४९०.०० |
| वार्षिक खर्च | ३१६.३४ | १९.६० | ३३५.९४ |
| खर्च प्रतिशत | ६७.५९ | ८९.०९ | ६८.५६ |

**एकमुष्ठ भारित प्रगति प्रतिशत =८४.८४** | **एकमुष्ठ वित्तीय प्रगति प्रतिशत = ६८.५६**

### ३.२ आ.व. २०७९/८० मा सम्पन्न भएका मुख्य मुख्य कार्यहरू

- ❖ सरोकारवाला किसान संघ, संगठन, संस्था तथा संजालहरूसँग चर्को ब्याज दर "मिटर ब्याज" पीडित किसानहरुको समस्या; कृषि विकास रणनीति कार्यान्वयन समिक्षा; कृषि व्यवसाय प्रवर्द्धन विधयेक, २०७९ ; रासायनिक मलको उपयोगिता, उपलब्धता र चुनौती; पोल्ट्री व्यवसायको वर्तमान अवस्था र समस्या समाधान आदि विषयहरुमा छलफल तथा अन्तरक्रियाबाट प्राप्त सुझावहरू समेत संलग्न गरी सम्बन्धित निकायहरुमा पेश गरियो ।
- ❖ कृषि/पशु सेवाका विज्ञहरूसँग कृषि सहकारीमा किसान अधिकार, कर्तब्य र राज्यप्रतिको दायित्व सम्वन्धमा ; किसानको राज्यप्रतिको कर्तव्य एवं दायित्व सम्बन्धमा र किसानको हकहित अधिकार र कर्तव्य सम्वन्धी विषयहरूमा छलफल तथा अन्तरक्रिया सम्पन्न भयो।
- ❖ किसान कल्याणकारी योजना तर्जुमा सम्बन्धी छलफल कार्यक्रममा किसान अधिकार र कल्याणकारी योजना; किसानको सामाजिक सुरक्षाका लागि भएका नीतिगत प्रयासहरुको कार्यान्वयन अवस्था, समस्या/चुनौती र समाधानका उपायहरु; कृषि उत्पादनको किसानले उचित मूल्य प्राप्त गर्न मूल्य श्रृखलाको भूमिका एवं बजारीकरणमा गरिनु पर्ने आवश्यक व्यवस्था तथा कार्यक्रमहरु;

अन्तराष्ट्रिय सन्धि/सम्झौतामा किसान कल्याणकारी योजना र नेपालमा तिनीहरुको कार्यान्वयन अवस्था सम्बन्धी विषयहरूमा अन्तरक्रिया सम्पन्न भयो।

- ❖ किसान हकहित अधिकार संरक्षण एवम् प्रवर्द्धन गर्नका लागि स्थानीय तथा प्रादेशिक तहमा अन्तरक्रियात्मक कार्यक्रम अन्तर्गत पूर्वी नवलपरासी जिल्लाको विनयी त्रिवेणी गा.पा. र मोरङ्ग जिल्लाको उर्लावारी नगरपालिकामा सम्पन्न भयो। उक्त कार्यक्रमहरुमा स्थानीय तहबाट संचालित कृषि तथा पशुपन्छी विकास कार्यक्रम, किसान हक अधिकार प्रवर्द्धनको लागि सरकारी स्तरबाट गरिएका प्रयासहरु, सरकारी निकायबाट प्रदान हुने विभिन्न कृषि विकास कार्यक्रमको संचालन विधि र प्रक्रिया, किसान अधिकारका लागि राष्ट्रिय किसान आयोगको भूमिका, किसान हक अधिकार सम्वन्धमा भएका व्यवस्था लगायत कृषिका नविनतम् प्रविधिहरूका बारेमा प्रशिक्षण दिइएको थियो।
- ❖ सरोकारवाला किसान संघ, संगठन, संस्था तथा संजालहरूसँगको सहकार्यमा ४२ औं विश्व खाद्य दिवस, नवौं विश्व माटो दिवस र राष्ट्रिय किसान आयोगको छैठौं स्थापना दिवस मनाईयो।
- ❖ कृषि विकासको लागि सरकारले प्रवाह गर्ने सेवा सुविधामा युवा, महिला र भूमिहीन कृषकहरुको पहुंच बृद्धि गर्न राष्ट्रियस्तरको कार्यशाला गोष्ठि संचालन गरियो। उक्त कार्यक्रममा सरोकारवाला निकायहरुका साथै सातवटै प्रदेशबाट युवा, महिला र भूमिहीन कृषकहरुको प्रतिनिधित्व भएको थियो।
- ❖ विभिन्न विषयहरुमा सेवा र परामर्श अन्तर्गत अध्ययन गरिएका कार्यहरुमा विद्यमान नीति, ऐन र नियममा किसान अधिकारमा रहेको GAP अध्ययन तथा विश्लेषण गरी सुधार सुझाव तयार गर्ने; विभिन्न बाली बस्तुहरुको उचित मूल्य पाउने उपायको वैज्ञानिक विधि तय गर्न अध्ययन गर्ने; कृषि सहकारी संचालनमा देखिएका समस्याहरुको पहिचान गरी समाधानका उपायहरु बारे अध्ययन गर्ने; आयोगको आवधिक रणनीतिक योजना तयार गर्ने; सविधानले व्यवस्था गरेका किसानहरुका हकहित र अधिकारहरु कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन गर्ने; कृषि कार्यमा प्रयोग हुने प्राकृतिक श्रोत साधनमा किसानहरुको पँहुच बढाउने र अधिकार स्थापना गर्न कार्ययोजना बनाउन अध्ययन गर्ने; भूमिहिन किसानहरुको जीविकोपार्जन सुधारका लागि उपयुक्त कृषि विकास कार्यक्रमको बारेमा अध्ययन गर्ने र कृषि क्षेत्रमा क्रियाशिल बहुराष्ट्रिय कम्पनीका काम, कारोबार अध्ययन, अनुगमन गरी आवश्यक नियमन गर्न नेपाल सरकारलाई सुझाव दिने जस्ता अध्ययन कार्यहरु सम्पन्न गरी अध्ययनहरुबाट

प्राप्त सुझावहरूलाई कार्यक्रमिक कार्यान्वयन एवं नीतिगत व्यवस्थाका लागि नेपाल सरकारलाई सुझाव पेश गरिएको ।

- ❖ कृषि क्षेत्रसँग सम्बन्धित सरकारका निकायहरु आयोग, बोर्ड, परिषद्, संस्थान, आयोजना लगायतका निकायसँग समन्वयात्मक छलफल तथा अन्तरक्रिया कार्यक्रममा नेपालमा बीउ विजन क्षेत्रमा क्रियाशिल बहुराष्ट्रिय कम्पनीको कारोबार अवस्था, समस्या र चुनौतीहरुको पहिचान र समाधानका उपायहरु; पन्धौं योजनामा (२०७६/०७७-२०८०/०८१) कृषि र किसान; र समावेशी आयोगबाट संचालित कृषि गतिविधिको बारेमा सम्बन्धित सरोकारवाल निकायहरु र किसान संघ संगठनका प्रतिनिधिहरुको बीचमा छलफल गरियो।
- ❖ काठमाडौं उपत्यकाका विभिन्न कृषि ब्यवसायमा आवद्ध किसानहरुले आफ्ना समस्याहरुलाई मागको रुपमा अगाडि बढाई आन्दोलित भइरहेको अवस्थामा राष्ट्रिय किसान आयोग, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रतिनिधि र किसान संघर्ष समिति बीच किसानका मुद्दाहरु उपर छलफल तथा अन्तरक्रियाबाट प्राप्त निष्कर्षहरु विभिन्न निकायहरुमा कार्यान्वयनको लागि सिफारिस गरियो।
- ❖ नेपाल सरकारले संचालन गरेका विभिन्न आयोजना/ परियोजनाहरुको अनुगमन गरी आवश्यक सुधार गर्नुपर्ने विषयहरु सुझावको रुपमा नेपाल सरकार समक्ष पेश गरिएको।
- ❖ धानको समर्थन मूल्यको प्रभावकारी कार्यान्वयन गर्न/गराउनका लागि आवश्यक पर्ने बजेट बिनियोजन गरी किसानहरुबाट तत्काल धान खरिद गर्ने व्यवस्था गर्न किसान संघ, संगठन, संस्था तथा संजालहरूसँग व्यापक छलफल गरी प्राप्त सुझावलाई कार्यान्वयन तथा नीतिगत व्यवस्थाका लागि सम्बन्धित सरोकारवाला निकायहरूलाई अनुरोध गरिएको थियो। साथै नेपाल सरकारले तोकेको धानको न्युनतम समर्थन मुल्य अनुसार धान खरिद गर्ने सरकारी निकाय, प्रादेशिक कार्यालय र खाद्य व्यवस्था तथा व्यापार कम्पनीको शाखा कार्यालयको धान खरिदको अवस्था र किसानको बिक्रीबारे अनुगमन गरी आवश्यक निर्देशन दिइएको थियो।

# खण्ड घ

# ४. आ.व. २०७९/८० मा सम्पन्न भएका कार्यक्रमहरू र उपलब्धीको अवस्था

## ४.१ सरोकारवाला निकायहरू ( किसान संघ/संगठन, पेशागत संगठन )सँग अन्तरक्रिया कार्यक्रम

किसानको हक हित र अधिकारको संरक्षण गर्ने सन्दर्भमा विभिन्न राजनैतिक दल आवद्ध किसान संघ/संगठनका प्रतिनिधिहरू बीच समसामयिक कृषि सम्बन्धी बिषयहरूमा छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गरियो।छलफलबाट प्राप्त राय सुझावहरूलाई कार्यान्वयनका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाइयो। छलफल तथा अन्तरक्रियाका विषयबस्तुहरू निम्नानुसार छन् ।

### "मिटर ब्याज" पीडित किसानहरुको समस्याः-

चर्को ब्याज दर "मिटर ब्याज" पीडित किसान र किसान संघ/संगठनहरु बीच छलफल तथा अन्तरकृया कार्यक्रमबाट प्राप्त सुझावहरु निम्नानुसार छन्।

- ❖ किसानहरुलाई चर्को ब्याजदर " मिटर ब्याज" बाट निकै नै मर्का पारेर कतिपयको घर जग्गा नै हडप्ने जस्ता कार्य भएको पाइएको हुँदा स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारबाट यस सम्वन्धमा चासो लिएर हालसम्म यस्तो किसिमबाट गरिएको ऋण लगानीको वास्तविक अवस्था के छ सो को जानकारी यथाशिघ्र लिनुपर्ने,
- ❖ पीडितहरुले अगाडि सारेका मागहरुलाई सम्वोधन गर्न मुलुकभर मिटर ब्याजबाट पीडित किसानहरुको अवस्थाको तथ्याङ्क लिई समस्या समाधानका लागि पहल गर्ने,
- ❖ पीडित किसान सम्बद्ध संघर्ष समितिको समेत प्रतिनिधित्व सुनिश्चित हुने गरी एक उच्चस्तरीय छानविन समिति गठन गरिनु पर्ने र यसको लागि आन्दोलनरत किसानसँग गृह मन्त्रालयले अविलम्ब वार्ता गरी समाधान गर्न पहल गर्ने,
- ❖ चर्को ब्याजदर "मिटर ब्याज" सम्वन्धी विषयलाई सम्वन्धित जिल्ला र क्षेत्रहरुका (जननिर्वाचित प्रतिनिधी) जानकारी गराउने
- ❖ वित्तीय संस्थाहरुबाट ऋण प्रवाह गर्ने व्यवस्था र सरकारबाट संचालन गरीएका ऋण सम्वन्धी कार्यक्रमहरुबारे किसानहरुलाई जानकारी दिन सचेतना कार्यक्रम

संचालन गरिनु पर्ने,

- किसानहरुलाई परियोजना धितो राखी ऋण पाउने व्यवस्था गरिनु पर्ने,
- गाउँ घरमा रहेका किसानहरुलाई सहकारीमा आबद्ध गराई सहकारी मार्फत सुलभ दरमा ऋण उपलब्ध गराउनु पर्ने।

## कृषि विकास रणनीति कार्यान्वयन समिक्षाः-

कृषि विकास रणनीतिको कार्यान्वयन समिक्षा सम्वन्धमा सरोकारवाला निकायहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरियो। उक्त कार्यक्रममा सरोकारवाला निकायहरूबाट प्राप्त सुझावहरू निम्नानुसार रहेका छन्।

- नेपालको संविधान बमोजिमको संघीय संरचना अनुरुप मेल खाने गरी अविलम्ब कृषि विकास रणनीतिको परिमार्जन गर्नुपर्ने,
- प्रादेशिक कृषि विकास रणनीति तर्जुमा गर्दा संघीय कृषि विकास रणनीति सँग मेल खाने गरी तर्जुमा गर्नुपर्ने,
- प्रत्येक स्थानीय तहले आ—आफ्नो प्रादेशिक कृषि विकास रणनीतिलाई कार्यान्वयन गर्ने गरी कृषि विकास योजना तर्जुमा गरी प्राथमिकताका साथ लागू गर्नुपर्ने,
- स्थानीय तहको कृषि विकास कार्यक्रम, प्रदेश सरकारको प्रादेशिक कृषि विकास रणनीति र संघीय सरकारको कृषि विकास रणनीति बीच परिपुरक सम्बन्ध रहने गरी नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने,
- राष्ट्रियस्तरको एकीकृत कृषि तथ्यांक तयार गर्न स्थानीय तहको कृषि क्षेत्रको कार्य प्रगति एवं तथ्यांङ्क प्रदेशमा संकलित गर्नु गर्ने र प्रदेशको कृषि क्षेत्रका कार्य प्रगति एवं तथ्यांक संघीय सरकारको सम्बन्धित निकायमा संकलित गर्नु हुने प्रणालीको विकास गरिनु पर्ने,
- Flagship कार्यक्रम कार्यान्वयन गर्न ADS Trust Fund निर्माण गरिनु पर्ने,
- राष्ट्रिय किसान आयोगलाई प्रादेशिक तहमा समेत विस्तार गरी प्रादेशिक सरकार र स्थानीय तहलाई कृषि विकास रणनीति कार्यान्वयनमा सहयोग गरिनु पर्ने,
- कृषि विकास रणनीतिको बारेमा जनस्तरमा व्यापक प्रचार प्रसार गरिनु पर्ने,
- संघ, प्रदेश र स्थानीय तहहरुमा कृषि विकास रणनीतिको सफल कार्यान्वयन गर्न आवश्यक समन्वय गरिनु पर्ने,

- ❖ स्थानीय तहमा कृषि प्राविधिकहरुको अभावलाई समाधान गर्न नेपाल सरकारले आवश्यक पहल गर्नुपर्ने,
- ❖ कृषि उत्पादन एवं उत्पादकत्व बृद्धिका लागि स्थानीय तहमा कृषिजन्य उत्पादन सामाग्री वितरण एवं व्यवस्थापनको लागि एक समिति गठन गरी समयमै मल, बीउ, विषादी, सिंचाई पाउने व्यवस्था मिलाउनु पर्ने।

## कृषि व्यवसाय प्रवर्द्धन विधेयक, २०७९ सम्बन्धीः-

- ❖ कृषि व्यवसाय प्रवर्द्धन विधेयक,२०७९ सम्बन्धी मस्यौदामा सरोकारवाला निकायका प्रतिनिधिहरूसँग छलफल हुँदा देहाय बमोजिमका सल्लाह/सुझावहरू प्राप्त भएका छन्ः-
- ❖ बिधेयकको शीर्षक कृषि व्यवसाय प्रवर्द्धन नभई कृषि ऐन राख्नुपर्ने,
- ❖ यस बिधेयकमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको साथै कृषिसँग सम्बन्धित अन्य मन्त्रालयहरूको भूमिका समेत उल्लेख गरिनु पर्ने,
- ❖ कृषि व्यवसाय प्रवर्द्धन निर्देशक समितिमा राष्ट्रिय किसान आयोगको प्रतिनिधिलाई राख्नुपर्ने,
- ❖ खाद्य सम्प्रभुताको विषय समावेश गरिनु पर्ने,
- ❖ कृषि उपजको बजारको सुनिश्चिता बारे स्पष्ट उल्लेख गरिनु पर्ने,
- ❖ किसानलाई कृषि उत्पादन सामाग्री (मल, बीउ, विषादी आदि) समयमै उपलब्ध हुने व्यवस्था मिलाउनु पर्ने,
- ❖ कृषि विपद् कोष स्थापना गरिनु पर्ने,
- ❖ कृषि बजार पूर्वधार विकासका लागि छुटै विभागको स्थापना गरिनु पर्ने,
- ❖ कृषकहरुले कृषि उपजहरुको उचित मूल्य प्राप्त गर्न मुल्य निर्धारण सम्बन्धी आवश्यक कार्य गर्न स्थानीय, प्रदेश र संघबाट आवश्यक व्यवस्था गरिनु पर्ने,
- ❖ किसान सूचीकरणको साथै वर्गीकरण गरी किसान परिचयपत्र उपलब्ध गराउने विषय उल्लेख गरिनु पर्ने,
- ❖ कृषि बिमालाई प्रभावकारी बनाउन सम्बन्धित निकायहरुको क्षमता अभिवृद्धि गरी आवश्यक अनुगमन, नियमन तथा सुपरिवेक्षणको व्यवस्था गरिनु पर्ने,
- ❖ कृषि ऋण सरल र सहज रुपमा उपलब्ध गराउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा आवश्यक संरचनाको व्यवस्था गरिनु पर्ने ।

## रासायनिक मलको उपयोगिता, उपलब्धता र चुनौती सम्बन्धी;

रासायनिक मलको उपयोगिता, उपलब्धता र चुनौती सम्वन्धमा सरोकारवाला निकायहरू बीच अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरियो। उक्त कार्यक्रममा प्राप्त सुझावहरू निम्न बमोजिम रहेका छन् :-

- ❖ किसानलाई समयमै सहज रुपमा रासायनिक मल उपलब्ध गराउन हाल कायम रहेको विनियोजित बजेट प्रणालीलाई मात्र आधार नमानी किसानलाई आवश्यक पर्ने मलको परिमाणको आधारमा बजेटको व्यवस्था गरिनु पर्ने
- ❖ रासायनिक मल सार्वजनिक खरिद ऐन अनुसार खरिद गर्दा टेन्डर प्रकृया सम्पन्न गर्न समयावधि धेरै लाग्ने भएकोले किसानलाई उपयुक्त समयमा मल उपलब्ध गराउने नसकिएको हुनाले उक्त समस्या समाधानको लागि सार्वजनिक खरिद ऐन संसोधन गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने
- ❖ बिगत १० वर्षको अध्ययन गर्दा ठेक्का प्रक्रिया सुरू गरिएको र मल प्राप्त भएको बीचको अवधि २२७ दिन लागेको देखिदा असारलाई लक्षित गरेर ७ महिना अगावै ठेक्का गरीसकेको हुनुपर्ने,
- ❖ रासायनिक मल कारखाना खोल्न सम्भाव्यताबारे अध्ययन गरिनु पर्ने,
- ❖ प्रांगारिक मल उत्पादनको लागि प्रोत्साहन गरिनु पर्ने,
- ❖ माटोको अवस्था बारे विस्तृत अध्ययन गरिनु पर्ने,
- ❖ रासायनिक मलको अन्य कार्यमा समेत प्रयोग भैरहेको पाईएकोले रासायनिक मलको दुरुपयोग भए नभएको अध्ययन गरिनु पर्ने ।

## पोल्ट्री व्यवसायको वर्तमान अवस्था र समस्या समाधान सम्वन्धमा

पोल्ट्री व्यवसायको वर्तमान अवस्था र समस्या समाधानका उपायहरूका बारे सरोकारवाला निकायका प्रतिनिधिहरू बीच छलफल तथा अन्तरक्रिया गरी सुझाव एंव निष्कर्षहरु तपसिल बमोजिमका रहेका छन् ।

- ❖ हाल कुखुराको मासुको मूल्य तोकिने व्यवस्थालाई परिमार्जन गरी उत्पादन लागतको आधारमा नेपाल सरकार,कुखुरापालक किसान, संघ/संगठनका किसान प्रतिनिधि र मासु व्यवसायीहरू भएको समितिबाट कुखुराको मासुको मूल्य तोकिने व्यवस्था हुनुपर्ने,
- ❖ गैरकानूनी रूपमा देशमा भित्रिएका कुखुराका चल्ला, अण्डा, प्याकिङ्ग मासु र जीउँदो कुखुरा पूर्ण रूपमा नियन्त्रणका लागि पशु क्वारेन्टाइनहरूलाई व्यवस्थित

गर्न आवश्यक जनशक्तिको व्यवस्था गरी २४ सै घण्टा सेवा प्रवाह गर्नुपर्ने,

❖ व्यवसायिक कुखुरापालक किसानहरुलाई सहुलियत दरको ऋण सहज रूपमा उपलब्ध गराउने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने,

❖ कुखुरा उत्पादनका लागि प्रयोग हुने कुखुरा फार्ममा खपत हुने बिजुली कृषि मिटर लागु गरी ५० प्रतिशत सम्म विद्युत महसुलमा छुटका व्यवस्था गर्नुपर्ने,

❖ कुखुरा उत्पादक किसानबाट कोल्डस्टोरले जिउँदा कुखुरा लिदा किसान र कुखुरा व्यवसायीहरूका समझदारीमा काटिने भनेको १ प्रतिशत जर्ती कुनै कुनै कोल्डस्टोरले २ प्रतिशत सम्म काटेको पाईएको हुँदा समझदारीमा भएका व्यवस्था कार्यान्वयनका लागि व्यवसायीलाई नेपाल सरकारबाट अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्ने,

❖ विभिन्न कुखुरा सप्लायर्सहरुले कुखुराको मासु तौलन प्रयोग गर्ने ढककाँटाहरू मापदण्ड अनुसार प्रयोग नगरी किसानहरुलाई ठग्दै आएका भन्ने गुनासो सम्बोधनका लागि नापतौल नियन्त्रण विभागले अनुगमन गरी नियन्त्रण गर्ने,औषधि, फिल्ड सप्लिमेण्ट, चल्ला, अण्डा तथा मासुको गुणस्तर कायम गर्न सरकारका सम्वन्धित निकायहरूले आ-आफ्ना जिम्मेवारी अनुसार नियमन गरिनु पर्ने ।

## ४.२ कृषि तथा पशु सेवाका विज्ञहरूसँग छलफलबाट तयार गरिएको सुझावहरु

राष्ट्रिय किसान आयोगमा आयोगको कार्यदेश अनुसार कृषि क्षेत्रलाई व्यवस्थित बनाई विकास गर्नका लागि तयार भएका नीतिहरूमा रहेको नीतिगत भिन्नता साथै किसानमैत्री नीति बनाउने उद्देश्यका साथ कृषि तथा पशु सेवाका विशेषज्ञहरूसँग छलफल तथा अन्तरक्रिया गरियो। छलफल तथा अन्तरक्रियाका विषयबस्तु यस प्रकार रहेका छन्।

### किसानको राज्यप्रतिको कर्तव्य, हकहित र अधिकार सम्वन्धी

**किसानको राज्यप्रतिको कर्तव्य, हकहित र अधिकार सम्वन्धी विभिन्न क्षेत्रका विज्ञहरूसँग गरिएको छलफलबाट प्राप्त सुझावहरू तपसिल बमोजिम रहेका छन्:-**

- अनुदान प्राप्तिलाई किसान अधिकारको रुपमा स्थापित गरिनु पर्ने,
- कृषि श्रमिकलाई स्वास्थ्य बिमाको व्यवस्था गरी अधिकार सुनिश्चत गरिनु पर्ने,
- प्राकृतिक प्रकोप एवं महामारीबाट कृषि क्षेत्रमा भएको नोक्सानीको क्षतिपूर्ति व्यवस्था गरी किसान अधिकार सुनिश्चित गरिनु पर्ने,
- प्राविधिक सेवा पाउने अधिकार भएपनि पर्याप्त रुपमा पाउने नसकेको हुनाले सहज र सुलभ रुपमा समयमै प्राविधिक सेवा उपलब्ध गराउनु पर्ने,
- बजार व्यवस्थापनमा समस्या भएकोले बजारमा कृषि उपजले उचित मूल्य प्राप्त गर्ने सक्ने वातावरण बनाउनु पर्ने,
- किसानहरुको सूचीकरण गरी वर्गीकरण मार्फत साना किसान, मध्यम किसान र ठूला किसानहरुको अधिकार र कर्तव्यमा फरक तरिकाले व्याख्या गरिनु पर्ने,
- किसानमैत्री कानून निर्माणका लागि किसानहरुको सहभागिताको सुनिश्चितता हुनुपर्ने।

## ४.३. किसानहरुको कल्याणकारी योजना तर्जुमा सम्बन्धी छलफल कार्यक्रम

नेपाल सरकारबाट तयार गरिने कृषि सम्बन्धी वार्षिक बजेट तथा कार्यक्रममा किसानहरुको अधिकार स्थापना गरी कल्याणकारी योजना समावेश गर्न सुझाव दिने उद्देश्यले यो कार्यक्रम संचालन गरिएको हो।यस कार्यक्रममा विभिन्न क्षेत्रका विज्ञहरुबाट कार्यपत्र पेश गरिनुका साथै सरोकारवाला निकायहरु (किसान संघ, संगठन, संस्था) को प्रतिनिधिहरुबाट प्राप्त सुझावहरु निम्नानुसार रहेका छन्।

**सुझावहरुः-**

- ❖ किसानको पहिचानको लागि बर्गीकरण सहितको परिचयपत्र उपलब्ध गराइनु पर्ने,
- ❖ किसानलाई सामाजिक सुरक्षा प्रदान गर्न निम्न बमोजिमका व्यवस्था हुनुपर्नेः
    - ♦ किसानहरुको स्वास्थ्य बिमा सुनिश्चित गरिनु पर्ने,
    - ♦ किसानहरुको दुर्घटना बिमाको व्यवस्था गरिनु पर्ने,
    - ♦ किसानहरुलाई स्वास्थ्य उपचार गर्ने (किसान अस्पतालको स्थापना) व्यवस्था हुनु पर्ने,
    - ♦ किसान पेन्सन आदिको व्यवस्था हुनु पर्ने,
- ❖ किसानको पहुँचमा कृषि प्राविधिक, विज्ञ र संरचनाको व्यवस्था हुनु पर्ने,
- ❖ किसान कृषि पेशा र कृषि भूमिको प्रकोप/विपत् र अन्य क्षतिबाट सुरक्षाको व्यवस्था हुनुपर्ने
- ❖ उत्पादन लागत आधारमा कृषि तथा पशुपन्छी एवं वस्तुको मूल्य निर्धारण र सो मूल्यमा राज्यबाट खरिद गर्ने गराउने व्यवस्था हुनुपर्ने,
- ❖ किसानको उत्पादन र बजार जोड्नको लागि ढुवानी साधन व्यवस्था हुनुपर्ने,
- ❖ खेती गर्नेलाई भूमिको व्यवस्था हुनुपर्ने,
- ❖ खेती योग्य जमीनमा सिंचाइको व्यवस्था हुनुपर्ने,
- ❖ किसानको कृषि सम्बन्धी सूचनामा पहुँच (टोल टोलमा कृषि सूचना पाटी र कृषि क्लब) हुनुपर्ने,
- ❖ योजना तर्जुमा प्रक्रियामा किसानको सहभागिता गराइनु पर्ने,
- ❖ कृषि ब्यवसाय प्रबर्द्धन कोषको स्थापना गरिनु पर्ने,
- ❖ महामारी, प्राकृतिक प्रकोप र जङ्गली जनावरबाट भएको नोक्सानीको क्षतिपूर्ति एवं राहतका लागि कोषको स्थापना गरिनु पर्ने ।

## ४.४ किसान हकहित अधिकार संरक्षण एवम् प्रवर्द्धन गर्नका लागि स्थानीय/प्रादेशिक तहमा अन्तरक्रियात्मक कार्यक्रमको प्रतिवेदनहरुः

किसान हकहित अधिकार संरक्षण एवम् प्रवर्द्धन गर्नका लागि स्थानीय तथा प्रादेशिक तहमा अन्तरक्रियात्मक कार्यक्रम अन्तरगत पूर्वी नवलपरासी जिल्लाको विनयी त्रिवेणी गा.पा. र मोरङ्ग जिल्लाको उर्लाबारी नगरपालिकामा संचालन गरियो। उक्त कार्यक्रममा स्थानीय

तहबाट संचालित कृषि तथा पशुपन्छी विकास कार्यक्रम, किसान हक अधिकार प्रवर्द्धनको लागि सरकारी स्तरबाट गरिएका प्रयासहरु, सरकारी निकायबाट प्रदान हुने विभिन्न कृषि विकास कार्यक्रमको संचालन विधि र प्रक्रिया, किसान अधिकारका लागि राष्ट्रिय किसान आयोगको भूमिका, किसान हक अधिकार सम्वन्धमा भएका व्यवस्था लगायत कृषिका नविनतम् प्रविधिहरूका बारेमा प्रशिक्षण दिनुका साथै सहभागीहरुबाट समस्या एवम् सुझावहरु तपसिल बमोजिम रहेका छन्।

**समस्याहरु:-**

- ❖ बंगुरपालनको लागि गोठ, खोर सुधारका कार्यक्रममा कृषकहरुको पहुँच नहुनु,
- ❖ किसानहरूले पशु-पालन व्यवसाय संचालन सम्बन्धी क्षमता विकासका कार्यक्रमहरू स्थानीय तहसम्म विस्तार हुन नसक्नु,
- ❖ बंगुरको मासुको बजार मूल्य सुनिश्चितता नहुनु,
- ❖ किसानलाई दिइने अनुदान किसान बर्गीकरणको आधारमा शुलभ रुपमा उपलब्ध नहुनु
- ❖ उत्पादन लागत मूल्य धेरै हुनुको कारण पशु आहारमा सुधार हुन नसक्नु,
- ❖ पशु धनको सुरक्षा (बिमा)मा अधिकांश किसानको सहज पहुँच नहुनु ,
- ❖ सहुलियत दरको कृषि ऋणमा किसानको पहुँच नहुनु ,
- ❖ स्थानीय तहमा पशु स्वास्थ सम्बन्धी सेवा उपलब्ध नहुनु ,
- ❖ बंगुरको पाठापाठीको मूल्य निर्धारण नहुनु ,
- ❖ बिमा कम्पनीहरुबाट समयमा दावी भुक्तानी रकम उपलब्ध नहुनु ,
- ❖ बंगुरपालनको लागि आवश्यक पर्ने दाना एवम् आहारा सर्वसुलभ नहुनु ।

## समस्याहरुको समाधानको उपायहरु :

- ❖ सहुलियत दरको कृषि ऋणमा कृषकको पहुच पुर्याउन संघ/प्रदेशबाट आवश्यक कार्यक्रम व्यवस्था गरिनु पर्ने,
- ❖ संघ/प्रदेश सरकार र स्थानीय तहबाट बंगुरपालन व्यवसायलाई प्रवर्द्धन गर्ने कार्यक्रम तर्जुमा गरिनु पर्ने,
- ❖ लाभ लागतको आधारमा बंगुरको मासुको सर्मथन मूल्य उत्पादन क्षेत्र अनुसार तोकिने व्यवस्था हुनुपर्ने,
- ❖ संघ/प्रदेश/स्थानीय तहबाट प्राविधिक जनशक्ति सहज रुपमा उपलब्ध गराउने

व्यवस्था हुनुपर्ने,

- ❖ कृषि सामाग्रीहरु (पशु आहार) सर्वसुलभताका साथ उपलब्धको लागि संघ/प्रदेश र स्थानीय तहले विशेष पहल गर्नुपर्ने,
- ❖ आयात हुने कृषि वस्तुको गुणस्तर परीक्षणमा कडाई गरिनु पर्ने,
- ❖ मासु बिक्री वितरणको लागि उपयुक्त पुर्वाधार सहितको बजार स्थापना गरिनु पर्ने,
- ❖ उत्पादित मासु बिक्री वितरणको लागि प्रदेश/स्थानीय तहबाट कार्यक्रम तर्जुमा गर्नुपर्ने,
- ❖ बिमा कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यन्वयन गरिनु पर्ने।

## ४.५ कृषि विकासको लागि सरकारले प्रवाह गर्ने सेवा सुविधामा युवा, महिला र भूमिहीन कृषकहरुको पहुंच बृद्धि गर्नको लागि राष्ट्रियस्तरको कार्यशाला गोष्ठी

कृषि विकासको लागि सरकारले प्रवाह गर्ने सेवा सुविधामा युवा, महिला र भूमिहीन कृषकहरुको पहुँच बृद्धि गर्नको लागि राष्ट्रियस्तरको कार्यशाला गोष्ठी संचालन गरियो। उक्त कार्यक्रममा सरोकारवाला निकायहरुका साथै सातवटै प्रदेशबाट युवा, महिला र भूमिहीन कृषकहरुको प्रतिनिधिहरुको उपस्थितिमा छलफल गरी प्राप्त सुझावहरु निम्नानुसार रहेका छन्।

### कृषि सेवा प्रवाहमा युवाको पहुँचको अवस्था र संभावना कार्यपत्रमा समेटिएका विषयवस्तुहरु

- ❖ हालको अवस्थामा कृषि पेशा र रोजाइको नभइ वाध्यतावस मात्र गर्ने पाइएको छ । यस्तो अवस्था हुंदाहुंदै पनि केही उद्यमशील युवाहरु कृषि पेशा अंगालेका छन् ।
- ❖ कृषि पेशामा युवा आकर्षित नहुनुमा समाजबाट पाइने मान सम्मान र हर्ने नजर, परिश्रम बढी गर्नुपर्ने, वातावरणीय जोखिम, उत्पादन सामाग्रीमा परनिर्भरता र उत्पादित वस्तुले प्रतिस्पर्धा गर्न नसक्नु नै मुख्य समस्या हुन् ।
- ❖ कृषि पेशा युवाहरुको रोजाइमा नपर्नुमा कृषि उत्पादन गर्नको लागि आवश्यक पर्ने उत्पादन सामाग्रीहरु (मल, बिरुवा, बीउ, किटनाशक, रोगनाशक विषादी आदि) सर्वसुलभ रुपमा उचित समयमा उपलब्ध नहुनु, कृषिका उत्पादन सामाग्रीहरुमा विदेशको नै भर पर्नु पर्ने, उचित व्यवस्थापन नहुनु प्रमुख कारणहरु हुन् ।

- ❖ उत्पादित कृषि वस्तुहरुको बजार व्यवस्थापनको अभावबाट यस पेशामा लागेका कृषकहरुले उत्पादित कृषि वस्तुबाट उचित मूल्य पाउन सकेका छैनन्। उत्पादन बढी भएका कृषि वस्तुहरुको प्रशोधनको लागि प्रशोधनको उचित व्यवस्थापन हुन नसक्दा उत्पादित वस्तुहरु खेर गैरहेको अवस्था छ ।
- ❖ कृषि उपजको सूचना प्रवाहमा प्रभावकारी नहुँदा बिक्री वितरण प्रणालीको उचित व्यवस्थापन हुन सकेको छैन । यसबाट कुनै ठाउँमा कृषि उपज बढी उत्पादन भई सस्तो मूल्यमा दिनुपर्ने अवस्था छ भने अर्को ठाउँमा उपलब्धताको अभावमा उपभोक्ताले चर्को मूल्य तिर्नुपर्ने अवस्था वा उपलब्ध नै नहुने अवस्था रहेको छ ।
- ❖ कृषकहरुले उत्पादन गरेका कृषि उपजहरुको गुणस्तर जाँचको लागि उच्च स्तरका प्रयोगशालाको अभावमा निर्यातमा समेत असर परेको छ ।
- ❖ युवाहरुको आधुनिक प्रविधि, कृषिका पूर्वाधार, पूँजीमा पहुँच नहुनु ।

**युवाहरुलाई कृषि पेशामा संलग्न गराउन उनीहरुलाई निम्न अनुसारको पहुँच हुनुपर्छ :**

- ❖ युवाहरुलाई कृषि पेशामा आकर्षित गराउन जग्गाको चक्लाबन्दी, भूमि बैंक वा जग्गा करारको कानूनी प्रबन्ध, भूमिको वर्गीकरण आदिको व्यवस्था हुनुपर्ने,
- ❖ कृषिका पूर्वाधार ( सडक, सिंचाइ, विद्युत, बजार, शीत भण्डार, बधशाला आदिमा) पहुँचको व्यवस्था गर्नुपर्ने,
- ❖ गुणस्तरीय उत्पादन सामग्रीहरु जस्तै बीउ, विजन, बेर्ना, मलखाद, दाना, औषधी र विषादी आदिमा पहुँच हुनुपर्ने,
- ❖ आधुनिक कृषि प्रविधि, कृषि शिक्षा, कृषि प्रसार, निजि सेवा प्रदायक र बैंकिङ्ग सूचना सामाग्रीमा पहुँच बढाउनु पर्ने,
- ❖ उत्पादित वस्तुले उत्पादन लागत ,गुणस्तर, कृषक र उपभोक्ताको धारणा आदिको आधारमा बजार र उचित मूल्यको व्यवस्थामा युवाहरुको पहुँच हुनुपर्ने,
- ❖ पूँजीमा (निजी, सरकारी अनुदान, सहुलियत कृषि कर्जा) पहुँचको व्यवस्था हुनुपर्ने,
- ❖ सूचना (टेलीफोन, मोवाइल,इण्टरनेट, पत्रपत्रिका) पहुँचको व्यवस्था गरिनु पर्ने ।

**युवाहरुलाई कृषि पेशामा संलग्न गराउन निम्न अनुसारको व्यवस्था गरिनु पर्छ :**

- ❖ युवाहरुलाई कृषि व्यवसायमा आकर्षित गर्न विद्यालय तहमा नै कृषि शिक्षा अनिवार्य विषयका रुपमा समावेश गरी पाठ्यक्रममा राखिनु पर्ने,
- ❖ युवाहरुलाई कृषि व्यवसाय सम्बन्धी अभिमुखीकरण साथै शुरुमा लगानी गर्नको लागि बीउ पूँजी उपलब्ध गराउनको लागि कृषि कार्यक्रम राखिनु पर्ने,
- ❖ कृषिमा यान्त्रिकीकरण, ICT (Information and communication technology) को प्रयोग,औद्योगिकीकरणको व्यवस्था गरी कृषि व्यावसायिकीकरणको वातावरण बनाउन आवश्यक व्यवस्था गरिनु पर्ने,
- ❖ युवाहरुलाई कृषि पेशामा संलग्न गराउन कृषि व्यवसायलाई प्रवर्द्धन गर्ने नीति, योजना, कार्यक्रम तर्जुमा गर्दा उनीहरुलाई सहभागी गराउनु पर्ने ।

**हालसम्म विभिन्न क्षेत्रबाट महिला कृषकहरुको लागि संचालनमा आएका कृषि कार्यक्रमहरु:-**

- ❖ कृषि उत्पादन सामाग्रीहरुमा (बीउ, मल, औजार आदि ) अनुदान,
- ❖ जानकारी एवं तालिम कार्यक्रम (कृषक भ्रमण, सीपमूलक तालिम),
- ❖ पूर्वाधार निर्माण(सिंचाई, भण्डारण,बजार आदि),
- ❖ महिलाको कार्यबोझ घटाउन मेसिनरी औजार (कोदो चुट्ने मेशिन, मकै छोडाउने मेसिन, ट्र्याक्टर आदि)मा अनुदान सहयोग।
- ❖ कृषि उपजको बजारीकरणको लागि ढुवानी साधन,
- ❖ बैंकिङ्ग सुविधा (ब्याजमा ऋण, ऋणको ब्याजमा अनुदान),
- ❖ क्षतिपूर्ति मात्र (गैर कानून अभ्यासका पीडितहरुलाई),
- ❖ राहत वितरण (प्राकृतिक क्षति, वन्यजन्तुबाट क्षति, बाली असफलता ),
- ❖ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट संचालित विभिन्न अनुदानबाट आर्थिक वर्ष २०७७/२०७८ मा एक लाख अठ्ठाइस हजार छ सय एघार महिला कृषकहरु लाभान्वित भएका थिए,
- ❖ मौरी पालन तालिम, रेशम खेती तालिममा सहभागिता,
- ❖ रानीजमरा कुलरिया सिंचाइ आयोजनामा मागमा अधारित सिमान्तकृत र भूमिहिन र गरीव महिलालाई च्याउ उत्पादन र तरकारी खेती गरी १३ हे. जमिनमा विस्तार भएको,
- ❖ कृषक पाठशालाहरु महिला समूहमा संचालन गरिएको,

- राष्ट्रिय दुग्ध विकास बोर्डले प्राविधिकहरुको क्षमता विकासको लागि चिलिङभ्याट, मिल्क एनालाइजर, दुग्ध पदार्थ उत्पादन विधिकरण, कम लगायतमा दुध उत्पादन, चिज उत्पादन क्षेत्रमा संचालित तालिम आदिमा महिला सहभागिता गराएको पाइएको छ।

**तालिम केन्द्रहरुबाट आ.व २०७६/७७ मा संचालित तालिम कार्यक्रम :**

- बागमती प्रदेशको समग्र तालिमहरुमा पुरुष सहभागित ६६ % र महिला सहभागिता ३४ % रहेको,
- मागमा आधारित च्याउ उत्पादन तालिममा महिला १५ र पुरुष ५ सहभागी रहेको,
- मागमा आधारित तरकारी खेती तालिममा महिला१३- र पुरुष ८ सहभागी रहेको,
- लुम्बिनी प्रदेशको समग्र तालिममा महिला ३१ % सहभागी रहेको,
- सूदुर पश्चिम प्रदेशमा आ.व.०७९/२०७८ मा प्रदेशस्तरमा रहेका बिभिन्न कृषि कार्यक्रम संचालन गर्ने कार्यलयहरुबाट संचालित कार्यक्रमहरुमा महिला सहभागिता ५६.३४ % रहेको पुरुषमा ४३.६६ % रहेको,
- जंगली खानेकुरा र गिठो, निउरो, ऐसेलु र काफल आदि संकलन तथा बिक्रिमा पुरुषको तुलनामा महिला सहभागिता बढी रहेको पाइयो ।
- राष्ट्रिय नीति कार्यक्रम तथा प्रावधानहरुमा महिला सहभागी बढाउन संवैधानिक प्रावधान रहेको र यसको कार्यन्वयनको लागि संवैधानिक मान्यता प्राप्त राष्ट्रिय महिला आयोगको समेत व्यवस्था भएको छ।
- महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयबाट लैङ्गिक समानता तथा महिला सशक्तिकरण राष्ट्रिय कार्ययोजना २०६१ कार्यान्वयन भैरहेको छ । जस अनुसार विभिन्न आर्थिक सामाजिक क्षेत्रमा विद्यमान लैङ्गिक विभेद कम गर्ने र अति गरीव महिलाका लागि रोजगारी तथा आयआर्जनका अवसरहरु बढाउने रहेको छ।
- त्यस्तै गरी उद्यमशीलता विकास, वित्तीय पँहुच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम संचालन कार्यविधि, २०७७ ले स्थानीय कच्चा पदार्थमा आधारित लघु घरेलु तथा साना उद्योग ब्यवसाय गरेका वा गर्ने चाहने मौसमी तथा बेमौसमी तरकारी तथा फलफूल-खेती, कुखुरापालन, पशुपालन, होटल व्यवसाय, मौरीपालन, माछापालन, होमस्टे तथा परम्परागत सीप र प्राविधिमा

आधारित महिला वा महिला समूहबाट संञ्चालित उद्योगलाई सहयोग गर्दै आएको छ।

**कृषि विकासका लागि महिलाको पँहुच बढाउन निम्न उपायहरु अवलम्बन गर्नुपर्छ :**

- ❖ महिलाबाट कृषि क्षेत्रमा पुर्याएको योगदानलाई सम्मान गर्दे कृषि सम्बन्धी तालिम, बजार व्यवस्थापन र कृषिजन्य आयमुलक क्रियाकलापमा महिला सहभागिता बढाउनु पर्ने,
- ❖ महिला सशक्तिकरणका लागि महिलालाई शिक्षा, सचेतना, तालिम, अधिकार र अवसर उपलब्ध गराउनुपर्ने,
- ❖ महिलाको कृषि कार्यक्रममा सहभागी बढाउन संघ, प्रदेश र स्थानीय तहसम्म लैङ्गिक उत्तरदायी बजेट तर्जुमा गरी कार्यान्वयन गरी सोको प्रगतिको नियमित अनुगमन मूल्याङ्कन गर्ने,
- ❖ महिलालाई कृषि उत्पादन सम्बन्धी, श्रोत साधन माथिको पँहुच र निर्णय, आम्दानीको उपयोगमा पहुँच,नेतृत्वदायी भूमिका र कार्यबोझ घटाउनको लागि उपयुक्त कृषि कार्यक्रमहरु संघ, प्रदेश र स्थानीय तहबाट तर्जुमा गरी कार्यान्वयन गर्ने,
- ❖ सरकारी तथा गैरसरकारी संघ, संस्थाहरुद्धारा महिलालाई आय आर्जनमा सहभागी गराउन महिला मैत्री योजना तर्जुमा गरी प्रभावकारी कार्यन्वयन गर्ने,
- ❖ स्थानीय, प्रदेश र संघीय सरकार गैरसरकारी संघ/संस्था र समुदायसँग सहकार्य गरी आय आर्जन पोषण तथा क्षमता अभिबृद्धि गर्ने कार्यक्रमहरु तर्जुमा गरी महिला सहभागिता बढाउने,
- ❖ कृषिलाई जिविकोपार्जनमा मात्र सिमित नराखी ब्यवसायमुखी, प्रविधिमा आधारित कृषि ब्यवसाय सम्बन्धी कार्यक्रमहरु सरकारी स्तरबाट तर्जुमा गर्ने,
- ❖ जमिन, बजार, जल, मल बीउ, प्रविधि सूचनामा पँहुच बढाउने उत्पादन बृद्धि गर्ने उपयुक्त नीति निर्माण तथा कार्यक्रम कार्यान्वयन गरिनु पर्ने।

**कृषि विकासका लागि भूमिहीन किसानको पहुँच बढाउन निम्न उपायहरु अवलम्बन गर्नुपर्छ :**

१. वास्तविक भूमिहीन किसानहरुको पहिचान गर्ने, अभिलेखीकरण गर्ने, वास्तविक भूमिहीन किसानहरुको वर्गीकरण गर्ने र वर्गीकृत भूमिहीन किसानलाई परिचयपत्र वितरण गर्ने ।

२. भूमिहीन किसान समूहका बीचमा समूहगत सञ्जाल विकास गर्ने, भूमिहीन किसानलाई समूहगत रुपमा योजना तर्जुमा गर्न अभिप्रेरित गर्ने,

३. भूमिहीन किसान समूहको क्षमता विकासका लागि व्यावसायिक तालिम, गोष्ठि, अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गर्ने,

४. भूमिहीन किसानलाई उपलब्ध गराउन सक्ने जमिनको पहिचान (सार्वजनिक, नदी उकास, वन क्षेत्र र निजी) गर्ने र जीविकोपार्जनको निश्चित शर्त र जमिनको उपयोग सम्बन्धी कार्यविधि तयार गरी भूमिहीन किसानलाई उत्पादन योग्य जमिन उपलब्ध गराउने,

५. भूमिहीन किसानहरुलाई विभिन्न किसिमका सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्ने,लघु तथा घरेलु सीप र व्यवसायमा भूमिहीन किसानलाई जोड्ने,

६. भूमिहीन किसानलाई आधारभूत जमीन उपलब्ध गराई कृषि उत्पादन कार्यक्रम (अन्नबाली, नगदेबाली, मसला बाली, फलफूल उत्पादन तथा वनमा आधारित जडिबुटी, मौसमी तथा वेमौसमी तरकारी आदि) सञ्चालन गर्ने,

७. उत्पादनका लागि आवश्यक जमीन उपलब्ध हुन नसकेको अवस्थामा सघन खेती वा अर्ध नियन्त्रित वातावरणमा उत्पादन गर्न सकिने बालीहरु च्याउ खेती, माहुरी पालन, रेशम कीरा पालन जस्ता कार्यक्रमको प्रवर्द्धन गर्ने ।

## ४.६ राष्ट्रिय किसान आयोगबाट गरिएका अध्ययनहरूको सारांश

राष्ट्रिय किसान आयोगबाट किसानको हक हितको संरक्षण र सम्वर्द्धनका लागि कृषि क्षेत्रका विभिन्न विषयहरूमा अध्ययन गर्ने लक्ष्य रहेकोमा यस आयोगले आ व २०७९/८० मा तपसिल बमोजिमका विषयहरूमा अध्ययन गरियो। सारांशमा उक्त अध्ययनहरूको प्रतिवेदन निम्न बमोजिम रहेको छः-

## १. कृषि सहकारी संचालनमा देखिएका समास्याहरु पहिचान गरी समाधानका उपायहरुबारे अध्ययन गर्ने

कृषि उत्पादनमा प्रत्यक्ष सरोकारवाला किसानलाई उत्पादनका श्रोत, साधन तथा प्रविधिबाट सुसम्पन्न बनाउन नेपाल सरकारबाट बिभिन्न कार्यालयको स्थापना गरी कार्यक्रम संञ्चलन भइरहेका छन्। किसानका समस्याहरू समाधानका लागि सरोकारवाला निकायहरूसँग समेत छलफल गरी नेपाल सरकारलाई सहयोग गर्न राष्ट्रिय किसान आयोगले कृषि सहकारी संस्थाहरुले भोग्नु पर्ने समस्याहरुको पहिचान गरी विश्लेषण गर्न तीन तहको सरकारले

सहकारी व्यवस्थापनका लागि गरेका नीतिगत र कार्यगत प्रयासहरुको बारेमा पुनरावलोकन गरी विद्यमान अवस्थाको विश्लेषण, कृषि सहकारीहरुको नीतिगत, कानूनी, प्रशासनिक, प्राविधिक र वित्तीय अवस्थाहरुको पहिचान गरी सुधारका लागि आवश्यक सुझाव र संचालन भएका कार्यक्रमहरु र कार्यक्रम संचालनमा भोगेका समस्याहरुको विश्लेषण गर्दै समाधानका उपायहरुको बारेमा नेपाल सरकारलाई सल्लाह सुझाव दिने उद्देश्यका साथ वार्षिक कार्यक्रममा समावेश भए बमोजिम यस अध्ययन कार्य सम्पन्न भयो।

यस प्रतिवेदन तयारीका लागि सहकारीसँग सम्बन्धित ऐन, नियम नियमावली, कार्यविधि, लेख आदि अध्ययन गरिएको छ। कोशी, बागमती र गण्डकी प्रदेशका १० वटा जिल्लाहरु क्रमशः झापा, इलाम, ताप्लेजुङ्ग, दोलखा, चितवन, काभ्रेपलान्चोक, धादिङ्ग, स्याङजा, तनहूँ र बागलुङ जिल्लाहरु छानिएका थिए । फिल्ड भ्रमणमा छानिएका प्रत्येक जिल्लामा कम्तीमा एक वटा स्थानीय निकायहरुमा निर्धारित प्रश्नावलीहरुको माध्यमबाट केन्द्रीकृत सामूहिक छलफल, जिल्ला सहकारी संघ, जिल्ला कृषि सहकारी संस्था र प्रारम्भिक कृषि सहकारी संस्थाहरुसित बसी छलफल गरिएको थियो भने मुख्य सूचनादाता अन्तर्वातामा सहकारीसित सम्बन्धित स्थानीय पालिका, प्रदेशस्तर र संघ केन्द्रीय कार्यालयहरु तथा विभागहरुमा गई सम्पर्क राखी तथ्याँङ्कहरु संकलन गरिएको थियो । तथ्याँङ्क संकलन गर्न राष्ट्रिय सहकारी महासंघ नेपालमा सम्पर्क राखी तोकिएका जिल्लाहरुका जिल्ला सहकारी संघ र जिल्ला कृषि सहकारी संघको सम्पर्क व्यक्तिहरुको नामावली लिई फिल्ड सर्वेक्षण कार्य गरी प्रतिवेदन तयार गरिएको छ ।

## निष्कर्ष

सहकारी क्षेत्रका विभिन्न आयामहरु र पक्षहरु जस्तैः सहकारी संघसंस्थाको संख्या, सदस्य संख्या, कुल शेयर पूँजी, कूल बचत रकम, कूल ऋण लगानी, प्रत्यक्ष रोजगारी आदिमा बागमती प्रदेश अग्रपंक्तिमा देखिएको छ भने उपरोक्त पक्षहरुमा कर्णाली प्रदेश निकै पछाडी रहेको पाइएको छ । समग्रमा हेर्दा, सहकारीहरु (कृषि सहकारीसहित) शहरीकरण र बढी जनसंख्या भएको ठाउँमा बढी केन्द्रित भई क्रियाशील रहेको तर दुर्गम तथा न्यून जनसंख्या भएका क्षेत्रमा सहकारी क्षेत्रको उपस्थिति र गतिविधि निकै न्यून रहेको पाइएको छ । देशका सबै जिल्लाहरूमा सहकारीहरू छन्, तर तिनीहरू असमान रूपमा वितरित छन् । काठमाडौं उपत्यका र अन्य शहरी वा अर्ध—शहरी क्षेत्रहरूमा उच्च एकाग्रता (जहाँबचत तथा ऋण सहकारी संस्थाहरू धेरै केन्द्रित छन् र दुर्गम र पहाडी जिल्लाहरूमा धेरै कम उपस्थिति छ) करिब ३५% सहकारीहरु बागमती प्रदेश तथा सबभन्दा कम सुदूरपश्चिमा प्रदेशमा सिर्फ ६% सहकारीको उपस्थिति छ ।आउँदा दिनहरुमा सहकारी अभियानलाई केबल सुगम ठाउँ र शहरहरुमा मात्र केन्द्रित नगरी दुर्गम क्षेत्र र गाउँहरुमा समेत सक्रीय

बनाउन र उत्पादनशील क्षेत्रमा काम गर्न प्रोत्साहन गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ ।

विश्वभरी सहकारीको सिद्धान्तबाट खोलेका उदाहरणहरु हेर्दा सहकारीहरु कुनैपनि आर्थिक वा सामाजिक क्षेत्रका लागि उपयुक्त हुन्छ जस्तैः शिक्षा, स्वास्थ्य, अनुसन्धान वा संस्कृति जस्ता सामाजिक क्षेत्रहरूदेखि लिएर कृषि, ऊर्जा वा निर्माणजस्ता प्रख्यात मामिलाहरू लगायत आर्थिक गतिविधिहरूसम्म, पर्यटन, यातायात, उद्योग, हस्तकला, वातावरणीय सेवा, सडक निर्माण, सिँचाइ आदि। यी प्रत्येक क्षेत्रमा सदस्यताका आधारमा विभिन्न प्रकारका सहकारीहरू गठन भएको पाइन्छ (उदाहरणका लागि शिक्षामा शिक्षकहरूको सहकारी, अभिभावकको सहकारी, र बिद्यार्थीहरुको सहकारी) वा गतिविधिको आधारमा गठन भएका सहकारीहरु (उदाहरणका लागि ऊर्जा उत्पादन गर्ने सहकारीहरू, र ऊर्जा उपभोक्ताहरूको सहकारीहरू)। कृषि क्षेत्रको सन्दर्भमा, त्यहाँ सेवा र गतिविधिहरू तथा मूल्य श्रृंखलाको एक विशाल दायरा छ जहाँ कृषि सहकारी गठन गर्न सकिन्छ । कृषिको मूल्य श्रृंखलामा उत्पादनदेखि बजारीकरण हुँदै उपभोक्तासम्म अटाउने कुनै पनि पात्रहरुको सहकारी हुन सक्तछ । नेपालमा सामान्यतया कुनै पनि कृषि उत्पादनमा लागेका कृषकहरुको समूहले कृषि सहकारी स्थापना गरेको पाइन्छ ।

कानूनी तथा नीतिगत रुपमा हेर्दा नेपालमा कृषि सहकारी स्थापना गर्न गाह्रो छैन । वास्तवमा धेरैजसो नेपाली सहकारीहरु सीमित विषयहरूमा केन्द्रित छन् जस्तै बचत तथा ऋण (क्रेडिट युनियन) सहकारी र कृषि सम्बन्धी गतिविधिहरूमा, विशेष गरी उत्पादनमा र थोरै हदसम्म, बजार र व्यापारमा केन्द्रित सहकारीहरु छन् ।

हाल संचालन भइरहेका कतिपय कृषि सहकारी संस्थाहरु रसायनिक मल वितरण गर्ने मुख्य प्रयोजनले स्थापना भएको देखिएको छ । थोरै बचत संकलनले शेयर सदस्यहरुको कृषिको विभिन्न कार्यक्रमहरु संचालन गर्न मुख्यरुपमा पूँजिको अभाव, कर्मचारीलाई तलब दिन समेत अधिकांश कृषि सहकारीहरुलाई समस्या रहेको छ । जिल्ला स्थित जिल्ला कृषि सहकारी सस्थाहरुको सदस्यता तथा आवद्दता नभएको कारणले गर्दा छाता संगठनको रुपमा जिल्ला कृषि सहकारी संघ धेरै जिल्लाहरुमा निष्कृय अवस्थामा रहेको छ । कृषि सहकारी संस्थाहरुको संचालन तथा व्यवस्थापनमा देखिएका समस्याहरुको पैरवि तथा वकालत गर्न जिल्ला कृषि सहकारी संस्थाहरुलाई सकृय वनाउन संस्थाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभवृद्धि कार्यक्रम, शिक्षा, तालिम र सूचनाको माध्यमबाट सहकारीको सैद्दान्तिक र कानुनी प्रकृयाबारे व्यापक प्रचार प्रसार गरी सहकारीको महत्व सबै शेयर सदस्यहरुलाई जानकारी गराउनु पर्दछ ।

हाल कृषि सहकारी संस्थाहरुको मुख्य उद्देश्य उत्पादनमुखी कार्यक्रममा नै सिमित हुनु

पर्नेमा अन्य काम (ऋण बचत संकलन) गर्नाले सदस्यहरुको लगानी जोखिममा पर्न गएको हालको सहकारी संस्थाहरुमा देखिएको समस्याले उजागर गरेको छ । तसर्थ सहकारी सस्थाहरुको नियमित अनुगमन सम्वन्धी निकाय, स्थानीय पालिका, प्रदेश तथा संघहरुले गर्नु पर्दछ ।

औलामा गन्न सक्ने सफल कृषि सहकारी संस्थाहरुले उत्पादन तथा बजारीकरण गर्दा धेरै ऐन कानूनहरुले काम गर्न अवरोध पुर्याएकोले त्यस्ता ऐन कानूनहरुलाई संशोधित गरी काम गर्ने वातावरण उपलब्ध गराउनु पर्दछ ।कृषि सहकारी संस्थाहरुलाई उत्पादनमुखी क्षमता अभिवृद्धि कार्यक्रम, लेखा व्यवस्थापन सम्वन्धी तालिम समय समयमा निशुल्क रुपमा राष्ट्रिय सहकारी महासंघ तथा जिल्ला सहकारी संघले प्रदान गर्नु पर्नेमा शुल्क लिई तालिम संचालन गर्नाले अधिकांश कृषि सहकारी संस्थाहरुले रकमको अभावमा तालिमहरुमा सहभागि हुन सकेको छैन ।

**सहकारी ऐन, २०७४ मा भएको व्यवस्था अनुसार सवै सहकारी संघ संस्थाहरुको वार्षिक साधारण सभाहरु तोकिएकै समयमा गरी सक्नुपर्ने कानूनी व्यवस्था रहेको र जिल्ला कृषि सहकारी संस्थाहरुमा हाल देखिएका चुनौतीहरु तपसिल अनुसार रहेको छ ।**

क) अधिकांश सहकारी क्षेत्र पूर्ण व्यावसायिक वन्न नसकेका र सहकारी संस्थाहरुको व्यवस्थापन कमजोर रहको र प्रविधिमैत्री समेत वनाउन नसक्नु,

ख) सहकारी संस्थाका सदस्यहरुका सहकारी शिक्षाको कमी रहेको छ भने संकलित पूँजी समेत उत्पादनशील क्षेत्रमा परिचालित हुन नसक्नु,

ग) सहकारी संस्कृति, मूल्य मान्यता र सिद्धान्तको प्रयोगमा एकरुपता नहुनु,

घ) न्युनपूँजीका कारण कृषि सहकारी संघ आफैले व्यवसायिक कारोवारलाई अगाडी वढाउन नसक्नु,

ड.) स्वपूँजी निर्माण गर्न आवश्यक प्रयासहरु नहुनु र सदस्य संघ संस्थाहरुवाट समेत नियमित कारोवार नहुनु,

च) कृषि सहकारी संघको आफनै छुटटै व्यवस्थित कार्यालय र पूर्णकालिन कर्मचारी नभएको कारण समयानुकुल प्रविधिहरुको उपयोग र सदस्यहरुसंगको नियमित सम्पर्क समन्वय गर्न नसक्नु,

छ) सहकारीको नेतृत्वमा दक्ष सहकारीकर्मीहरुको कमजोर उपस्थिति,

ज) आर्थिक संकुचनले गर्दा सदस्य संस्थाहरुमा तरलता अभाव भई संस्थाले आफना सदस्यहरुलाई व्यवसायिक ऋण लगानी गर्न नसक्नु,

ञ) ऋण असुलीमा कमी आई भाका नाघेको ऋणमा वृद्धि हुनु, साख सूचनाको प्रणालीलाई व्यवस्थित गर्न नसक्नु,

ठ) संस्थाहरुमा शेयर पूँजी रकम कम हुनु, सहकारीहरु बीच आपसी एकता र सहकार्यको कमी,

ड) सरकारी वजेट सहकारी क्षेत्रमा कम मात्र विनियोजन हुनु, सहकारीलाई लाग्ने स्थानीय तथा संघीय कर छुटलाई व्यवस्थित नगरिनु,

ढ) सहकरी एकीकरण गर्नुको सट्टा नयाँ संस्थाहरु दर्ता हुने र दोहोरो सदस्यता कायमै रहनु,

ण) सहकारी संस्थाहरुमा प्रविधिमैत्री दक्ष जनशक्ति नहुनु।

**माथि उल्लेखित कृषि सहकारीहरुको कमजोरी वा चुनौतीलाई मध्यनजर गर्दै यस अध्ययनबाट तपसिल वमोजिका सुझावहरु प्रस्तुत गरिएका छन्:**

**समष्टिगत रुपमा अध्ययनवाट प्राप्त सुझावहरु निम्नानुसार रहेका छन्:-**

❖ उत्पादनमूलक सहकारीलाई बढवा दिनुपर्ने,

❖ कृषि सहकारी गठन प्रक्रिया सहज र सरल हुनुपर्ने,

❖ कृषि सहकारीका सदस्यहरुलाई समय समयमा विभिन्न विषयगत तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनु पर्ने,

❖ भौगोलिक क्षेत्र अनुसार समान उद्देश्य लिई दर्ता भएका कृषि सहकारीहरु एकीकरण गर्न प्रोत्साहन गरिनु पर्ने,

❖ कृषि सहकारीलाई कृषि कार्यक्रममा समावेश गर्दा एकद्धार प्रणाली अपनाईनुपर्ने,

❖ सहकारी ऐन, २०७४ को दफा ३२ को उपदफा (१) मा कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी संस्थाको सदस्य हुन नपाउने र ऐन प्रारम्भ हुनुअघि त्यसरी एकभन्दा बढी संस्थाको सदस्य रहेको भए तीन वर्षभित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नुपर्ने व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनुपर्ने,

❖ कृषि सहकारीलाई केवल सुगम ठाउँ र शहरहरुमा मात्र केन्द्रित नगरी दुर्गम र पिछडिएको क्षेत्रमा सक्रीय बनाउन र उत्पादनशील क्षेत्रमा काम गर्न प्रोत्साहन गर्नुपर्ने,

❖ उत्पादनमूलक कृषि सहकारीहरूलाई व्यावसायिक योजनाको आधारमा

कार्यक्रम उपलब्ध गराईनुपर्ने र सो अनुसार प्रतिफल प्राप्त गरे नगरेको अनुगमन गरिनु पर्ने,

- ❖ कृषि सहकारीलाई कृषि उपज वस्तुहरुको उत्पादन एवं बजारीकरणमा संलग्न गराईनुपर्ने,
- ❖ सहकारी ऐनसँग बाँझिएका ऐनहरु यथाशक्य चाँडै संशोधन गरिनु पर्ने,
- ❖ कृषि सहकारी संस्थाहरुबाट निर्माण गरिएका शीत भण्डारहरुमा बिद्युत शुल्कमा अनुदानको व्यवस्था गरिनु पर्ने,
- ❖ सहकारी व्यवस्थापन सूचना प्रणालीको प्रयोगवाट अनुगमन तथा मूल्याकन कार्यलाई प्रभावकारी वनाउन कृषि सहकारीहरु उक्त सूचना प्रणालीमा आवद्ध गराईनुपर्ने,
- ❖ कृषि तथा ग्रामीण सहकारी संस्थाहरुको उत्पादनलाई वजारीकरण गर्नका लागि सघाउ पुर्याउन विभिन्न स्तरका वजार तथा वजार सूचना केन्द्रको विकास गरिनुपर्ने,
- ❖ सहकारीमा आवद्ध कृषकहरुलाई सहुलियत कर्जाका लागि कृषि सहकारी संस्थाहरुको स्वामित्व रहेको साना किसान, युवा स्वरोजगार, सहकारी बैंकहरु मार्फत पूँजी परिचालनमा सहयोग गरिनुपर्ने,
- ❖ कृषि ज्ञान केन्द्रबाट कार्यक्रम संचालन गर्दा कृषि सहकारीलाई प्राथमिकतामा राखिनुपर्ने,
- ❖ सातैवटा प्रदेशमा सहकारी संघ संस्थाका कृषकहरुले उत्पादन गरेको कृषि उपज बजारीकरणका लागि कृषि ज्ञान केन्द्रको समन्वयमा प्रादेशिक सहकारी बजार खोलिनुपर्ने,
- ❖ बाँझो रहेको जग्गामा सामूहिक खेती गर्न कृषि सहकारीलाई प्रोत्साहन गरिनुपर्ने,
- ❖ बजेट तर्जुमाको प्रकृयामा कृषि सहकारीलाई समेत समवेश गरिनुपर्ने,
- ❖ कृषि तथा पशुपालन सम्बन्धी अनुदान उपलब्ध गराउँदा कृषि सहकारीका सदस्यहरुलाई सहकारी मार्फत दिने व्यवस्था मिलाइनुपर्ने,
- ❖ कृषि सहकारीले आफ्ना सदस्यहरुबाट नियमित बचत संकलन गरी त्यसरी संकलन भएको रकम आफना सदस्यहरुका लागि कृषि उत्पादनमा लगानी गर्न प्रेरित गरिनुपर्ने र समान प्रकृतिका कृषि सहकारीहरुको एकीकरण गर्दै सामूहिक खेती र बजारीकरणमा प्रोत्साहन गरिनुपर्ने ।

## २. कृषि क्षेत्रमा क्रियाशिल बहुराष्ट्रियि कम्पनीका काम कारोबार अध्ययन अनुगमन गरी आबश्यक नियमन गर्न नेपाल सरकारलाई सुझाव दिने बिषयमा अध्ययन

### सारांश

राष्ट्रिय किसान आयोगबाट नेपालमा कृषि क्षेत्रमा क्रियाशिल के कस्ता बहुराष्ट्रिय कम्पनीहरु छन् ? कृषि क्षेत्रमा के कस्ता काम र कारोबार गरीरहेका छन् ? भन्ने बारे अध्ययन र अनुगमन गरी ती निकायका काम र कारोवारलाई नियमन गर्न नेपाल सरकारलाई सुझाव दिन यो अध्ययन गरिएको हो । कृषि विकास एक बृहत क्षेत्र भएको र वर्तमान अवस्थामा बीउ बिजनमा किसानको पहुँच कमजोर अवस्था रहेको तर यसबाट कृषि क्षेत्र बिशेषतः पोषण तथा खाद्य सुरक्षा, गरिबी न्यूनीकरण, आय र रोजगारी बृद्धिमा ठूलो योगदान दिन सक्ने तथ्यलाई मनन् गरी प्रस्तुत अध्ययन मूलतः बीउबिजन क्षेत्रमा नै केन्द्रित गरिएको छ ।

अध्ययनको क्रममा नेपालका ७ वटा प्रदेश मध्ये ४ वटा प्रदेश (बाग्मती, मधेस, कर्णाली र सूदुरपश्चिम) का ९ वटा जिल्ला र संघको प्रतिनिधिको रुपमा काठमाडौबाट १ वटा गरी जम्मा ११ जिल्लाका ११ वटा स्थानीय तहबाट तथ्याङ्क एवं सूचना संकलन गरिएको थियो।

अध्ययनको लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क (primary Information) र दोस्रो तहको सूचना तथा तथ्यांक (Secondary Information) विभिन्न तरिका उपयोग गरी संकलन गरिएको थियो । प्राथमिक तहका सूचना तथ्यांङ्क संकलनका लागि प्रत्यक्ष अन्तर्वार्ता, फोकस ग्रुप छलफल र कि इन्फर्मेण्ट अन्तरवार्ता (Key Informant Interview) जस्ता तरिकाहरु उपयोग गरिएका थिए भने दोस्रो तहको सूचना तथ्यांङक संकलनका लागि सान्दर्भिक नीति, ऐन, नियमावली र दस्तावेजहरुको समिक्षा र बिश्लेषण गरिएको थियो । यस प्रकार ५५ वटा प्रत्यक्ष अन्तर्वार्ता, ५ वटा फोकस ग्रुप छलफल र ४ वटा कि इन्फर्मेण्ट अन्तरर्वाता गरी अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

### निष्कर्ष तथा सुझावहरु

नेपालको कृषि क्षेत्रमा बीउ उत्पादकहरुले महत्वपूर्ण भूमिका निभाउँछन् तर उनीहरूले धेरै चुनौतीहरूको सामना गर्दै आएका छन्। यसका लागि कृषि ऋणको पहुँच, पूर्वाधार विकास, अनुसन्धान र विकास, उच्च स्तरको बीउ उत्पादन सुनिश्चित गर्ने व्यवस्थाको आवश्यकता देखिन्छ। नेपालमा बीउ उत्पादनकर्ताहरूको दृष्टिकोणबाट विविधता देखिन्छ जसमा बीउ विजन कम्पनी, एग्रोभेट, बीउ उत्पादन समूह सहकारी, अगुवा किसानहरू, कृषि सामग्री कम्पनी र सरकारी निकायहरू समावेश छन्। यिनीहरुको योगदानले बीउ उत्पादनमा

सुधार गर्ने, किसानलाई उच्च गुणस्तरका बीउ विजन प्रदान गर्ने, रोजगारी बृद्धिमा सहयोग गर्ने, खाद्य सुरक्षामा सहयोग गर्ने र पर्यावरण सुधारमा ध्यान दिने जस्ता भूमिका निभाउँछन्।

## सुझाव

१. बीउ उत्पादन गर्ने बाली र बालीको जात, बीउको मागको परिमाण र खरिद बिक्रि प्रकृयालाई सुनिश्चित गर्न पालिकास्तरमा नै बीउ उत्पादन माग र बितरण प्रणाली संयन्त्रको विकास गर्ने,

२. बीउ उत्पादन तथा वितरण कार्य वास्तविक आवश्यकतामा आधारित, छिटो, छरितो र व्यवहारिक होस् भन्ने उद्देश्य प्रत्येक प्रदेशमा नै बीउ उत्पादन गर्न मलिलो माटो, बाह्रै महिना पानी लाग्ने, भरसक सडक, बिजुली र प्राविधिक सेवा टेवा नजिक रहेको उपयुक्त बिशेष पकेट क्षेत्र निर्धारण गरी बीउ उत्पादन तथा बीउ आत्मनिर्भर कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

३. श्रोत बीउको सुनिश्चितताको लागि सम्बन्धित कृषि अनुसन्धान केन्द्रको सहयोग र समन्वयमा प्रदेशस्तरमा नै प्रजननमूल बीउ उत्पादन गर्ने कार्यक्रम कार्यान्वयन गर्ने,

४. श्रोत प्रजननमूल बीउ उत्पादन तथा बिक्रि वितरण कार्यमा भरसक इच्छुक, ख्याती प्राप्त र अनुभवी स्थानीयस्तरमा कार्यरत कम्पनीका बीउ आयातकर्ताहरुलाई नै संलग्न गराउने व्यवस्था मिलाउने,

५. सबैभन्दा पहिले प्रदेशस्तरका बीउ उत्पादन कार्यक्रमका लागि रासायनिक मल छुट्याई उपलव्ध गराउने नीतिगत तथा कार्यगत व्यवस्था मिलाउने,

६. प्रदेशस्तरका बीउ उत्पादन कार्यक्रमका लागि नियमित सघन तालिम, वीउ तथा माटो परीक्षण, वाली संरक्षण र कृषि प्रसार सेवा तथा बीउ परीक्षण र प्रमाणीकरण गर्ने व्यवस्था मिलाउने,

७. बीउ उत्पादनका लागि शतप्रतिशत प्रिमियम र शतप्रतिशत उत्पादन क्षतिपूर्तिको व्यवस्था गर्न बीउ बिमा नीति परिमार्जन गर्ने,

८. बीउ जस्तो सम्बेदनशील कृषि सामग्रीमा जथाभावी अनुदान कार्यक्रम कार्यान्वयन गर्नु हुदैन । पालिकापिच्छे फरक फरक अनुदान र बोलकबोल अर्थात टेण्डर प्रकृयाबाट खरिद गर्ने प्रथाले गर्दा बीउ उत्पादन कार्यमा नकारात्मक प्रभाव परेको मात्र होइन कमसल बीउको खरिद र बिक्रि बितरण हुने गरेको देखिएको छ । तसर्थ, बीउ अनुदान कार्यक्रम र बीउ खरिद तथा बितरण कार्यक्रमलाई पारदर्शी, विवेकपूर्ण र एकरुप बनाउन प्रदेशस्तरबाटै पहल गर्ने,

९. बीउ उत्पादन थलो नजिकै बीउ प्रशोधन, बिक्रि वितरण र भण्डारण केन्द्र स्थापना गर्ने, आवश्यक मेसिनरी, औजार, प्याकेजिङ्ग गर्ने झोला, बिषादी जस्ता सामग्रीमा अनुदान र प्राविधिक सेवा टेवाको व्यवस्था गर्ने,

१०. स्वदेशी उत्पादनलाई प्रोत्साहन गर्न स्वदेशमा उत्पादन भएका बीउलाई मात्र अनुदान दिने नीतिगत व्यवस्था गर्ने,

११. बर्णशंकर र उच्च उत्पादकत्व दिने बाली तथा जातका बीउको बढ्दो मागलाई मध्यनजर गर्दै यस्ता बाली र जातको अनुसन्धान र विकासमा उल्लेखनीय रुपमा बजेट बृद्धि गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था गर्ने,

१२. विश्वव्यापी जलवायु परिवर्तनको सन्दर्भमा एकदमै महत्वपूर्ण र उपयोगी तर शिघ्र लोप हुदै गएका रैथाने बाली र जातको पहिचान र विवरण तयारी, दर्ता पञ्जिकरण, संरक्षण, सम्बर्धन र उपयोग कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने,

१३. उत्पादित बीउको विक्रि वितरण सुनिश्चित गर्न प्रदेश अन्तर्गतका पालिकाहरुको निकट सहयोग र समन्वयमा बीउ उत्पादन र विक्रि वितरण कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउने,

१४. उत्पादकत्व बृद्धिका कारणबाट बीउ बचत हुन आएमा उक्त बीउ अन्य प्रदेशमा बिक्रि बितरण गर्ने वा अर्को बर्षका लागि सुरक्षित भण्डारण गर्ने संयन्त्रको विकास गर्ने,

१५. बाली र जातको भौगोलिक क्षेत्र अनुसारको उपयुक्तता बारे रेडियो, टेलिभिजन, एफएम, भेला आदिका माध्यमबाट जागरण र प्रचार प्रसारका कार्यक्रमहरु संचालन गर्ने,

१६. भन्सार विन्दुमा नै दर्ता नभएका वा सूचीकृत नभएका बीउ भित्रिन नदिने व्यवस्था गर्ने, यसको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमनको व्यवस्था गर्ने,

१७. बीउ उत्पादक कृषक समूह वा सहकारी वा व्यवसायीबाट बीउ भण्डारण केन्द्रमा बीउ जम्मा गर्नासाथ मुल्य भुक्तानी गर्ने वा बीउ जम्मा गरेकै आधारमा बित्तीय संस्थाहरुबाट कर्जा प्रवाह गर्ने नीतिगत व्यवस्था गर्ने,

१८. बहुराष्ट्रिय कम्पनीका बीउ आयातकर्ताहरुलाई एलसीको सुबिधा प्रदान गर्ने,

१९. जग्गा बाँझो राख्ने कार्य वा बाध्यतालाई निरुत्साहित गर्न व्यवहारिक तथा आकर्षक कार्यक्रम समेतको जग्गा उपयोग कार्यनीति तर्जुमा गरी कार्यान्वयन गर्ने ।

## ३. कृषि कार्यमा प्रयोग हुने प्राकृतिक श्रोत र साधनमा किसानहरुको पहुँच बढाउने र अधिकार स्थापना गर्ने ठोस कार्य योजना बनाउने बिषयमा अध्ययन

### सारांश

कृषि कार्यमा प्रयोग हुने प्राकृतिक श्रोत साधनमा किसानको पहुँचको जानकारी लिदै पहुँच बृद्धि र अधिकार स्थापनाको लागि उपयुक्त कार्यकमको पहिचान गर्नुका साथै प्राकृतिक श्रोत साधनमा किसानको पहुँचको अवस्था बढाई अधिकार स्थापना गर्न ठोस कार्य योजना बनाउने उद्देश्यका साथ यो अध्ययन गरिएको हो।

अध्ययनको क्रममा किसानले प्रयोग गर्ने प्राकृतिक श्रोतको उपयोग, यिनीहरूको संरक्षण र संवर्द्धनमा गर्नु पर्ने प्रयासहरू, किसानलाई उपलब्ध प्राकृतिक श्रोतहरूको प्रयोगमा भएका समस्याहरू सम्बन्धमा आवश्यक सबै विषयवस्तुको विस्तृत अध्ययन गरिएको छ । अध्ययन गर्नका लागि तोकिएको कार्यक्षेत्रको परिधिभित्र रहि मधेस प्रदेश, बागमती प्रदेश, सूदुर पश्चीम प्रदेश र कर्णाली प्रदेशको सुर्खेत समेत १५ वटा जिल्लाहरू र यिनै जिल्ला अन्तर्गत पर्ने १७ वटा स्थानीय तहमा गई सूचना संकलन गरिएको छ ।प्रत्येक तहबाट ५/५ वटा लिखित प्रश्नावलीका जवाफ सरोकारवाला किसानहरूबाट प्राप्त गरिएको छ । यसरी प्राप्त गरिएको तथ्यगत विषयवस्तुहरूको उपयुक्त किसिमले विश्लेषण गरिएको छ ।सबै किसिमका तथ्याङ्क र विषय विशेषज्ञहरूसँगको राय सुझाव तथा आयोगमा गरिएका छलफलबाट प्राप्त सुझावहरूलाई समेत समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिएको हो।

### अध्ययनबाट प्राप्त सुझावहरू

- कृषि अनुदानलाई उत्पादनको आधारमा दिने व्यवस्था मिलाउनुपर्ने,
- प्रदेश तथा स्थानीय तहले समेत निश्चित मापदण्ड तयार गरी किसानलाई उपलब्ध गराइने मल,बीउ र यान्त्रिकरण लगायतका कार्यक्रमहरूमा कृषि उत्पादनको आधारमा अनुदानको ब्यवस्था गरिनुपर्ने,
- किसानहरुले उत्पादन गरेको कृषि उपजहरूको न्यूनतम समर्थन मूल्य तोकेर खरिद गरी कृषकहरुको लगानीलाई खेर जान नदिने व्यवस्थाको ग्यारेन्टी गरिनु पर्ने,
- माटोको उर्वरा शक्ति वढाउन जैविक तथा प्राङ्गारिक मलको यथेष्ट व्यवस्था गर्ने र रासायनिक मलको प्रयोगलाई अत्यावश्यक भए मात्र प्रयोग गर्ने व्यवस्था मिलाउने,
- किसानहरुलाई प्राङ्गागारिक खेती प्रणाली तर्फ आकर्षण गरी प्रोत्साहनको व्यवस्था गरिनु पर्ने

- कृषिमा उत्पादकत्व बढाई कृषि पेशालाई उद्योगको रुपमा विकास गरिनु पर्ने,
- कृषि कार्यको लागि भूमिमा पहुँच, कृषि पूर्वाधारमा पहुँच, कृषि बजारमा पहुँच तथा कृषि उत्पादनको न्यूनतम मुल्य प्राप्त गर्ने अधिकार सहितको कानूनी व्यवस्था गरिनु पर्ने,
- कृषि प्रणालीमा Shifting cultivation (अस्थाई रूपले जमीन उपलब्ध गराई जंगलको जमीनमा नयाँ वृक्षारोपणले नढाकुन्जेल खेती गराउने) प्रविधिको प्रयोग गरी मुक्त कमैया तथा सुकुम्वासीहरूलाई यस्तो जग्गा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउनुपर्ने,
- प्रांगारिक पदार्थको व्यवस्थापन र स्रोतको परिचालन गरी दिगो भू—व्यवस्थापन प्रणाली स्थापित गरिनु पर्ने,
- धरातलीय स्वरूप अनुसारको भू—संरक्षण प्रविधि सहितको खेती प्रणाली अपनाई जलवायु मैत्री खेती प्रविधि अपनाउने,
- भू—उपयोग नीति तथा वर्गिकृत जमीनबाट उठेको करको वित्तीय विनियोजनमा स्थानीय कृषकको पहुँच वृद्धि गर्ने कार्यमा खर्च गर्नु पर्ने,
- किसानलाई सम्मानजनक तरिकाले बाँच्न पाउने हकको साथै खाद्यपदार्थ, आवास, सामाजिक न्यायजस्ता कुराहरुको प्रत्याभूति गराइनु पर्ने,
- खेतीयोग्य जग्गाको खण्डीकरण नियन्त्रणका लागि वैज्ञानिक भू—व्यवस्थापन प्रणालीको व्यवस्थापन गरिनु पर्ने,
- माटोको उर्वरा शक्ति बढाउन एकीकृत बाली व्यवस्थापन प्रणालीलाई प्रोत्साहन गरिनु पर्ने,
- स्थानीय स्तरमा वन उपभोक्ता समूह, कृषक समूह, खानेपानी तथा सिंचाई उपभोक्ता समूह गठन गर्दा समुदायका विभिन्न क्षेत्रबाट प्रतिनिधित्व हुनुपर्ने,
- प्रकृतिमा उपलब्ध पानीको स्रोतलाई किसानहरुलाई न्यायोचित वितरण गरी सिंचाई कार्यमा प्रयोग हुने व्यवस्था गरिनु पर्ने,
- सिंचाईको सन्दर्भमा डाँडाहरुमा रहेको प्राकृतिक पोखरीहरु लोपोन्मुख भैरहेको अवस्थामा यिनीहरुको संरक्षणमा ठोस कार्ययोजना बनाउन र खोला खोल्साको पानी बाँध बनाई रिचार्ज गर्नको लागि पहल गरिनु पर्ने,
- वर्षायामको पानीको संकलन गरी सिंचाई गर्ने व्यवस्थाको लागि सरकारी एवं गैह्र सरकारी तबरबाट विशेष कार्यक्रम संचालन गरिनु पर्ने,

- ❖ प्राकृतिक स्रोत र साधनलाई सामाजिक न्यायको आधारमा वितरण गर्ने, उपलव्ध प्राकृतिक स्रोत र साधनको दिगो उपयोग गर्ने, स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिदै स्रोत र साधनको बाँडफाँड गरिनु पर्ने ।

## ४. भूमिहीन किसानहरूको जीविकोपार्जन सुधारका लागि उपयुक्त कृषि विकास कार्यक्रम

भूमिहीन किसानहरूलाई नेपाल सरकारले च्याउ खेती, रेशम पालन, मौरी पालनजस्ता कार्यक्रमहरूमा समावेश गरी अनुदान दिने कार्यक्रम भए तापनि बहुसङ्ख्यक भूमिहीन किसानहरू लाभान्वित हुन सकिरहेका छैनन् । त्यसैले भूमिहीन किसानहरूको जीविकोपार्जन सुधारका लागि के कस्ता कृषि विकास कार्यक्रमहरू हुन सक्छन् र कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकारले के कस्ता नीति नियमहरू अवलम्बन गर्नुपर्दछ भन्ने बारेमा विश्लेषणात्मक सुझाव दिने उद्देश्यका साथ यो अध्ययन गरिएको हो ।

यस अध्ययनको मुख्य उद्देश्य नेपालको वर्तमान अवस्थामा भूमिहीन किसानको अवस्था र विभिन्न सरकार तथा निकायहरूबाट गरिएका कृषिमा आधारित जीविकोपार्जनका कार्यक्रमहरूको समीक्षा गरी उनीहरूको लागि भविष्यमा के कस्तो खेती व्यवसायमा आधारित जीविकोपार्जनका विकल्पहरू पहिचान गर्न सकिन्छ भन्ने रहेको छ ।यस अध्ययनमा भूमिहीन किसानहरूका लागि संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालित कृषि विकास कार्यक्रमको अध्ययन एवं विश्लेषण गर्ने, कृषि क्षेत्रसँग सम्बन्धित नीति, नियम, कानूनी दस्तावेजमा भूमिहीन किसानहरूका बारेमा गरिएको नीतिगत प्रावधानको बारेमा विश्लेषण गर्ने र भूमिहीन किसानहरूको जीविकोपार्जन सुधारका लागि उपयुक्त कृषि विकास कार्यक्रमको पहिचान गरी आवश्यक सुझाव दिने उद्देश्य रहेको छ ।

अध्ययन गर्ने क्रममा संघीय तह, छ वटा प्रदेश र १५ वटा स्थानीय तह छनौट गरी स्थलगत अध्ययनका आधारमा यो प्रतिवेदन तयार पारिएको छ । यस अध्ययनमा आधारभूत रूपमा गुणात्मक (Qualitative method) विधिवाट संकलित तथ्यांङकको विश्लेषण गरी अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

## निष्कर्ष तथा सुझाव

ग्रामीण भूमिहीन किसानहरुले आफ्ना परिवारको जीविकोपार्जनका लागि बहुआयमिक चुनौतीको सामना गरिरहेका छन् । उनीहरुको जीविकोपार्जनका लागि विभिन्न विकल्पहरु रहेका छन्। एउटा मात्र विकल्प केन्द्रित कार्यक्रमबाट उनीहरुका समस्याहरुको समाधान सम्भव छैन । यसरी बहु—आयामिक चुनौतीहरूलाई सामना गरिरहेका सिमान्तकृत परिवारहरुको दीर्घकालीन सामाजिक आर्थिक उन्नति गर्न उनीहरुका जीविकोपार्जनका

आधारभूत साधनहरु (सम्पत्ति) मा पहुँचको सुनिश्चितता प्रदान हुने गरी सम्भव विकल्पहरुलाई एकीकृत गरी समग्र कार्यक्रम एकद्वार प्रणालीका रूपमा कार्यान्वयन गर्नुपर्ने यस अध्ययनको निचोड रहेको छ । यिनै वस्तुगत तत्थ्यहरुलाई आधार लिंदै एकल प्रकृतिका निकाय अनुसार बेग्ला बेग्लै कार्यक्रम भन्दा सम्बन्धित सबै निकायहरुको साझा प्रयासमा "भूमिहीन किसानहरुको दीर्घकालीन जीवनस्तर सुधारका लागि एकीकृत कार्यक्रम" सुझावको रूपमा प्रस्तुत गरिएको छ ।

- जीविकोपार्जनका साधनहरुमा पहुँच सुनिश्चित गराउन उनीहरुलाई समूहमा आवद्ध गर्ने, समूह सञ्चालन, आफ्ना योजनाहरु आफै तर्जुमा गर्ने, आफ्ना हकहितका सवालहरुमा आफै वकालत गर्ने गरी सक्षम र सबल गराउन सामाजिक परिचालनका कार्यहरु सँगसँगै आय आर्जन र स्रोत साधनहरुमा पहुँचको सुनिश्चितता गराउनु पर्दछ ।
- भूमिहीन किसानहरूका जीविकोपार्जनका जोखिमहरू न्यूनीकरण गर्न र उनीहरुका परिवारको सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिमा उनीहरुलाई सुनिश्चित बनाउन राज्यले सञ्चालन गर्ने सामाजिक सुरक्षाका कार्यक्रम र आय आर्जनका कार्यक्रमहरु एकीकृत रूपमा सञ्चालन गर्नु पर्दछ ।
- भूमिहीन किसान परिवारका महिला तथा बालबालिकाका लागि खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु राज्यको पहिलो दायित्व हो । यसका लागि स्थानीय सम्भाव्यता, श्रोत र किसानका क्षमताका आधारमा कृषि सँग सम्बन्धित खाद्य तथा पोषण सुरक्षाका कार्यक्रम सञ्चालन गर्नु पर्ने देखिन्छ ।
- भूमिहीन किसानहरुको जीविकोपार्जनको सुनिश्चितताका लागि व्यावहारिक नीति निर्माण र उद्देश्यमुखी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नु पर्दछ । भूमिहीन किसानको दिगो व्यवस्थापनका निम्ति उत्पन्न सबै किसिमका कमी कमजोरीलाई न्यूनीकरण गर्दै भविष्यका लागि परिणाममुखी नीति निर्माण र उद्देश्यमुखी कार्यक्रम तर्जुमा गरी कार्यान्वयन प्रक्रियामा ल्याउनका लागि गर्नुपर्ने सुधारका उपायहरुलाई यस अध्ययनले सुझावको रुपमा प्रस्तुत गरेको छ ।

## सुझावहरु

यस अध्ययनका आधारमा भूमिहीन किसानहरुको जीविकोपार्जन सुधारका लागि एकीकृत जीविकोपार्जन सुधारका लागि कृषि कार्यक्रम र भूमिहीन किसान लक्षित कृषि सम्बन्धी खाद्य तथा पोषण सुरक्षा कार्यक्रम गरी दुई प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्नु उपयुक्त देखिन्छ ।

## एकीकृत जीविकोपार्जन सुधारका लागि कृषि कार्यक्रम

### वास्तविक भूमिहीन किसानहरुको पहिचान गर्ने

- ❖ वास्तविक भूमिहीन किसान परिवारहरुको अभिलेखीकरण गर्ने,
- ❖ वास्तविक भूमिहीन किसानहरुको वर्गीकरण गर्ने,
- ❖ वर्गीकृत भूमिहीन किसानलाई परिचयपत्र वितरण गर्ने ।

### सामाजिक परिचालन

- ❖ आय आर्जनका कार्यक्रमहरुमा सहभागिता र सक्रियताका लागि भूमिहीन किसानहरुको समूह गठन तथा परिचालन गर्ने,
- ❖ भूमिहीन किसान समूहका बीचमा समूहगत सञ्जाल विकास गर्ने,
- ❖ भूमिहीन किसानलाई समूहगत रुपमा योजना तर्जुमा गर्न अभिप्रेरित गर्ने,
- ❖ भूमिहीन किसान समूहको क्षमता विकासका लागि व्यावसायिक तालिम, गोष्ठि, अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गर्ने,
- ❖ भूमिहीन किसानको जीविकोपार्जनका लागि गरिएका समूह गठन तथा सामाजिक परिचालन, सञ्जालको विकास र परिचालन, योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन परिपाटीको विकास गर्ने,

### उत्पादनशील जमीनको व्यवस्था

- ❖ भूमिहीन किसानलाई उपलब्ध गराउन सक्ने जमीनको पहिचान (सार्वजनिक, नदी उकास, वन क्षेत्र र निजी) गर्ने,
- ❖ जीविकोपार्जनको निश्चित शर्त र जमीनको उपयोग सम्बन्धी कार्यविधि तयार गरी भूमिहीन किसानलाई उत्पादन योग्य जमिन उपलब्ध गराउने,

### सम्भावना, आवश्यकता र तत्परताका आधारमा आयआर्जनका क्रियाकलाप सञ्चालन गर्ने

- ❖ भूमिहीन किसानहरुको भौगोलिक जातीय र सामाजिक, सांस्कृतिक पक्षलाई ध्यान दिइ आय आर्जनका कार्यक्रम सञ्चालन गर्ने,
- ❖ भूमिहीन किसानहरुलाई विभिन्न किसिमका सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्ने,

- लघु तथा घरेलु सीप र व्यवसायमा भूमिहीन किसानलाई जोड्ने,
- भूमिहीन किसानलाई आधारभूत जमीन उपलब्ध गराई कृषि उत्पादन कार्यक्रम (अन्नबाली, नगदेबाली, मसला बाली, फलफूल उत्पादन तथा वनमा आधारित जडिबुटी, मौसमी तथा वेमौसमी तरकारी आदि) सञ्चालन गर्ने,
- उत्पादनका लागि आवश्यक जमीन उपलब्ध हुन नसकेको अवस्थामा सघन खेती वा अर्ध नियन्त्रित वातावरणमा उत्पादन गर्न सकिने बालीहरु च्याउ खेती, पलाष्टिक घरमा खेती, माहुरी पालन, रेशम कीरा पालन, मासुका लागि वंगुर, कुखुरा, खसी बाख्रा र माछा पालन कार्यक्रम सञ्चालन गर्ने,
- दुध उत्पादनका लागि गाई, भैंसी पालन कार्यक्रम सञ्चालन गर्ने,
- जीविकोपार्जनका लागि अन्य आयमूलक कार्यक्रम सञ्चालन गर्ने,

### चक्लाबन्दी हुनेगरी सामुहिक खेती प्रर्वधन कार्यक्रम

- सामुहिक खेतीका लागि कार्य विधि तर्जुमा गर्ने,
- सामुहिक खेती गर्ने किसानका लागि विशेष सुरक्षण कार्यक्रम सञ्चालन गर्ने,

### मूल्य–प्रवर्द्धन तथा बजारीकरण सहयोग कार्यक्रम

- भूमिहीन किसानलाई लेवलिङ, प्याकेजिङ, ग्रेडिङ र प्रशोधन तालिम सञ्चालन गर्ने,
- भूमिहीन किसानलाई कृषि बजार सञ्जालहरुमा सहभागी गराउने,
- बजार सूचना सहयोग।

### क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने

- बाली उत्पादन प्रविधि तालिम सञ्चालन गर्ने,
- पशु उत्पादन प्रविधि तालिम सञ्चालन गर्ने,
- समूह तथा सहकारी व्यवस्थापन तालिम सञ्चालन गर्ने,
- अभिलेखीकरण र वित्तीय व्यवस्थापन तालिम सञ्चालन गर्ने।

### प्रविधि र उत्पादनका साधनहरुमा पहुँच विस्तार

- उन्नत वीउ, विरुवा वितरण कार्यक्रम सञ्चालन गर्ने,
- उत्पादन सामग्री तथा औजार उपकरण वितरण गर्ने,

- पशु नश्ल सुधार तथा पोषणयुक्त आहार वितरण गर्ने,
- सिंचाइ तथा कृषि उत्पादनका पूर्वाधार विकास गर्ने।

### वित्तीय सेवामा पहुँच विस्तार

- किफायती लघुवित्त सेवा,
- संस्था वा सरकारी प्रायोजित क्रेडिट कार्यक्रम,
- सहुलियत ऋण सेवा,
- घुम्ती कोष तथा जोखिम कोष व्यवस्था,
- बाली तथा पशु बिमा कार्यक्रम।

### अनुगमन तथा मूल्यांकन

- आवधिक समीक्षा,
- स्थलगत अनुगमन,
- प्रतिवेदन तथा अभिलेखीकरण।

### सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रम

- प्रधानमन्त्री रोजगार कार्यक्रम,
- महिला कृषक सशक्तिकरण,
- विपन्न समुदाय लक्षित अन्य कार्यक्रम,
- कृषक बिमा

## भूमिहीन किसान लक्षित कृषि सम्बन्धी खाद्य तथा पोषण सुरक्षा कार्यक्रम

### उत्पादन कीट वितरण

- पोषणका लागि फलफूल विरुवा वितरण,
- पोषणका लागि विभिन्न तरकारी बालीका बिउ तथा बिरुवा वितरण,
- मसला बाली उत्पादन कीट वितरण,
- नगदे बाली उत्पादन कीट वितरण,
- पशुपंक्षीका लागि नश्ल वितरण,
- दुग्ध उत्पादनका लागि नश्ल वितरण,

❖ भूमिहीन परिवार लक्षित स्थानीय स्तरमा रोजगारी मूलक सीप विकास कार्यक्रम,

❖ भूमिहीन किसानका लागि स्थानीय स्तरमा स्वरोजगार कार्यक्रम,

❖ प्राविधिक क्षमता विकास कार्यक्रम,

## नीतिगत पक्षमा सुधार

❖ लाभग्राहीको आवश्यकता र खास परिवेश सुहाउँदो कार्यान्वयनमा आउन सक्ने गरिएका नीति तर्जुमा प्रक्रियामा गरिनुपर्ने सुधार :

❖ नीति तर्जुमा प्रक्रियामा सरोकारवालाहरूको व्यापक परामर्श तथा सहभागिता बढाउने,

❖ परिणाममुखी कार्यान्वयनप्रति उत्तरदायित्व वहन गर्ने,

❖ एक आपसमा बाँझिने गरी निर्माण भएका सार्वजनिक नीतिको संशोधन गर्ने । उद्देश्य

❖ नीति, कार्यक्रम र बजेट बीच तालमेल हुने गरी वार्षिक कार्ययोजना बनाउने र परिणाममुखी कार्यान्वयनमा प्रतिवद्धता व्यक्त गर्ने ।

## ५. राष्ट्रिय किसान आयोगको आवधिक रणनीति तयार गर्ने

## सार संक्षेप

नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान गर्ने कृषि क्षेत्रको कुल ग्राहस्थ्य उत्पादनमा २४.१ प्रतिशत योगदान र ६०.४ प्रतिशत जनसंख्याको रोजगारी र जीविकोपार्जन लागि यस क्षेत्रमा निर्भर रहनु परेको छ । अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायिकरण र विविधिकरण गरी किसानको हक, हित संरक्षण एवं प्रवर्द्धनका लागि कृषि सम्बन्धी नीति,ऐन, कानून तथा योजना तर्जुमा गर्नु साथै कृषि अनुसन्धान र प्रसारलाई किसानमैत्री बनाइ किसानहरुको हक, हित र अधिकारको रक्षा गर्दै कृषिको उत्पादनलाई आत्मनिर्भर बनाउन भएको तथ्यलाई आत्मसात गर्दै कृषि विकास रणनीतिले (२०१५—२०३५) परिलक्षित गरेअनुसार नेपाल सरकारको आदेश अनुसार २०७३—१०—०६ मा किसान आयोग गठन भएको हो । राष्ट्रिय किसान आयोगले आम किसानको हक, हित र अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने मूल मन्त्रलाई आत्मसात गर्दै खाद्यान्नमा आत्मनिर्भर, खाद्य तथा कृषि उत्पादनका साधन स्रोतमा सबै किसानको पहुँच र लाभांशको समन्वय र बाँडफाँड, जवाफदेहिता, पारदर्शिता, स्वतन्त्रता र समावेशीकरणको सम्मान गर्नु आयोगको मूल मान्यता हो।

यस १० वर्षे (२०८०।८१—२०९०।९१) आवधिक रणनीतिमा आयोगको कार्यक्षेत्र विश्लेषण सहित कार्ययोजना तयार गर्न किसानहरूको हक, हित प्रवर्द्धनका लागि योजनाबद्ध रुपमा किसान कल्याणकारी योजना तर्जुमा गरी सरकारबाट जारी भएका कृषि सम्बन्धी नीति, ऐन, नियम, कानून किसानहरूको पहुँच वृद्धि गर्ने रणनीतिका उद्देश्य रहेका छन् । खासगरी यस रणनीति तयार गर्ने आधारहरु कृषि विकास रणनीति, पन्ध्रौ पञ्चबर्षिय योजना, राष्ट्रिय किसान आयोगको कार्य क्षेत्रहरु एवं नेपालको विद्यमान ऐन, कानूनहरु नै हुन् ।यिनै विषयबस्तुहरुलाई आधारमा राष्ट्रिय किसान आयोगको १० बर्षे आवधिक रणनीति तयार गरिएको छ ।

## सुझाव

१) राष्ट्रिय किसान आयोगको छुट्टै ऐन निर्माण गरी एक स्वायत्त संस्थाको रुपमा स्थापना भएको हुनुपर्छ,

३) राष्ट्रिय किसान आयोग बहुक्षेत्रिय एवं बहुसरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्नुपर्ने भएकोले यसको कार्य क्षेत्र अनुसार आयोग प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत रहँदा उपयुक्त हुने देखिन्छ,

४) यस आयोगमा १ जना अध्यक्ष एवं ५ जना सदस्यहरु रहनुपर्छ, राजपत्राङित प्रथम श्रेणी (प्राविधिक सेवा) लाई सदस्य सचिवको रुपमा राख्नुर्पदछ,

५) यस आयोगका ५ जना सदस्यहरु कार्यकारी रहने गरी ५ विभिन्न महाशाखाहरु स्थापना हुनु पर्नेछ । ती निम्नानुसार रहेका छन् :

क) किसान नीति ऐन नियम तर्जुमा तथा सुझाव महाशाखा

ख) किसान कल्याणकारी योजना महाशाखा

ग) किसान योजना महाशाखा

घ) किसान समस्या सम्बोधन तथा अनुगमन महाशाखा

ङ) किसान क्षमता विकास महाशाखा

❖ प्रत्येक महाशाखाहरुको प्रमुखको रुपमा उपसचिव स्तरका कर्मचारीहरु हुने एवं प्रत्येक महाशाखा अन्तरगत ३ वटा शाखाहरुको व्यवस्था गरिएको छ ।

❖ प्रत्येक शाखाको नेतृत्व शाखा अधिकृत स्तरको कर्मचारीले गर्नेछन् । सबै महाशाखा र शाखाहरुको काम कर्तब्य तोकिएको हुनेछ । ३२ जना कर्मचारी र ५ जना सदस्य र १ जना अध्यक्ष गरी कुल ३८ जनाको व्यवस्था हुने गरी

संगठन संरचना निर्माण गरिएको छ ।

६) राष्ट्रिय स्तरमा यस आयोगको अध्यक्षको संयोजकत्वमा विभिन्न निकायको प्रतिनिधित्व हुने गरी एक समन्वय समितिको व्यवस्था गरिएको छ। साथै राष्ट्रिय किसान आयोगको प्रदेश स्तर समन्वय समित गठन गर्न सक्ने व्यवस्था गरिएको छ ।

७) राष्ट्रिय किसान आयोगलाई तोकिएको १४ बुँदे कार्य क्षेत्रलाई यसका रणनीतिहरुको रुपमा बिश्लेषण, लजिकल फेमर्वक एवं कार्यनितीहरु र कार्य योजनाहरु तयार भएका छन् ।

८) त्यस्तै कार्य क्षेत्रमा नतोकिएको तर वर्तमान सन्दर्भमा आवश्यक रणनीतिको रुपमा थप छ (६) वटा रणनीतिहरु एवं कार्यनीतिहरु तयार भएका छन् ।

९) यो आवधिक रणनीति १० बर्षको हुनेछ, सोको बार्षिक कार्यक्रममा संलग्न हुने बिषयबस्तुहरु र सोको आवधिक बाँडफाँड समेत संलग्न गरिएको छ ।

१०) यस आयोगले कृषिलाई आधुनिकीकरण, ब्यवसायिकरण, औद्योगिकरण गर्दै कृषि ब्यवसायको प्रबर्द्धन गर्ने र कृषि क्षेत्रलाई सम्मानित पेशाको रुपमा रुपान्तरण गर्न पैरवी गर्ने, सिफारिस गर्ने, समन्वय गर्ने, सहयोग गर्ने र सहकार्य गर्ने छ ।

११) राष्ट्रिय किसान आयोगले किसानको हक हित र अधिकार संरक्षण गर्न "कृषि उत्पादन देखि बजारीकरण सम्म" सहजीकरण गर्न, किसानको उपजको न्यूनतम सर्मथन मूल्य तोक्न सहयोग गर्ने, भौतिक पूर्वाधार निर्माणको पैरवी गर्ने, किसानहरुलाई आवश्यक न्यूनतम प्रसार, अनुसन्धान र कृषि शिक्षा सेवा प्राप्त गर्न समन्वय र सहकार्य गर्नेछ ।

१२) किसान सूचीकरण, बर्गीकरण, सामाजिक सुरक्षा, बैकिङ सुविधा, बिमा र अनुदानमा अधिकतम किसानको पहुँच पुर्याउन समन्वय गर्नेछ ।

१३) उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न सामूहिक खेती, करार खेती, सहकारी खेती प्रर्बद्धन गर्नेछ ।

१४) वर्तमान ऐन, नियम, कार्यबिधिमा रहेको भिन्नता हटाई नयाँ ऐन, कानून नीति निर्माण गर्न राष्ट्रिय किसान आयोगले सहयोग गर्नेछ ।

१५) किसानको पहुँच प्राकृतिक स्रोत, रैथाने बीउ बिजन, नश्ल, प्राकृतिक प्रकोपबाट हुने क्षतिपूर्ति प्राप्त गर्न, न्यून आयस्तरका श्रमिक, कृषक, महिला, दलित, आदिबासीहरुको हकहितको लागि किसान संघ, संस्था, संगठन र सन्जालको

क्षमता अभिवृद्धि गरी सहकार्य र समन्वय गर्नेछ ।

१६) राष्ट्रिय किसान आयोगलाई कार्य क्षेत्रमा नतोकिएको तर रणनीतिहरु उल्लेख भएकोले यसले डिजीटल कृषिको पैरवी गर्न, कृषि सूचना केन्द्र स्थापना गर्न सहयोग गर्नेछ । त्यस्तै किसान रोजगार कार्यक्रम, कृषि अनुदान प्रणालीलाई उत्पादन र बजारीकरणको आधारमा प्रदान गर्ने व्यवस्थामा सिफारिस गर्नेछ ।

१७) बिभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय आयोजनाहरुको अनुगमन गर्ने र समय सापेक्ष सुझाव र सिफारिस गर्नेछ .

## ६. संविधानले व्यवस्था गरेका किसानका हक, हित र अधिकारको कार्यान्वयनको अवस्थाबारे अध्ययन

संविधानले व्यवस्था गरेका किसानका हक, हित र अधिकारको कार्यान्वयनको अवस्था बारे अध्ययन गरी आवश्यक सुझाब सहितको प्रतिवेदन पेस गर्ने प्रमुख उद्देश्यका साथ यस अध्ययन गरिएको हो । संघीय सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कोशी प्रदेश र सो प्रदेश अन्तर्गतका संखुवासभा, धनकुटा, मोरङ; बागमती प्रदेश र सो प्रदेश अन्तर्गत रसुवा, मकवानपुर र चितवन तथा लुम्बिनी प्रदेश र सो प्रदेश अन्तर्गत रोल्पा, गुल्मी र कपिलवस्तु जिल्लाका स्थानीय तह एवं किसान समूह; कृषि ज्ञान केन्द्रलाई प्राथमिक तथ्याङ्क संकलनको मुख्य अध्ययन क्षेत्र कायम गरेर प्रस्तुत अध्ययन गरिएको छ। द्वितीय तथ्याङ्कको लागि संविधानमा व्यवस्था भएका किसानको हक, हित र अधिकारसँग सम्बन्धित व्यवस्था, संविधानमा व्यवस्था भएका त्यस्ता अधिकार कार्यान्वयन गर्ने सिलसिलामा बनेका नीति, ऐन, नियम, कार्यविधिहरु, कृषि क्षेत्रका बारेमा विभिन्न पत्रपत्रिकामा प्रकाशित समसामयिक लेखरचना आदिको अध्ययन गरी विश्लेषण गरिएको छ ।

### सुझाब

- ❖ किसानको खाद्य सम्प्रभुताको मौलिक हकलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याउनको लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ अन्तर्गत बन्नपर्ने नियमावली बनाउन ढिला भइसकेको हुँदा कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट सो नियमावली यथाशीघ्र बनाउनुपर्ने,
- ❖ खाद्य सम्प्रभुता जस्तो महत्वपूर्ण हकका बारेमा पनि किसानहरु अनविज्ञ रहेको पाइएको हुँदा संविधान प्रदत्त किसानका हक, हित र अधिकारका बारेमा राष्ट्रिय किसान आयोगले किसान सचेतना कार्यक्रम सञ्चालन गर्ने,
- ❖ खाद्य तथा कृषि उत्पादनका सम्बन्धमा नीति, कार्यक्रम एवम् योजना तर्जुमा

गर्दा किसानको सहभागितालाई सुनिश्चित गर्न राष्ट्रिय किसान आयोगले स्थानीय जनप्रतिनिधि, कृषि प्राविधिक सहितका स्थानीय तहका कर्मचारीहरुलाई लक्षित गरेर सचेतनामूलक कार्यक्रम संचालन गर्ने,

- ❖ किसानका हक, हित एवम् समग्र कृषि क्षेत्रको संरक्षण र संवर्द्धन गरी कृषि पेशा प्रति आकर्षण बढाउन संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यलाई सुदृढ गर्न संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन हुनुपर्ने,
- ❖ अन्तरमन्त्रालय समन्वय र सहकार्यको लागि एक उच्च स्तरीय संयन्त्र निर्माण गरिनुपर्ने,
- ❖ संविधानमा व्यवस्था गरिएको कृषि तथा भूमि सम्बन्धी नीति एवम् उक्त नीतिका आधारमा बनेका ऐन, नियम कार्यान्वयन गरी जग्गा वर्गीकरणको कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाउनका लागि स्थानीय तहलाई दक्ष जनशक्ति उपलब्ध गराइनुपर्ने,
- ❖ स्थानीय बीउ बिजन, प्रविधि, औजार र कृषि प्रजातिको छनोट तथा त्यसको बौद्धिक सम्पत्तिको संरक्षणको विषयलाई स्थानीय तहले आफ्ना नीति, कार्यक्रम तथा कार्ययोजनामा समावेश गरेर त्यसको कार्यान्वयन पक्षमा जोड दिनुपर्ने,
- ❖ कृषि उपजको मूल्य निर्धारणमा किसानको भन्दा मध्यस्थकर्ता (विचौलिया) को प्रमुख भूमिका रहेको परिप्रेक्ष्यमा मध्यस्थकर्तालाई स्थानीय तहमा दर्ता गरेर नियमनको पाटोलाई सशक्त बनाउनु पर्ने,
- ❖ किसानलाई प्रदान गरिने योगदानमा आधारित निवृत्तिभरण सम्बन्धमा कार्यविधि तयार गरी प्रभावकारी रूपमा कार्यान्वयनमा लैजानु पर्ने,
- ❖ नेपालको संविधानको धारा ४२ मा सामाजिक न्यायको हकमा किसानलाई समेत समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यका निकायमा सहभागिताको हक हुने कुरा सुनिश्चित भए अनुसार सरकारका हरेक तहमा किसानको प्रतिनिधित्व हुने व्यवस्था गरिनुपर्ने,
- ❖ संविधानको धारा ४२ को उपधारा (४) मा प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनोट र संरक्षणको हक हुने व्यवस्था गरिएको छ । यस धारामा प्रदत्त हक खाद्य सम्प्रभुताको हकसँग पनि जोडिएको विषय हो । त्यसैले संविधानको धारा ४२ (४), धारा ३६ (३) र खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ को

व्यवस्था एकसाथ मिलाएर कार्यान्वयन हुनुपर्ने प्रकृतिको हुँदा यस्ता हक कार्यान्वयन गर्ने जिम्मेवारीमा रहेका संघ, प्रदेश र स्थानीय तहले आवश्यक व्यवस्था मिलाउनु पर्ने,

- सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिमा रहेको मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन सुकुम्बासीहरुको पहिचान गरी बसोवासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारको व्यवस्था गर्दै पुनःस्थापना गर्न लागि भूमि सम्बन्धी समस्या समाधान आयोगलाई सहज रूपमा काम गर्ने वातावरण बनाउनका लागि संघ, प्रदेश र स्थानीय तहले आवश्यक सहयोग गर्नुपर्ने यसका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले अन्य सम्बद्ध मन्त्रालयसँग समन्वय गरेर उपयुक्त वातावरण निर्माण गर्ने,
- खाद्य अधिकार र खाद्य सम्प्रभुता जस्ता विषय हाम्रो परिप्रेक्षमा नयाँ अवधारणा भएका र यी अवधारणालाई सशक्त रूपमा अगाडि बढाउने र किसानका हक, हित र अधिकारको संरक्षण र संवर्द्धन गर्ने विषयमा किसानको स्तरसम्म पुगेर काम गर्न सहयोग होस भन्नका लागि राष्ट्रिय कृषि विकास रणनीतिले परिकल्पना गरे अनुसार राष्ट्रिय किसान आयोगलाई स्थायी रूप दिएर अधिकार सम्पन्न बनाउने तर्फ कृषि तथा पशुपन्छी विकास मन्त्रालयले राष्ट्रिय किसान आयोग ऐन बनाउनेतर्फ आवश्यक पहल गर्ने ।

## ७. विद्यमान नीति, ऐन र नियममा किसानको हक, अधिकार सम्बन्धी भएका व्यवस्थाबारे अध्ययन

नेपालको विद्यमान नीति, ऐन र नियममा किसान अधिकारसँग सम्बद्ध नीतिगत भिन्नता, समस्या र चुनौतीहरुको विश्लेषण गरी सुझाबहरु तयार गर्ने प्रमुख उद्देश्य अनुसार यस अध्ययन गरिएको हो । अध्ययनको उद्देश्यहरु प्राप्त गर्न मिश्रित अध्ययन विधि अपनाइएका छन् । यो अध्ययन पूर्णत गुणात्मक प्रकृतिको भएकाले सबै तथ्याङ्कहरु यथार्थ अवस्थामा विवरणात्मक छन् । यस अध्ययनका विषयहरू विशेष गरी दस्तावेजहरुको विश्लेषण, किसान समूहमा केन्द्रित छलफल र कृषि मन्त्रालय मातहतका अधिकारीहरुसँगको अन्तर्वार्तामा आधारित रहेका छन् । अध्ययनका उद्देश्यहरु परिपूर्ति गर्न प्राप्त सूचनाको स्रोतको रूपमा रहेका कृषि सम्बन्धी नीति, संविधान, ऐन तथा नियमहरु तथा निर्देशिकाको अध्ययन गरी विश्लेषण गरिएको छ । किसान हक अधिकारसँग सम्बन्धित दस्तावेजहरुको अध्ययन द्वितीय स्रोतको रूपमा रहेका छन् भने किसान समूह, कृषि प्राविधिक, कृषि विशेषज्ञहरुसँगको प्रत्यक्ष छलफलबाट प्राप्त तथ्याङ्कहरुलाई प्राथमिक स्रोतको रूपमा

लिइएको छ । यस अध्ययनमा संलग्न २९ वटा कृषि समूहका ३३९ जना कृषकहरुसँगको छलफल तथा अन्तरक्रियाबाट प्राप्त अनुभव तथा तथ्यहरुको विश्लेषण प्रस्तुत गरिएका छन् । यी दस्तावेजहरुको अध्ययन तथा त्यसको विश्लेषणसँगै तिनको कार्यान्वयनको अवस्था के—कस्तो रहेको छ भन्ने सन्दर्भमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा रहेका कृषि विज्ञ, प्रदेशका कृषि, ऊर्जा तथा जलस्रोत मन्त्रालय मातहत कार्यरत कृषि विज्ञहरुसँग भेटघाट, छलफल, अन्तरक्रिया गरी योजनाको प्रभावकारी कार्यान्वयन सम्बन्धमा विवेचना र विश्लेषण गरी अन्तिम प्रतिवेदन तयार गरिएको छ।

## सुझाबहरु

किसानको हक, हित र अधिकार संरक्षणका लागि भएका विद्यमान नीति, ऐन र नियमावली कार्यान्वयन तथा प्रभावकारिता सम्बन्धी अध्ययनबाट प्राप्त सुझाब/सिफारिसहरु निम्न अनुसार छन्ः

- ❖ कृषकहरुको कृषि र खाद्य सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा प्रक्रियामा सहभागी हुने विषय खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ तथा स्थानीय सरकार सञ्चालन ऐन निर्देशिका अनुसार नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय, राष्ट्रिय किसान आयोग तथा प्रदेशले, विशेषतः कृषि ज्ञान केन्द्र तथा स्थानीय सरकारलाई सहभागितामूलक कृषि विकास योजना निर्माणमा सहजीकरण गरिनुपर्ने,
- ❖ कृषि बाली, पशुपालन, पन्छीपालनमा संलग्न कृषकलाई सहज र सरल तरिकाले बिमा गर्ने तथा बिमा भुक्तानी प्रक्रियालाई सरलीकरण गराउने कार्यका लागि प्रदेश सरकार र स्थानीय सरकारले आवश्यक समन्वय र सहजीकरण गरिनु पर्ने,
- ❖ खाद्य अधिकार र खाद्य सम्प्रभुताबारे कृषक समूहहरुलाई सुसूचित गर्ने, यस सम्बन्धमा पैरवी तथा वकालतका लागि हरेक स्थानीय तहमा खाद्य अधिकार संजालको निर्माण गरी प्रभावकारी रुपमा कार्यक्रम संचालन गर्नुपर्ने,
- ❖ राष्ट्रिय किसान आयोगले खाद्य अधिकारमा संलग्न सरकारी/ गैह्र सरकारी संघ संस्थासँग समन्वय गरी कार्यक्रम संचालन गर्नुपर्ने,
- ❖ कृषि उपज व्यवस्थापनका लागि स्थानीय तहमा सामुदायिक अन्न भण्डारको व्यवस्था, स्थानीय हाट बजारको दिगो व्यवस्थापन, ग्रामीण भेगमा उत्पादित कृषि उपजको बजारसम्म ल्याउनका लागि कृषि एम्बुलेन्सको स्थानीय सरकारबाट व्यवस्था गरिनु पर्ने,

- संविधानले खाद्य अधिकार तथा खाद्य सम्प्रभुतालाई मौलिक हकको रूपमा सुनिश्चित गर्न खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५लाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईनु पर्ने,
- खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरेअनुसार किसानहरुको पहिचान तथा वर्गीकरणका कामहरु केही स्थानीय तहमा सुरु भएका छन् भने यी कामहरु सबै स्थानीय तहमा कार्ययोजना सहित तुरुन्त कार्यान्वयनमा ल्याउन राष्ट्रिय किसान आयोगले सहजीकरण गरिनुपर्ने,
- किसानको सम्मान तथा सामाजिक सुरक्षाका लागि योगदानमा आधारित किसान लगानी कोष स्थापना गर्न विस्तृत अध्ययन गरी आवश्यक कार्यविधि र निर्देशिका बनाई कार्यान्वयनमा ल्याउनु पर्ने,
- कृषि विकास रणनीति (२०१५—२०३५) लाई नेपालको संघीय ढाँचा बमोजिम पुनरावलोकन गरिनु पर्ने,
- कृषि क्षेत्रको सांगठनिक पुर्नसंरचना गरी आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गरिनु पर्ने,
- कृषि र किसानका हक, अधिकारसँग सम्बन्धित विभिन्न नीतिको प्रभावकारी कार्यान्वयनका लागि अन्तर मन्त्रालय समन्वयको लागि संघीय तथा प्रादेशिक तहमा विशेष संरचनाको व्यवस्था गरिनु पर्ने,
- कृषि विकाससँग सम्बन्धित कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहमा एकीकृत कृषि विकास योजना निर्माण गरी कार्यान्वयनमा ल्याउनु पर्ने,
- किसानका हक अधिकार संरक्षण एवं सम्बर्द्धन गर्नका लागि छाता ऐनको रूपमा कृषि ऐन बनाई कार्यान्वयनमा ल्याउनु पर्ने ।

## ८. विभिन्न बाली वस्तुहरुको किसानले उचित मूल्य पाउने उपायको वैज्ञानिक विधि तय गर्ने अध्ययन

कृषकको हक, हित र अधिकारको संरक्षण र संवर्द्धन गर्न राष्ट्रिय किसान आयोगमार्फत आ.व. २०७९/८० मा विभिन्न बाली वस्तुहरुको किसानले उचित मूल्य पाउने उपायको वैज्ञानिक विधि तय गर्ने सम्बन्धी अध्ययन गरिएको हो । अध्ययन कार्य सम्पन्न गर्नका लागि प्राथमिक तथ्यांङ्क तथा जानकारीका लागि विभिन्न सरोकारवालाहरुसँग भेटघाट, छलफल तथा अन्तरक्रिया गरिनुका साथै थप जानकारीका लागि द्वितीय सूचनाका रुपमा सम्बन्धित पुराना ग्रन्थ, शोधकार्य, नीति नियम, निर्देशिका आदिको अध्ययन गरियो । प्रत्यक्ष भेटघाट, छलफल र अन्तरक्रियाका लागि तीन प्रदेशहरुः बागमती, लुम्बिनी र

सुदूरपश्चिमका जम्मा ९ जिल्लाहरु छनौट गरी १५ स्थानीय तहका २९ वटा कृषक समूहहरुमा ३४२ जना किसान र विभिन्न तीन तहको सरकारका विभिन्न निकायका प्रतिनिधि र विज्ञहरु गरी ४२ जनासँग सम्पर्क गरी जानकारी लिई संकलित तथ्याङ्कको विश्लेषण गरी अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

## विषयगत सिफारिस तथा सुझाब

मुलुकमा विद्यमान कृषि उपज खरिद बिक्री हुने बजारहरु, तिनीहरुको व्यवस्थापन, ती बजारसम्म किसानको पहुँच, बजारको स्तर हेरेर त्यहाँ हुन सक्ने विभिन्न वस्तुको खरिद बिक्रीको परिमाण, वस्तु अनुसार माग र आपूर्ति अवस्था, बजार श्रृङ्खलामा विभिन्न कर्ताहरुबाट गुणस्तर बढाउने प्रतिस्पर्धा र मूल्य अभिवृद्धिलाई दृष्टिगत गरी किसानले आफ्नो उत्पादनको लागत खर्चमा फाइदा आउने गरी उचित मूल्य पाउन निम्न वैज्ञानिक उपाय तथा आधार अनुसरण गर्न आवश्यक सुझावहरु प्रस्तुत गरिएको छ ।

## तीन तहका सरकारहरुबाट उचित मूल्य उपलब्ध गराउनका लागि हुनुपर्ने संस्थागत तथा नीतिगत सुधारका उपायहरु

- संघ, प्रदेश तथा स्थानीय तहका किसानले उचित मूल्य पाउन सकुन् भनेर उत्पादन बढ़ाउन दिने गरिएको सुविधा सबैको आ—आफ्नै किसिमको भएकोले यो सुविधा उपलब्ध गराउने प्रणालीलाई एक द्वार प्रणालीमा ल्याउनु पर्ने । यसो गर्दा सुविधा पाउनु पर्ने किसानले समानुपातिक हिसाबले पाउन सक्छन् र कसैले पाउँदै नपाउँने कसैले पाइरहने प्रणाली न्यून हुन जान्छ । यसको लागि प्रादेशिक मन्त्रालयले कृषि ज्ञान केन्द्र मार्फत हरेक स्थानीय तहबाट र संघीय मन्त्रालयले सबै प्रदेशबाट जानकारी लिई एकद्वार प्रणालीको विकास गर्ने,
- किसानहरुले आफ्नो उत्पादनको उचित मूल्य पाए नपाएको सम्बन्धमा सरकारी तबरबाट आवश्यक नियमन गर्ने व्यबस्था गरिनु पर्ने,
- उचित मूल्य उपलब्ध गराउने उपायहरुमा मौसम अनुसारको आन्तरिक उत्पादन बढिरहेको समयमा सोही वस्तुको आयातमा कर बृद्धि गरी आयात नियन्त्रण गर्नका लागि प्लान्ट क्वारेन्टाइन कार्यालयहरुको क्षमता विकास गरिनु पर्ने,
- खाद्य सुरक्षालाई बढ़ी भरपर्दो बनाउन र किसानलाई उचित मूल्य दिलाउन प्रत्येक स्थानीय तहमा सहकारीहरुको संलग्नतामा कम्तीमा एउटा खाद्यान्न भण्डारणको स्थापना गरी स्थानीय तहकै रोहबरमा खाद्यान्न खरिद गरी भण्डारण

गर्ने व्यवस्था मिलाउने र यसरी खाद्यान्न बाली खरिद गर्न निजी क्षेत्रलाई पनि प्रोत्साहन गर्नु पर्ने,

- ❖ खाद्य व्यवस्था तथा व्यापार कम्पनीको भण्डारण क्षमता भए पनि जिर्ण भएकोले सम्बन्धित मन्त्रालयमार्फत मर्मत सुधार गर्न जोड दिनुपर्ने,
- ❖ सहकारी संस्थाहरुको खरिद प्रक्रियामा सहभागिता तथा भण्डारण क्षमता बढाउन खरिद पश्चातको ह्रासको क्षतिपूर्तिका लागि उनीहरुलाई दिने अनुदानमा वृद्धि गर्नु पर्ने,
- ❖ कृषि तथा पशुपन्छी विकास मन्त्रालय र कृषि विभागमा न्यूनतम समर्थन मूल्य सिफारिस गर्न एउटा छुट्टै निकायको गठन हुनुपर्ने र सोही अनुसार स्थानीय र प्रदेशमा समेत गठन गरिनु पर्ने,
- ❖ संघीय सरकारसँग समन्वय गरी प्रदेश तथा स्थानीय तहले आआफ्नो प्रदेश र स्थानीय तहको आवश्यकतानुसार बाली लगाउनु अगावै न्यूनतम समर्थन मूल्य तोक्न सक्ने व्यवस्था गर्नुपर्ने,
- ❖ स्थानीय तहदेखि नै न्यूनतम समर्थन मूल्य तोक्न संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी स्थानीय तहको प्रमुखको संयोजकत्वमा स्थानीय किसान, कृषि सहकारी, व्यापारी, उद्योगपति, लगायतका सरोकारवालाहरु सम्मिलित समिति गठन गरी मूल्य निर्धारणको मापदण्ड (नीति, नियम, निर्देशिका तथा कार्यविधि) बनाई कार्य संचालनको परिपाटीको स्थापना गर्ने,
- ❖ मुख्य मुख्य खाद्यान्न बाली धान, गहुँ, मकै, कोदो, जौ फापर लगायत दालाबाली मसुरो, रहर, मास, चना, तेलहन बाली सर्स्यु, तोरी, सूर्यमुखी र नगदे बाली उखु, अलैंची, चिया, औद्योगिक बाली जुट आदिमा न्यूनतम समर्थन मूल्य तोक्ने प्रक्रियामा यी बालीहरुको उत्पादन र बजार भाउ एवम् मागको प्रवृत्ति हेरी कायम राख्नु पर्ने र अहिलेसम्म कायम नगर्ने गरिएको बालीहरुको पनि क्रमशः कायम गर्दै जाने साथै चैते तथा मसिनो वासनादार धानको पनि छुट्टै न्यूनतम समर्थन मूल्य कायम गर्नुपर्ने,
- ❖ तरकारी बालीहरुको संरक्षण तथा उचित मूल्य दिलाउन स्थानीय तहमा उचित ठाउँमा शीत भण्डारणको स्थापना गर्दै जाने नीति लिनुका साथै भण्डारण खर्चमा अनुदान दिन स्थानीय तहबाटै व्यवस्था गरिनु पर्ने,
- ❖ केन्द्रीय तथा स्थानीय खाद्यान्न बैंकले विपत्तिको बेलामा किसानहरूको उत्पादन, भण्डारण र बिक्री वितरण निःशुल्क वा कोटा प्रणालीमा वितरण गर्ने कार्यविधि बनाएर लागु गर्नुपर्ने,

- किसानहरुलाई उचित मूल्य उपलब्ध गराउने उपायहरु (बजार स्थापना, संचालन तथा व्यवस्थापन; गुणस्तर छुट्टयाउने, थैला बन्दी गर्ने, यातायात व्यवस्थापन, न्यूनतम समर्थन मूल्य निर्धारण आदि) तर्जुमा, छलफल तथा समिति बनाउँदा कृषक, कृषि सहकारीहरुको प्रतिनिधिहरुलाई अनिवार्य रूपमा सहभागी गराउनुपर्ने,
- किसानलाई कृषि उपजको उचित मूल्य दिलाउन अवलम्बन गरिने उपायहरुमा पहुँच बढाउन मौसम अनुसार उत्पादन हुने कृषि उपजहरुको माग, आपूर्ति अवस्था र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार मूल्यबारे किसानलाइ नियमित रूपमा सूचना उपलब्ध गराई रहनुपर्ने,
- स्थानीय तहहरुले पायक पर्ने क्षेत्रमा कृषि उपजहरुको थोक बजार स्थापना गर्ने र भै राखेका बजारलाई व्यवस्थापन गरी त्यहाँ किसानहरुबाट उत्पादित वस्तुहरुको गुणस्तर छुट्याई (Grading), थैला बन्दी (packing) गरी माग भएको र मूल्य पाउने बजारमा बिक्रीको लागि पठाउँने व्यवस्था गर्ने,
- उत्पादकदेखि उपभोक्तासम्मको दुरी कम गर्न कारोबारमा संलग्न मध्यस्थकर्तालाई अनिवार्य रुपमा अनुमति पत्र दिने व्यवस्था गर्ने, मध्यस्थताकर्ताले खरिद विक्रीको तथ्याङ्कीय जानकारी सम्बन्धित निकायमा दिनुपर्ने,
- कृषि उपज थोक बजारमा कृषि उपज बेचविखनको लागि किसान तथा कृषि सहकारीको लागि स्टलको कोटा निर्धारण गर्न व्यवस्था मिलाउने,
- निकासी योग्य वस्तुहरु विशेष गरी, चिया, कफी, अलैंची, अदुवा आदि व्यवसायिक तथा औद्योगिक बालीहरुको निकासी वृद्धि गराउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको स्वस्थ विरुवा जाँच मापदण्ड तयार गरी कार्यान्वयन गर्ने
- उत्पादन लागत अध्ययन सम्बन्धी कार्यविधि बनाएर औपचारिक प्रणालीको सुरुवात गरिनुपर्ने

## ४.७. किसान संघ/संगठन तथा संजालको समन्वयमा मनाइएका दिवसहरू

किसानहरूले गरेको कार्यलाई सम्मान गर्न र कृषि उत्पादनमा प्रोत्साहन गर्ने उद्देश्यले आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार किसान संघ/संगठनका प्रतिनिधी एवम् किसानहरूको समन्वयमा ४२ औं खाद्य दिवस; विश्व माटो दिवस; छैठौ राष्ट्रिय किसान आयोग स्थापना दिवस सुझावहरू तपसिल बमोजिम रहेका छन्।

### विश्व माटो दिवस

मिति २०७९।०८।२८ गते राष्ट्रिय किसान आयोगले नवौं विश्व माटो दिवसको सन्दर्भमा

खैरहनी नगरपालिका चितवनमा माटो परीक्षण शिविर संचालन तथा अन्तरक्रिया कार्यक्रममा कृषकहरुलाई प्रत्यक्ष रुपमा सहभागी गराई माटो परीक्षण समेत गर्ने प्रावधान राखिएको यस कार्यक्रममा माटोको गुणस्तर सुधार गर्न अपनाउनु पर्ने विधिबारे छलफलबाट प्राप्त सुझावहरु

**छलफलमा सहभागिबाट जिज्ञासा राखेका विषयहरु:**

- ❖ माटो स्वस्थ्य राख्न मलखाद राख्नु पर्छ तर उपयुक्त समयमा मल उपलब्ध नहुनु,
- ❖ रासायनिक मल, रोगनाशक, कीटनाशक एवं झारनाशक विषादीको आयात रोकिनु पर्ने,
- ❖ प्रांगारिक खेती गर्दा रासायनिक मल विषादीको विकल्पमा उपयुक्त प्रविधिहरुवारे ज्ञानको कमी,
- ❖ किसानहरुलाई उपयुक्त समयमा कृषिका उत्पादन सामाग्रीहरु उपलब्ध नहुनु,
- ❖ बजारमा बिक्री वितरण भएका कृषि सामग्रीको गुणस्तर परीक्षण गरिनु पर्ने,
- ❖ कृषकहरुको खेतबारीको माटो परीक्षण गर्न आवश्यक व्यवस्था गरिनुपर्ने र माटो परीक्षण पछि परीक्षण प्रतिवेदन बमोजिम माटो सुधारको लागि आवश्यक उपायहरु बारे जानकारी नहुनु,
- ❖ किसानहरुलाई बाली अनुसारको माटोको नमूना लिने तरिका र माटो परीक्षण कुन-कुन ठाउँमा हुन्छ भन्नेबारे पर्याप्त जानकारी नहुनु,
- ❖ माटो परीक्षणबाट प्राप्त नतिजालाई के गर्ने पर्छ भन्ने प्राविधिक ज्ञानको कमी,
- ❖ कृषकहरुलाई माटो स्वस्थ राख्ने उपायहरु बारे प्राविधिक ज्ञानको कमी हुनु,
- ❖ कृषकहरुले उठाएका विषयवस्तुहरुको समाधानको लागि सरकारी तवरबाट ध्यान नदिइनु,
- ❖ स्थानीय स्तरमा प्राविधिक जनशक्ति उपयुक्त समयमा उपलब्ध नहुनु,
- ❖ कृषि बिमा र सहुलियतपूर्ण कर्जा सहज रुपमा कृषकहरुलाई उपलब्ध नहुनु,
- ❖ कृषि अनुदान सर्वसुलभ रुपमा उपलब्ध नहुनु, ।

**सुझावहरु:-**

- ❖ कृषकहरुलाई माटो स्वस्थ राख्न अपनाउनु पर्ने विधि बारे कृषि ज्ञान केन्द्र र स्थानीय तहको कृषि विकास शाखाबाट सचेतना कार्यक्रम वार्षिक कार्यक्रममा

समावेश गरिनुपर्ने,

- कृषकहरुलाई माटो परीक्षणको लागि विभिन्न बालीका लागि उपयुक्त हुने माटोको नमूना संकलन गर्दा नमूना लिने बारे प्राविधिक ज्ञान र माटो परीक्षण पश्चात प्राप्त प्रतिवेदन बमोजिम प्रयोग गर्नुपर्ने वस्तुहरुको मात्रा र प्रयोग गर्ने तरिका सम्बन्धमा जानकारी दिनुपर्ने,
- रासायनिक मल र विषादीहरुको असन्तुलित प्रयोगलाई निरुत्साहित गर्न विकल्पमा प्राङ्गारिक मल र विषादी बारे र सोको उपलब्धता सम्बन्धमा कृषकहरुलाई सरकारी तहबाट आवश्यक प्राविधिक सेवा स्थानीय तह एंव प्रादेशिक तहबाट उपलब्ध गराउनुपर्ने,
- प्रांगारिक मल र विषादी उत्पादनलाई प्रोत्साहन गरी स्थानीयस्तरमा तिनको उत्पादन गर्न कृषकहरुलाई अनुदान सहुलियत प्रदान गरिनुपर्ने,
- कृषकहरुले मन पराएको एकीकृत शत्रुजीव व्यवस्थापन र खाद्यतत्व व्यवस्थापन कार्यक्रमको संचालन एंव विस्तार गरिनुपर्ने ।

## खाद्य दिवस

मिति २०७९।०६।३० गते राष्ट्रिय किसान आयोगको आयोजनामा "उत्पादन ,पोषण र वातावरण सुधार सुखी जीवनको आधार भन्ने नाराका साथ ४२ औं विश्व खाद्य दिवसको अवसरमा नेपालमा खाद्य सुरक्षा सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा राष्ट्रिय किसान आयोगका अध्यक्ष, सदस्यहरु , कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव, कृषि विभागका उपमहानिर्देशक, राष्ट्रिय फलफूल विकास केन्द्रका प्रमुख , राष्ट्रिय आलु,तरकारी तथा मसला बाली विकास केन्द्रका बरिष्ठ कृषि अधिकृतज्यू ,समशितोष्ण वागवानी विकास केन्द्रका प्रमुखज्यू, कृषि ज्ञान केन्द्र ललितपुरका अधिकृत प्रतिनिधि, उत्पादक कृषकहरु, किसान संघ संगठन र संस्थाहरुका प्रमुख, केन्द्रीय पदाधिकारी एवं प्रतिनिधिहरुको सहभागिता रहेको थियो । कार्यक्रममा खाद्य तथा पोषण विज्ञ बिरेन्द्र अधिकारीबाट नेपालमा खाद्य सुरक्षाको वर्तमान अवस्था, समस्या,चुनौती र समाधान सम्बन्धी कार्यपत्र र उद्दव अधिकारीबाट खाद्य सुरक्षा र किसान अधिकार सम्बन्धी कार्यपत्र प्रस्तुत भएको थियो ।

## कार्यपत्रमा छलफल भएका विषयवस्तुहरु

### खाद्य असुरक्षाका कारणहरु:

- सरकारका योजनाबद्ध कृषि विकास नीति तथा कार्यक्रम प्रभावकारी रुपमा

कार्यान्वयन नभएको,

- ❖ संघीयता पछि कृषि प्रसार सेवा किसानले सहज सरल रुपमा प्राप्त गर्न नसक्नु,
- ❖ जंगली जनावरले कृषि उपज बस्तुहरुमा गरेको नोक्सानीको नियन्त्रण गर्न पहलकदमी नभएको,
- ❖ बजेट, अनुदान तथा अनुसन्धानमा कम प्राथमिकता दिइनु,
- ❖ स्थानीय तथा मौलिक प्रविधिको संरक्षण र प्रवर्धनमा कम चासो,
- ❖ वास्तविक कृषक परिवारसँग खेतीयोग्य जमीन कम हुनु,
- ❖ सिंचाई सुविधा पर्याप्त नहुनु र पाखा बारी बाँझो रहनु,
- ❖ जग्गा चक्लाबन्दी तथा लिजको वेवास्ता गर्दा खेती जग्गा साँघुरा हुनु,
- ❖ तुलनात्मक लाभ भएका कृषि उपजहरुको उत्पादन तथा बजारीकरणमा ध्यान नदिएको,
- ❖ आवश्यकता अनुसार कृषि उत्पादन सामाग्रीको उपलब्धतामा ठुलो समस्या,
- ❖ व्यावसायिक बाली उत्पादनको लागत मुल्य अनुसार बजार भाउ प्राप्त नभएको,

## सुझाव

- ❖ किसान पहिचान, बर्गीकरण परिचयपत्र र सामाजिक सुरक्षाको व्यवस्था गरिनु पर्ने,
- ❖ तीनै तहका निकायहरुले समयावधि तोकेर प्राङ्गारिक मल नेपाल बनाउन पहल गरिनु पर्ने,
- ❖ प्राविधिक उद्देश्य र विषयवस्तु सेवा मिल्दा मन्त्रालयको बीच एकीकरण गरिनु पर्ने,
- ❖ स्थानीय निकायमा प्राविधिक जनशक्तिहरुको व्यवस्था गरिनु पर्ने,
- ❖ कृषि उपजको आयात निरुत्साहन गर्न स्थानीय उत्पादनलाई प्रवर्द्धन गरिनु पर्ने,
- ❖ कृषिमा खाद्य सुरक्षासँग सम्बन्धित किसानका धेरै मुद्दाहरु छन् । देशमा संघीयता कार्यान्वयन संगै सेवा प्रदान गर्ने निकायहरु तीन तहमा बाँडिएका छन् र सेवा प्रदान गर्ने प्रकृति पनि फरक फरक रहेको छ ।किसानका खाद्य सुरक्षासँग सम्बन्धित मुद्दाहरुलाइ एकीकृत गरेर के कसरी सम्बोधन गर्न सकिन्छ त्यसका लागि योजना कार्यक्रम र बजेटको व्यवस्था गरी कार्यान्वयनमा लैजानुपर्ने,

- हाम्रो खाद्य प्रणाली राजनैतिक मुद्दा हो कि होइन यसबारे अध्ययन गर्न जरुरी छ, खाद्य प्रणालीलाइ राजनैतिक तहमा सुसूचित गर्नुपर्ने,
- राज्यबाट निकै राम्रा नीतिहरु आएका छन् तर ती नीतिलाइ किसानका समस्यासँग जोड्न सकिएको छैन यसको लागि राजनितिक तहबाट महत्वपूर्ण भूमिका खेल्नुपर्ने,
- हाल उपभोक्ताको माग स्वच्छ खाद्य वस्तुको हो यसका लागि सीमा नाकाहरुमा व्यवस्थित चेकजाँचको गरिनुपर्ने,
- खाद्य सुरक्षाको विषयमा किसान संघ संगठनहरुको घोषणा पत्रमा समेत उल्लेख गरिनुपर्ने,
- कृषि क्षेत्रमा सेवा प्रवाह गर्ने राज्यका निकायहरुलाई किसानमैत्री बनाउनुपर्ने।

## राष्ट्रिय किसान आयोग स्थापना दिवस

मिति २०७९।१०।०६ राष्ट्रिय किसान आयोगको छैठौं स्थापना दिवस एवं कृषक गुनासो व्यवस्थापन उद्घाटन कार्यक्रम राष्ट्रिय किसान आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालज्यूको अध्यक्षतामा मा. कृषि तथा पशुपन्छी विकास मन्त्री ज्वाला कुमारी साहज्यूको प्रमुख आतिथ्यता, राष्ट्रिय किसान आयोगका सदस्यज्यूहरु, मन्त्रालय, विभाग, विभिन्न बोर्ड, संस्थान, समिति, आयोजना र किसान संघ/संगठनका प्रतिनिधिहरु, कर्मचारीहरु, पत्रकारहरुको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो ।

उक्त अवसरमा कार्यक्रमका प्रमुख अतिथि मा. कृषि तथा पशुपन्छी विकास मन्त्री ज्वाला कुमारी साहज्यूले कृषक गुनासो कक्ष उद्घाटन गर्नुको साथै चितवनका केरा उत्पादक व्यवसायिक कृषक यज्ञ सुवेदीले केराको बिमा सम्बन्धी र मकवानपुरका च्याउ कृषक देवी माया श्रेष्ठले च्याउको बजारीकरण बारेका गुनासोलाई सम्बोधन गर्नु भएको थियो। कार्यक्रममा उपस्थित सम्पूर्ण किसान संघ/संगठनका प्रमुख एवं प्रतिनिधिहरुबाट राष्ट्रिय किसान आयोगलाई शुभकामना दिनुको साथै भविष्यमा किसान आयोगको कार्य सफलताको कामना गर्नु भएको थियो।

- कार्यक्रमको अन्तमा राष्ट्रिय किसान आयोगका अध्यक्ष डा. प्रेम प्रसाद दंगालज्यूले तपसिल बमोजिमका विषयहरु प्रस्तुत गर्नुभएको थियो ।
- राष्ट्रियस्तरमा नीति निर्माण योजना तर्जुमा जस्ता कार्यहरुमा राष्ट्रिय स्तरका किसान संघ संगठनहरुलाई सहभागिता गराइनु पर्ने,
- किसानहरुको हक अधिकार सम्बर्द्धन तथा प्रवर्द्धनको लागि किसान ऐन

ल्याउनु पर्ने,

- ❖ किसान आयोगको आवधिक रणनीति तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने,
- ❖ खाद्य सम्प्रुभता नियमावली तुरुन्तै पारित गरिनु पर्ने,
- ❖ राष्ट्रिय खाद्य परिषद् गठन गरिनु पर्ने,
- ❖ सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालित आयोजना परियोजना तथा कार्यक्रमहरुको अनुगमनमा किसान संघ संगठनहरुको समेत सहभागिता गराइनु पर्ने,
- ❖ राष्ट्रिय किसान संजाललाई अझै शसक्त बनाइनु पर्ने,

## ४.८ अवलोकन तथा अनुगमन

किसानको जीविकोपार्जनको मूख्य श्रोत मानिएको कृषि क्षेत्रको विकासका लागि सरकारका विभिन्न तहबाट कृषि सम्वन्धी विभिन्न कार्यक्रमहरू संचालनमा आइरहेका छन्। संचालित कार्यक्रमहरूको कार्यान्वयन प्रक्रिया र कार्यक्रममा किसानहरूको पहुँचको अवस्थाको बारेमा जानकारी लिने र अवलोकन तथा अनुगमनका क्रममा देखिएका समस्याहरूको बारेमा सरोकारवाला निकायलाई सुझाव दिने उद्देश्यले राष्ट्रिय किसान आयोगका पदाधिकारी र कर्मचारीहरुबाट विभिन्न अनुगमनहरू गरियो। सुनसरी, मोरङ्ग, झापा, इलाम, पाँचथर, खोटाङ्ग, ओखलढुङ्गा, तनहुँ, सुर्खेत, कास्की, पाल्पा, कैलाली, बाँके, बर्दिया दाङ्ग, रुपन्देही, चितवन, नवलपरासी आदि जिल्लाहरुमा कृषि तथा पशुपन्छी मन्त्रालयबाट संचालित केही परियोजना / आयोजना तथा कार्यक्रमहरुको अवलोकन तथा अनुगमन गरियो। त्यसै गरी प्रदेश र स्थानीय तहबाट संचालित कृषि विकास कार्यक्रमहरुको स्थलगत जानकारी लिई सम्बन्धित सरोकारवाला निकायसँग अन्तरक्रिया तथा छलफल गरियो। अवलोकन तथा अनुगमनको विस्तृत विवरण अनुसूची ४ मा संलग्न गरिएको छ ।

# खण्ड ङ

## आर्थिक वर्ष ०७९/८० मा लक्ष्य बाहेक गरिएका कार्यक्रमहरू

- ❖ दक्षिणकाली नगरपालिका ८ र ९ छैमले काठमाडौंका किसानहरुबाट नास्पातीमा दाना नलागेको समस्या सम्बन्धी गुनासो यस आयोगमा आएको हुँदा समस्यालाई समाधान गर्न राष्ट्रिय किसान आयोगको नेतृत्वमा नेपाल कृषि अनुसन्धान परिषद्का वित्त प्रशासन निर्देशक, वाली तथा वागवानी अनुसन्धान निर्देशक, नेपाल कृषि अनुसन्धान परिषद्का वरिष्ठ बैज्ञानिक, विरुवा रोग वैज्ञानिक, माटो विज्ञ, वागवानी विज्ञ, वातावरणविद् लगायतको टिमले किसानको फिल्ड अवलोकन तथा निरीक्षण गरी किसानलाई प्राविधिक सल्लाह/सुझाव दिईएको। जसको विस्तृत विवरण अनुसूची ५ मा रहेको छ ।
- ❖ कृषकहरुको हक अधिकारको सम्वर्द्धन र प्रवर्द्धन गर्नका लागि राष्ट्रिय किसान आयोगले नेपालभर रहेका सम्पूर्ण कृषकहरुका कृषि तथा पशुपन्छीजन्य उत्पादन, उत्पादनोपरान्तका कार्य, बजारीकरण तथा कृषि क्षेत्रसँग सम्बन्धित अन्य क्रियाकलापहरुसँग सरोकार राख्ने विषयहरुमा भएका गुनासोहरुलाई व्यबस्थित गर्न, सम्बन्धित निकायमा पुर्याई सुनुवाई तथा समस्या समाधानमा पहल गर्न राष्ट्रिय किसान आयोगमा कृषक गुनासो व्यवस्थापन कक्षको व्यवस्था गरिएको छ। उक्त व्यवस्थापन कक्षमा प्राप्त भएका गुनासो एवं समाधानको लागि गरिएका प्रयासहरु अनुसूची ६ मा उल्लेख गरिएको छ।
- ❖ राष्ट्रिय किसान आयोगको नेतृत्वमा माननीय अर्थमन्त्री जनार्दन शर्मासँग भेट गरी धानको समर्थन मूल्यको प्रभावकारी कार्यान्वयन गर्न गराउनका लागि आवश्यक पर्ने बजेट बिनियोजन गरी किसानहरुबाट तत्काल धान खरिद गर्ने ब्यवस्था गर्नका लागि अनुरोध गरिएको ।
- ❖ राष्ट्रिय किसान आयोगका अध्यक्षको अध्यक्षतामा धानको समर्थन मूल्यको प्रभावकारी कार्यान्वयनका लागि राष्ट्रिय किसान आयोगमा छलफल/अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा राष्ट्रिय किसान आयोगका सदस्यज्यूहरू साथै उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय; खाद्य व्यवस्था तथा व्यापार कम्पनीका प्रमुख एवम् प्रतिनिधिहरूको सहभागिता रहेको थियो। छलफलका क्रममा नेपाल सरकारबाट तोकिने गरेको धानको समर्थन मूल्यको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित निकायहरूले आ-आफ्नो जिम्मेवारी अनुसार आवश्यक पहल गरी कार्यान्वयनका लागि अगाडि बढ्ने निर्णय गरिएको।

❖ विभिन्न माग राखी आन्दोलनरत उपत्यकाका किसानहरुले आन्दोलनको शुरुवात गरेको अवस्थामा राष्ट्रिय किसान आयोगबाट ज्ञापन पत्र बुझी सोही ज्ञापन पत्रमा उल्लेखित मागहरु सम्बन्धमा यस आयोग, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका प्रतिनीधि र किसान बीच किसानका मुद्दाहरु उपर छलफल तथा अन्तरक्रिया बाट प्राप्त निष्कर्षहरु निम्न अनुसार गर्ने गराउन गरी विभिन्न निकायमा कार्यान्वयनको लागि सिफारिस गरिएको।

- ♦ कृषि तथा पशुपंक्षी उत्पादनको सरकारबाट मूल्य निर्धारण गरी क्रमशः लागु गर्दै जाने । मूल्य निर्धारण प्रक्रियामा किसान प्रतिनिधीको सहभागिता गराई कृषि तथा पशुपंक्षी उत्पादनको मूल्य निर्धारण गर्ने ।कृषि बजारमा किसानहरुको पहुँचको लागि संचालनमा आएका प्रमुख फलफूल तथा तरकारी एवं पशुपन्छी बजारमा उत्पादित वस्तु बिक्री वितरण गर्ने स्टल उपलब्ध हुने ब्यवस्था गरिनु पर्ने,
- ♦ राज्यका हरेक नीति निर्माण गरिने तहमा उत्पादक किसानको प्रतिनिधित्व सुनिश्चिता गर्ने,
- ♦ किसान सूचीकरण र वर्गीकरणको कार्यलाई तिब्रता दिनु पर्ने,
- ♦ किसानले कृषि तथा पशुपन्छी उत्पादनको लागि कच्चा पदार्थ ढुवानी गर्दा विना रोकतोक ओसारपसारको ब्यवस्था गर्ने,
- ♦ कृषकको एवं कृषिजन्य उत्पादनको बिमा भुक्तानी प्रक्रिया सहज एवं छिटो छरितो हुनु पर्ने,
- ♦ भूमि बैंकलाई प्रभावकारी ढंगले संचालन गरी किसानहरुलाई करार खेती गर्न प्रोत्साहन गर्ने,
- ♦ कृषि ब्यवसायको लागि उपलब्ध हुने सहुलियतपूर्ण ऋणको ब्याज र किस्ता तिर्ने अवधि कृषि तथा पशुपन्छी उत्पादन हुने बाली र बस्तुको आधारमा निर्धारण गरिनु पर्ने,
- ♦ गुणस्तरीय कृषि उत्पादन सामाग्रीहरुको सहज आपूर्ति ब्यवस्था गरिनु पर्ने,
- ♦ नेपाल सरकारबाट स्वीकृत भएका भू-उपयोग नीति, ऐन र नियमावलीको कार्यान्वयन गरिनु पर्ने,
- ♦ प्रभावकारी कार्यान्वयन गरी जमीन खण्डिकरण तत्काल रोक्नु पर्ने,
- ♦ कृषि योग्य जमीनको वर्गीकरण गरी खेती योग्य जमीनको संरक्षण गर्ने ।

- ❖ किसान सूचीकरणको कार्यलाई द्रुत गतिमा अगाडी बढाउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा आवश्यक समन्वयको लागि पत्राचार गरी हालसम्मको प्रगतिको अवस्थाको जानकारी लिइएको,
- ❖ किसान संघर्ष समिति चितवनबाट तरकारी कृषकहरुको ज्ञापन पत्र पेश गरिएकोमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा मागहरु सम्बन्धमा आवश्यक व्यवस्था हुन पत्राचार गरिएको,
- ❖ रासायनिक मलमा दिदै आएको अनुदानमा कटौती गर्दा किसानलाई कृषि उत्पादनको लागत बढ्न जाने हुँदा उक्त निर्णय पुनर्विचार गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई अनुरोध गरी पत्राचार गरिएको र सो अनुसार कार्यान्वयन भई रासायनिक मलमा दिदै आएको अनुदानमा कटौती नभएको,
- ❖ पशु चौपायामा फैलिएको लम्पी स्किनको नियन्त्रणको लागि प्रभावकारी कदम चाल्नुको साथै यस रोगबाट मरेका पशुहरुको किसानहरुलाई क्षतिपूर्तिको समेत व्यवस्था हुन अनुरोध गरिएको,
- ❖ चितवनका तरकारी उत्पादक कृषकहरुले उचित मूल्य नपाएको भनी उत्पादन बाटोमा प्रदर्शन गरेको हुँदा कृषकको फिल्ड अनुगमन गरी सम्बन्धित सरोकारवालाससँग छलफल गरी प्राप्त निष्कर्षहरु कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा आवश्यक व्यवस्थाको लागि पत्राचार गरिएको,
- ❖ कपिलबस्तु र कञ्चनपुर जिल्लाका उखु किसानले हालसम्म प्राप्त गर्नुपर्ने अनुदान रकम उपलब्ध नभएको सम्बन्धमा सरोकारवाला निकायसँग बैठक तथा छलफल गरिएको ।उक्त बैठक तथा छलफलमा निम्नानुसार निर्णय गरिएको:
- ❖ मुख्य मुख्य वालीहरुको न्यूनतम समर्थन मूल्य र खरिद मूल्य समयमै तोकी सिफारिस सहित निर्णयका लागि सम्बन्धित निकायमा पठाई उक्त निर्णयको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने,
- ❖ कपिलवस्तु किसान संघ तथा उखु किसान संघर्ष समितिले राखेका माग अनुसार आ.व. २०७१/०७२ को महालक्ष्मी सुगर्स प्राइभेट लिमिटेड कपिलवस्तु र श्री महाकाली सुगर्स प्रा.ली. कंञ्चनपुरबाट उखु क्रसिङ्गको परिमाणको उखु किसानहरुले रु.२५/- प्रति क्विन्टलका दरले अनुदान पाउने नेपाल सरकारले गरेको निर्णय बमोजिम रकम प्राप्त गर्नु पर्नेमा हालसम्म किसानले प्राप्त नगरेको हुनाले उक्त अनुदान रकम किसानलाई उपलब्ध गराउने ब्यवस्थाको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले अर्थ

मन्त्रालयसंग समन्वय गरी अनुदान रकम उपलब्ध गराउन अनुरोध गर्ने र उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले चिनी मिलका उद्योगीसँग समन्वय गरी संयुक्त बैठक बस्ने कार्यमा सहयोग गर्ने।

- ❖ कालिमाटी फलफूल तथा तरकारी थोक बजारको समसामायिक विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम गरी निम्नानुसारको सुझावहरु पेश गरिएकोः
  - ♦ कालिमाटी थोक बजारमा अवस्थित स्टल वितरण गर्दा वैज्ञानिक र पारदर्शी ढंगले वितरण गर्ने व्यवस्था मिलाई नयाँ कृषक र व्यवसायीहरुलाई प्रवेश हुने वातावरण मिलाउन आवश्यक पहल गरिनुपर्ने,
  - ♦ कालिमाटी फलफूल तथा तरकारी बजार बिकास समितिको मातहतमा रहेका स्टलहरुको भाडा सम्झौताको म्याद सकिदै रहेको अवस्थामा हाललाई पुराना व्यवसायीहरुको स्टललाई तीन महिनाको नविकरण गरी यथाशक्य विद्यमान बजार विकास समितिको गठन आदेश, नियमावली, कार्यविधि समय सापेक्षरुपमा संशोधन गरी खुल्ला प्रतिस्पर्धाबाट स्टलहरु भाडामा लगाउने व्यवस्था मिलाउने,
  - ♦ उपभोक्ता संरक्षण विभागसंग नियमित समन्वय गर्ने "बजार विकास समितिले उत्पादक किसानलाई संरक्षण गर्नुका साथै तरकारीको बजार मूल्यलाई नियमन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागसँग नियमित समन्वय गर्ने"
- ❖ आ.व २०८०/८१ मा समावेश गरिनु पर्ने कृषि सम्बन्धी नीति तथा कार्यक्रमका लागि सुझावहरु तयार गरी मन्त्रालयमा पत्राचार गरिएको । विस्तृत विवरण अनुसूची ७ मा उल्लेख गरिएको,
- ❖ रोल्पा जिल्लामा कृषि ज्ञान केन्द्रबाट संचालित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको ब्लक विकास कार्यक्रमको रकम भुक्तानीको लागि कृषक संघर्ष समिति रोल्पाद्धारा पेश गरिएको ज्ञापन पत्रमा उल्लेखित मागहरु सम्बोधनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबार, अर्थ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पत्राचार गरिएको ।
- ❖ नेपाल पिछडावर्ग किसान महासंघले नेपालमा उत्पादन भएको कृषकको तरकारीको बजार ब्यवस्थापन सम्बन्धमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा कार्यान्वयनको लागि आवश्यक व्यवस्था हुन पत्राचार गरिएको,

- ❖ च्याउ उत्पादक किसान संघ नेपालबाट यस आयोगमा पेश गरिएको ज्ञापन पत्रमा ढुवानी कार्यमा उत्पन्न समस्याको सहजीकरण सम्बन्धमा गृह मन्त्रालय र कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा कार्यान्वयनको लागि पत्राचार गरिएको,
- ❖ मिति २०८०/०१/०९ गते किसानका समस्या समाधानका लागि नुवाकोट निवासी श्रीराम घिमिरे आमरण अनसन बसेको सम्बन्धमा राष्ट्रिय किसान आयोग, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अनसनकारीका प्रतिनीधि बीच छलफल भई प्राप्त निष्कर्ष कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पत्राचार गरिएको,
- ❖ चर्को ब्याजदर "मिटर ब्याज" बाट पीडित किसानहरुको सत्यतथ्य अवस्था पत्ता लगाई एक उच्चस्तरीय छानबीन समिति गठन गर्न र अबिलम्ब वार्ता गरी समाधानको वातावरण बनाउन सम्वन्धित सरोकारवालालाई प्रेस विज्ञप्ती मार्फत अनुरोध गरिएको, विस्तृतमा अनुसूची ८ मा उल्लेख गरिएको,
- ❖ निरन्तर अविरल वर्षा बाढी र डुवानबाट देशका बिभिन्न जिल्लाहरुमा धानवाली लगायत अन्य वाली नोक्सान भएको हुदा क्षतिपूर्ति एवं समस्या समाधानको वातावरण बनाउन सम्वन्धित सरोकारवालालाई प्रेस विज्ञप्ती मार्फत अनुरोध गरिएको, विस्तृतमा अनुसूची ८ मा उल्लेख गरिएको,
- ❖ व्यवसायिक तरकारी उत्पादक किसानहरुले उत्पादन गरेको तरकारीको लागत खर्च अनुसार समर्थन मूल्य तोकि प्रभावकारी कार्यान्वयन गर्न र भारतबाट आयातित तरकारीलाई निरुत्साहित गरी अविलम्ब समस्या समाधान गर्न राष्ट्रिय किसान आयोग नेपाल सरकारका सबै सम्बन्धित सरोकारवाला प्रेस विज्ञप्ती मार्फत अनुरोध गरिएको, विस्तृतमा अनुसूची ८ मा उल्लेख गरिएको,
- ❖ नेपाल सरकारको तर्फबाट किसानहरुलाई रासायनिक मलमा दिदै आएको अनुदान कटौति गर्ने निर्णय फिर्ता गरी अन्तर्राष्ट्रिय बजारमा भएको मूल्यमा घटबढ भए अनुसार स्वचालित ढंगले मूल्य समायोजन हुने व्यवस्था र गुणस्तरीय रासायनिक मलको सहज आपूर्ति गरी उत्पादक किसानकोमा नै पुग्ने व्यवस्था हुन राष्ट्रिय किसान आयोग नेपाल सरकार र सम्बन्धित सरोकारवाला निकायहरुलाई प्रेस विज्ञप्ती मार्फत अनुरोध गरिएको, विस्तृतमा अनुसूची ८ मा उल्लेख गरिएको,
- ❖ कृषि क्षेत्रमा देखिएको विषम परिस्थिति र यसबाट उत्पन्न हुनसक्ने असरलाई दृष्टिगत गरी आर्थिक वर्ष (आ.व २०८०/०८१) को बजेट तयारीमा आम

किसानलाई संरक्षण गर्ने र देशमा पर्न सक्ने खाद्य संकट व्यवस्थापनका लागि आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरी कृषि क्षेत्रको सुधारका लागि सरोकारवाला निकायहरूलाई प्रेस विज्ञप्ती मार्फत अनुरोध गरिएको, विस्तृतमा अनुसूची ८ मा उल्लेख गरिएको,

❖ किसानहरुले उत्पादन गरेको गोलभेंडा तथा तरकारीहरुको समेत लागत खर्च अनुसार उचित मूल्य तोकी प्रभावकारी रुपमा कार्यान्वयन गर्न/गराउन राष्ट्रिय किसान आयोग नेपाल सरकारका सबै सरोकारवाला निकायहरुलाई प्रेस विज्ञप्ती मार्फत अनुरोध गरिएको। विस्तृतमा अनुसूची ८ मा उल्लेख गरिएको छ।

# अनुसूची-१

# आ.व २०७९/०८० को वार्षिक प्रगति प्रतिवेदन

**बार्षिक प्रगति प्रतिवेदन**

बजेट तर्जुमासंग सम्बन्धित आर्थिक प्रशासन नियम २०(१) बमोजिमको फाराम

| | | |
|---|---|---|
| १. आ.व. २०७९/८० | | १०. वार्षिक बजेट (रू): ४९० ४९०.०० |
| २. बजेट उपशीर्षक नं. : ३१२२१०११ | | क) आन्तरिक : १) नेपाल सरकार ४.८५ |
| ३. मन्त्रालयः कृषि तथा पशु विकास मन्त्रालय | | २) स्थानीय निकाय / संस्था : |
| ४. विभाग/ संस्था : आयोग | | ३) जनसहभागिता : |
| ५. कार्यक्रम/आयोजनाको नामः राष्ट्रिय किसान आयोग | | (ख) वैदेशिक : अनुदान ० |
| **राष्ट्रिय किसान आयोग** | | ऋण ० |
| ६. स्थान : राष्ट्रिय किसान आयोग काठमाडौं | | (ग) सटही दर : |
| ७. आयोजना शुरु भएको मिति : | वि.सं. | (घ) दातृ संस्था : |
| ८. आयोजना पुरा हुने मिति : | वि.सं. | |
| ९. आयोजना/ कार्यालय प्रमुखको नाम : श्री दुर्गा प्रसाद पण्डित | | |

| क.सं. | कार्यक्रम /कियाकलाप | खर्च शीर्षक | इकाई | बार्षिक लक्ष्य | | | यस आ.व. को वार्षिक प्रगति | | प्रगति अवधि सम्म यस आ.व. को प्रगति | | सुचकमा आधारित प्रमुख प्रतिफल उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | परिमाण | भार | परिमाण | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| **पूँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु** | | | | | | | | | | | | |
| ११.३.७.८९ | कार्यालयको लागि रेफ्रिजेरेटर खरिद | ३११२२ | संख्या | १ | ०.१२ | ०.६० | १ | ०.१२ | १ | ०.१२ | | |
| ११.३.७.१०८७ | सभा कन्फ्रेन्स हल सेट अप (हल डेकोरेसन, साउण्ड सिस्टम, स्पिकर व्यवस्थापन, स्टेज व्यवस्थापन) | ३११२२ | पटक | १ | ०.३७ | १.८० | १ | ०.३७ | १ | ०.३७ | | |
| ११.३.७.४५४ | Air conditionre | ३११२२ | संख्या | ३ | ०.५५ | २.७० | ३ | ०.५५ | ३ | ०.५५ | | |
| ११.३.१७..२ | डिजिटल डिस्प्ले खरिद तथा जडान | ३११२२ | पटक | १ | ०.२६ | १.२५ | १ | ०.२६ | १ | ०.२६ | | |
| ११.३.१७.१२ | डेस्कटप कम्प्यूटर खरिद | ३११२२ | संख्या | ४ | ०.६५ | ३.२० | ४ | ०.६५ | ४ | ०.६५ | | |
| ११.३.२२.५५७ | कृषक गुनासो व्यवस्थापन गर्न आवश्यक पर्ने उपकरण तथा अन्य मेशिनरी औजार खरिद तथा जडान | ३११२२ | पटक | १ | १.०१ | ४.९५ | १ | १.०१ | १ | १.०१ | | |
| ११.३.२२.५५८ | कार्यालयको लागि इन्भर्टर, ब्याट्री, यु.पि.एस. तथा अन्य मेशिनरी औजार खरिद | ३११२२ | पटक | १ | ०.५१ | २.५० | १ | ०.५१ | १ | ०.५१ | | |
| ११.६.१३.१३८ | कायायलयको लागि फर्निचर तथा फर्निसिङ्ग खरिद (कायायलयको लागि फर्निचर फिक्चर्स )(टेबल, कुसी सोफा ,दराज) | ३११२३ | सेट | ५ | १.०२ | ५.०० | ० | १.०२ | ० | १.०२ | | |
| क) | पूँजीगत खर्च कार्यक्रमको जम्मा | | | १७ | ४.४९ | २२.०० | १२ | ४.४९ | १२ | ४.४९ | | |
| **चालु खर्च अन्तर्गतका कार्यक्रमहरु** | | | | | | | | | | | | |
| १.१.१.४ | रा.प. द्वितीय (स्थायी कर्मचारी) | २१११११ | जना | ०.०० | ३.२८ | १६.०५ | ४.०० | १.६३ | ४.०० | १.६३ | | |
| १.१.१.७१ | शाखा अधिकृत (स्थायी कर्मचारी) | २१११११ | जना | ०.०० | १.४० | ६.८४ | ४.०० | १.३९ | ४.०० | १.३९ | | |
| १.१.१.७२ | लेखा अधिकृत (स्थायी कर्मचारी) | २१११११ | जना | ०.०० | १.४० | ६.८४ | ४.०० | १.३९ | ४.०० | १.३९ | | |
| १.१.१.९० | रा.प.अनं.प्र.(प्रा) (स्थायी कर्मचारी) | २१११११ | जना | ०.०० | ३.६८ | १८.०२ | ४.०० | १.१२ | ४.०० | १.१२ | | |
| १.१.१.९१ | रा.प.अनं.प्र. (प्र) (स्थायी कर्मचारी) | २१११११ | जना | ०.०० | १.१७ | ५.७२ | ४.०० | १.१७ | ४.०० | १.१७ | | |
| १.१.१.९२ | रा.प.प्रथम्र (प्रा.) (स्थायी कर्मचारी) | २१११११ | जना | ०.०० | १.७७ | ८.६५ | ०.०० | ०.०० | ०.०० | ०.०० | | |
| १.१.१.९९ | रा.प.तृ (प्रा.) (स्थायी कर्मचारी) | २१११११ | जना | ०.०० | ४.४१ | २१.५९ | ६.०० | २.१५ | ६.०० | २.१५ | | |
| १.१.२.१९ | हलुका सवारी चालक | २१११११ | जना | ०.०० | ०.०६ | ०.२९ | ०.०० | ०.०६ | ०.०० | ०.०६ | | |
| १.१.७.४ | अध्यक्ष (पारिश्रमिक पदाधिकारी) | २१११२ | जना | ०.०० | १.८९ | ९.२५ | ४.०० | १.८८ | ४.०० | १.८८ | | |
| १.१.७.५ | सदस्य (पारिश्रमिक पदाधिकारी) | २१११२ | जना | ०.०० | ८.३२ | ४०.७५ | २०.०० | ८.३२ | २०.०० | ८.३२ | | |

| क.सं. | कार्यक्रम /क्रियाकलाप | खर्च शीर्षक | इकाई | वार्षिक लक्ष्य | | | यस आ.व. को वार्षिक प्रगति | | प्रगति अवधि सम्म यस आ.व. को प्रगति | | सुचकमा आधारित प्रमुख प्रतिफल उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | परिमाण | भार | परिमाण | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| **चालु खर्च अन्तर्गतका कार्यक्रमहरु** | | | | | | | | | | | | |
| १.३.१.१ | निजामती कर्मचारीहरुको पोशाक खर्च (कर्मचारी पोशाक ) | २११२१ | जना | १२.०० | ०.२० | १.०० | १२.०० | ०.१५ | १२.०० | ०.१५ | | |
| १.२.२.२ | महंगी भत्ता (महंगी भत्ता) | २११३२ | जना | १२.०० | ०.६१ | ३.०० | ०.०० | ०.६२ | ०.०० | ०.६२ | | |
| १.२.४.५ | बैठक भत्ता | २११३४ | पटक/किसिम | २४.०० | ०.४१ | २.०० | १८.०० | ०.३६ | १८.०० | ०.३६ | | |
| १.२.११.१ | पदाधिकारी बैठक भत्ता | २११४१ | पटक | २४.०० | ०.६१ | ३.०० | २४.०० | ०.६१ | २४.०० | ०.६१ | | |
| ८.१.४.४ | पदाधिकारीलाई टेलिफोन, बिजुली र धारा सुबिधा | २११४२ | जना | ६.०० | ०.४४ | २.१६ | २४.०० | ०.४४ | २४.०० | ०.४४ | | |
| ८.१.४.५ | पदाधिकारीको लागि घर सरसफाई सुविधा | २११४२ | जना | ६.०० | ०.२० | १.०० | २४.०० | ०.२० | २४.०० | ०.२० | | |
| ८.१.४.६ | पदाधिकारीको सुविधाको घर भाडा | २११४२ | जना | ६.०० | १.८४ | ९.०० | २४.०० | १.८४ | २४.०० | १.८४ | | |
| १.५.५.१ | सेवामा रहेका पदाधिकारीको औषधी उपचार खर्च (औषधी उपचार, पदाधिकारी) | २११४२ | जना | ६.०० | ०.७८ | ३.८४ | २४.०० | ०.८० | २४.०० | ०.८० | | |
| १.६.४.१ | कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च (कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च) | २१२१३ | जना | १२.०० | ०.२० | १.०० | ०.०० | ०.२१ | ०.०० | ०.२१ | | |
| २.१.१.१ | धारा महशुल | २२१११ | पटक | १२.०० | ०.३७ | १.८० | १२.०० | ०.३६ | १२.०० | ०.३६ | | |
| २.१.२.१ | बिद्युत महशुल (बिजुली महसुल) | २२१११ | पटक | १२.०० | ०.७३ | ३.६० | १२.०० | ०.७२ | १२.०० | ०.७२ | | |
| २.१.३.१ | जारको पिउने पानी (पिउने पानी) | २२१११ | जार | १०८०.०० | ०.३१ | १.५० | १०८०.०० | ०.३२ | १०८०.०० | ०.३२ | | |
| २.१.३.२ | टयाङ्करको पानी (पिउने पानी) | २२१११ | संख्या | १२.०० | ०.२४ | १.२० | १६.०० | ०.२४ | १६.०० | ०.२४ | | |
| २.१.३.३ | मिनिरल वाटर | २२१११ | संख्या | ३७५.०० | ०.१८ | ०.९० | ३७५.०० | ०.१८ | ३७५.०० | ०.१८ | | |
| २.१.६.१ | टेलिफोन महसुल (टेलिफोन महसुल) | २२११२ | महिना | १२.०० | ०.६१ | ३.०० | १२.०० | ०.६१ | १२.०० | ०.६१ | | |
| २.१.६.११ | संचार महशुल (टेलिफोन/इमेल/इन्टरनेट/हुलाक/कुरीयर) | २२११२ | महिना | १२.०० | ०.६१ | ३.०० | १२.०० | ०.६० | १२.०० | ०.६० | | |
| २.२.१.४ | मोबिल | २२२११ | लिटर | २१६.०० | ०.४६ | २.२७ | २१६.०० | ०.४६ | २१६.०० | ०.४६ | | |
| २.२.१.८ | गाडीको लागि गियर आईल र वेक आईल आदी | २२२११ | लिटर | २२७.०० | ०.४६ | २.२७ | २२७.०० | ०.४५ | २२७.०० | ०.४५ | | |
| २.२.१.२२ | सुविधाको इन्धन | २२२११ | लिटर | ५५००.०० | १.९३ | ९.४६ | ०.०० | १.९३ | ०.०० | १.९३ | | |
| २.२.२.२ | पेट्रोल- दुई पाङ्ग्रे (इन्धन कार्यालय प्रयोजन) | २२२१२ | लिटर | २६४०.०० | १.०० | ४.८९ | २६४०.०० | १.०० | २६४०.०० | १.०० | | |
| २.२.२.३ | डिजेल (इन्धन कार्यालय प्रयोजन) | २२२१२ | लिटर | २३७६.०० | ०.७५ | ३.६९ | ०.०० | ०.७६ | ०.०० | ०.७६ | | |
| २.२.२.४ | मोबिल (इन्धन कार्यालय प्रयोजन) | २२२१२ | लिटर | ३००.०० | ०.६१ | ३.०१ | ३००.०० | ०.६२ | ३००.०० | ०.६२ | | |
| २.२.२.९९ | कार्यक्रम संचालन तथा अनुगमनमा प्रयोग हुने गाडीका लागि डिजेल | २२२१२ | लिटर | २३४०.०० | ०.८२ | ४.०३ | २३४०.०० | ०.८१ | २३४०.०० | ०.८१ | | |
| २.२.२.२७४ | आयोगका पदाधिकारीहरुबाट हुने कार्यक्रम अनुगमनको लागि डिजेल | २२२१२ | लिटर | २५४४.०० | ०.८९ | ४.३८ | २५४४.०० | ०.८८ | २५४४.०० | ०.८८ | | |
| २.३.१.३ | दुई पाङ्ग्रे सवारी साधन मर्मत खर्च (सवारी साधन मर्मत) | २२२१३ | वटा | २१.०० | ०.४३ | २.१० | २१.०० | ०.४३ | २१.०० | ०.४३ | | |

| क्र.सं. | कार्यक्रम /क्रियाकलाप | खर्च शीर्षक | इकाई | वार्षिक लक्ष्य | | | यस आ.व. को वार्षिक प्रगति | | प्रगति अवधि सम्म यस आ.व. को प्रगति | | सुचकमा आधारित प्रमुख प्रतिफल उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | परिमाण | भार | परिमाण | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| **चालु खर्च अन्तर्गतका कार्यक्रमहरु** | | | | | | | | | | | | |
| २.३.१.११ | चार पाङग्रे सवारी मर्मत खर्च | २२२१३ | वटा | ७.०० | ४.२७ | २०.९० | २८.०० | ४.२६ | २८.०० | ४.२६ | | |
| २.९.२.८ | सवारी साधन बिमा नविकरण | २२२१४ | संख्या | ३०.०० | १.२२ | ६.०० | ३०.०० | १.२२ | ३०.०० | १.२२ | | |
| २३.२.७२ | सानातिना कार्यालयमा आईपर्ने विविध मर्मत सम्भार | २२२२१ | पटक | १०.०० | ०.२० | १.०० | ०.०० | ०.२० | ०.०० | ०.२० | | |
| २.३.२.९८ | कम्प्यूटर/ल्यापटप, फ्याक्स, फोटोकपी, प्रिन्टर, टेलीफोन मर्मत खर्च | २२२२१ | पटक | ३०.०० | ०.६१ | ३.०० | ३०.०० | ०.६० | ३०.०० | ०.६० | | |
| २.३.९.१६९ | कार्यालको बैठककक्षको लागि भवनमा पार्टेशन, मर्मत तथा रंगरोगन | २२२३१ | संख्या | १.०० | १.०२ | ५.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | | |
| २.४.१.२ | पत्रपत्रिका तथा पुस्तिका खरीद | २२३११ | महिना | १२.०० | ०.२९ | १.४४ | १२.०० | ०.२८ | १२.०० | ०.२८ | | |
| २.४.१.२० | छपाई खर्च (छपाई खर्च ) | २२३११ | पटक | १२.०० | ०.५६ | २.७६ | १२.०० | ०.५७ | १२.०० | ०.५७ | | |
| २.४.१.४१ | एफ एम. रेडियो टिभि तथा पत्रपत्रिकाबाट सूचना प्रकाशन | २२३११ | पटक | १२.०० | ०.३७ | १.८० | १६.०० | ०.३६ | १६.०० | ०.३६ | | |
| २.४.१.९७ | कम्प्यूटर तथा प्रिन्टरमा प्रयोग हुने मसि, टोनर, कार्टिज, फोटोकपी पेपर, कागज, लेमिनेसन पेपर आदि | २२३११ | संख्या | ६०.०० | ०.६१ | ३.०० | ६०.०० | ०.६० | ६०.०० | ०.६० | | |
| २.२.३.२ | ग्याँस | २२३१४ | संख्या | ५४.०० | ०.२२ | १.०८ | ५४.०० | ०.२४ | ५४.०० | ०.२४ | | |
| २.२.३.३२ | अन्य प्रयोजनको लागि इन्धन | २२३१४ | लिटर | १२.०० | ०.१९ | ०.९२ | ८.०० | ०.१६ | ८.०० | ०.१६ | | |
| २.५.३.८९ | आयोगको गतिविधी अभिलेखिकरण तथा प्रचार प्रसारको लागि मिडिया करार (सेवा करार) | २२४११ | पटक | ४.०० | १.२२ | ६.०० | ४.०० | १.२४ | ४.०० | १.२४ | | |
| २.५.३.२९७ | वेभसाइट अपडेट | २२४११ | पटक | १.०० | ०.२० | १.०० | १.०० | ०.२० | १.०० | ०.२० | | |
| २.५.३.४५८ | कार्यालयका कम्प्यूटर, फोटोकपि, एसि आदी मेशिनरी मर्मत सेवा करार | २२४११ | जना | १.०० | ०.२० | १.०० | १.०० | ०.२० | १.०० | ०.२० | | |
| २.५.३.५०६ | आयोगको आवधिक रणनीतिक योजना तयार गर्ने | २२४११ | पटक | १.०० | २.०४ | १०.०० | १.०० | २.०४ | १.०० | २.०४ | | |
| २.५.३.५१० | संविधानले व्यवस्था गरेका किसानहरुका हक हित र अधिकारहरु कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन गर्ने गराउने | २२४११ | पटक | १.०० | १.५३ | ७.५० | १.०० | १.५३ | १.०० | १.५३ | | |
| २.५.३.५११ | कृषि सहकारी संचालनमा देखिएका समस्याहरुको पहिचान गरी समाधानका उपायहरुबारे अध्ययन गर्ने | २२४११ | पटक | १.०० | २.०४ | १०.०० | १.०० | २.०४ | १.०० | २.०४ | | |
| २.५.३.५१४ | कृषि क्षेत्रमा क्रियाशील बहुराष्ट्रिय कम्पनीका काम, कारोबार अध्ययन अनुगमन गरी आवश्यक नियमन गर्न नेपाल सरकारलाई सुझाव दिने | २२४११ | पटक | १.०० | १.०२ | ५.०० | १.०० | १.०२ | १.०० | १.०२ | | |
| २.५.३.५१५ | विद्यमान नीति, ऐन र नियममा किसान अधिकारमा रहेको GAP अध्ययन तथा विश्लेषण गरी सुधार सुझाव तयार गर्ने | २२४११ | पटक | १.०० | १.६३ | ८.०० | १.०० | १.६३ | १.०० | १.६३ | | |
| २.५.३.५१६ | कृषिकार्यमा प्रयोग हुने प्राकृतिक श्रोत साधनमा किसानहरुको पहुच बढाउने र अधिकार स्थापना गर्ने ठोस कार्ययोजना बनाउन अध्ययन गर्ने गराउने | २२४११ | वटा | १.०० | १.०२ | ५.०० | १.०० | १.०२ | १.०० | १.०२ | | |
| २.५.३.५१७ | भूमिहिन किसानहरुको निविकोपार्जन सुधारका लागि उपयुक्त कृषि विकास कार्यक्रमको बारेमा अध्ययन गर्ने | २२४११ | पटक | १.०० | १.०२ | ५.०० | १.०० | १.०२ | १.०० | १.०२ | | |
| २.५.३.५७६ | विभिन्न बाली वस्तुहरुको किसानले उचित मुल्य पाउने उपायको वैज्ञानिक विधि तय गर्न अध्ययन गर्ने | २२४११ | पटक | १.०० | १.५३ | ७.५० | १.०० | १.५३ | १.०० | १.५३ | | |
| २.५.७.४ | सेवा करारका कर्मचारीलाई चाडपर्व खर्च | २२४१३ | संख्या | १८.०० | ०.९२ | ४.५१ | १८.०० | ०.९२ | १८.०० | ०.९२ | | |
| २.५.७.५ | सेवा करारका कर्मचारीलाई पोशाक खर्च | २२४१३ | संख्या | १८.०० | ०.३७ | १.८० | १८.०० | ०.३७ | १८.०० | ०.३७ | | |
| २.५.७.४२ | कार्यालय सहयोगी | २२४१३ | संख्या | ५.०० | २.६३ | १२.९० | २०.०० | २.६४ | २०.०० | २.६४ | | |
| २.५.७.४३ | हलुका सवारी चालक | २२४१३ | संख्या | ८.०० | ४.६९ | २२.९९ | २८.०० | ३.२३ | २८.०० | ३.२३ | | |
| २.५.७.६८ | स्वीपर करार | २२४१३ | जना | १.०० | ०.३७ | १.८० | ४.०० | ०.३६ | ४.०० | ०.३६ | | |

| क.सं. | कार्यक्रम /क्रियाकलाप | खर्च शीर्षक | इकाई | वार्षिक लक्ष्य | | | यस आ.व. को वार्षिक प्रगति | | प्रगति अवधि सम्म यस आ.व. को प्रगति | | सुचकमा आधारित प्रमुख प्रतिफल उपलब्धि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | परिमाण | भार | परिमाण | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| **चालु खर्च अन्तर्गतका कार्यक्रमहरु** | | | | | | | | | | | | |
| २.९.२.८ | सवारी साधन बिमा नविकरण | २२२१४ | संख्या | ३०.०० | १.२२ | ६.०० | ३०.०० | १.२२ | ३०.०० | १.२२ | | |
| २३.२.७२ | सानातिना कार्यालयमा आईपर्ने विविध मर्मत सम्भार | २२२२१ | पटक | १०.०० | ०.२० | १.०० | ०.०० | ०.२० | ०.०० | ०.२० | | |
| २.३.२.९८ | कम्प्यूटर/ल्यापटप, फ्याक्स, फोटोकपी, प्रिन्टर, टेलीफोन मर्मत खर्च | २२२२१ | पटक | ३०.०० | ०.६१ | ३.०० | ३०.०० | ०.६० | ३०.०० | ०.६० | | |
| २.३.९.१६९ | कार्यालको बैठककक्षको लागि भवनमा पार्टेशन, मर्मत तथा रंगरोगन | २२२३१ | संख्या | १.०० | १.०२ | ५.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | | |
| २.४.१.२ | पत्रपत्रिका तथा पुस्तिका खरीद | २२३११ | महिना | १२.०० | ०.२९ | १.४४ | १२.०० | ०.२८ | १२.०० | ०.२८ | | |
| २.४.१.२० | छपाई खर्च (छपाई खर्च ) | २२३११ | पटक | १२.०० | ०.५६ | २.७६ | १२.०० | ०.५७ | १२.०० | ०.५७ | | |
| २.४.१.४१ | एफ एम. रेडियो टिभि तथा पत्रपत्रिकाबाट सूचना प्रकाशन | २२३११ | पटक | १२.०० | ०.३७ | १.८० | १६.०० | ०.३६ | १६.०० | ०.३६ | | |
| २.४.१.९७ | कम्प्युटर तथा प्रिन्टरमा प्रयोग हुने मसि, टोनर, कार्टिज, फोटोकपी पेपर, कागज, लेमिनेसन पेपर आदि | २२३११ | संख्या | ६०.०० | ०.६१ | ३.०० | ६०.०० | ०.६० | ६०.०० | ०.६० | | |
| २.२.३.२ | ग्याँस | २२३१४ | संख्या | ५४.०० | ०.२२ | १.०८ | ५४.०० | ०.२४ | ५४.०० | ०.२४ | | |
| २.२.३.३२ | अन्य प्रयोजनको लागि इन्धन | २२३१४ | लिटर | १२.०० | ०.१९ | ०.९२ | ८.०० | ०.१६ | ८.०० | ०.१६ | | |
| २.५.३.८९ | आयोगको गतिविधी अभिलेखिकरण तथा प्रचार प्रसारको लागि मिडिया करार (सेवा करार) | २२४११ | पटक | ४.०० | १.२२ | ६.०० | ४.०० | १.२४ | ४.०० | १.२४ | | |
| २.५.३.२९७ | वेभसाइट अपडेट | २२४११ | पटक | १.०० | ०.२० | १.०० | १.०० | ०.२० | १.०० | ०.२० | | |
| २.५.३.४५८ | कार्यालयका कम्प्यूटर, फोटोकपि, एसि आदी मेशिनरी मर्मत सेवा करार | २२४११ | जना | १.०० | ०.२० | १.०० | १.०० | ०.२० | १.०० | ०.२० | | |
| २.५.३.५०६ | आयोगको आवधिक रणनीतिक योजना तयार गर्ने | २२४११ | पटक | १.०० | २.०४ | १०.०० | १.०० | २.०४ | १.०० | २.०४ | | |
| २.५.३.५१० | संविधानले व्यवस्था गरेका किसानहरुका हक हित र अधिकारहरु कार्यान्वियन भए नभएको सम्बन्धमा अध्ययन गर्ने गराउने | २२४११ | पटक | १.०० | १.५३ | ७.५० | १.०० | १.५३ | १.०० | १.५३ | | |
| २.५.३.५११ | कृषि सहकारी संचालनमा देखिएका समस्याहरुको पहिचान गरी समाधानका उपायहरुबारे अध्ययन गर्ने | २२४११ | पटक | १.०० | २.०४ | १०.०० | १.०० | २.०४ | १.०० | २.०४ | | |
| २.५.३.५१४ | कृषि क्षेत्रमा कियाशील बहुराष्ट्रिय कम्पनीका काम, कारोबार अध्ययन अनुगमन गरी आवश्यक नियमन गर्न नेपाल सरकारलाई सुझाव दिने | २२४११ | पटक | १.०० | १.०२ | ५.०० | १.०० | १.०२ | १.०० | १.०२ | | |
| २.५.३.५१५ | विद्यमान नीति, ऐन र नियममा किसान अधिकारमा रहेको GAP अध्ययन तथा विश्लेषण गरी सुधार सुझाव तयार गर्ने | २२४११ | पटक | १.०० | १.६३ | ८.०० | १.०० | १.६३ | १.०० | १.६३ | | |
| २.५.३.५१६ | कृषिकार्यमा प्रयोग हुने प्राकृतिक श्रोत साधनमा किसानहरुको पहुच बढाउने र अधिकार स्थापना गर्ने ठोस कार्ययोजना बनाउन अध्ययन गर्ने गराउने | २२४११ | वटा | १.०० | १.०२ | ५.०० | १.०० | १.०२ | १.०० | १.०२ | | |
| २.५.३.५१७ | भूमिहिन किसानहरुको निविकोपार्जन सुधारका लागि उपयुक्त कृषि विकास कार्यक्रमको बारेमा अध्ययन गर्ने | २२४११ | पटक | १.०० | १.०२ | ५.०० | १.०० | १.०२ | १.०० | १.०२ | | |
| २.५.३.५७६ | विभिन्न बाली वस्तुहरुको किसानले उचित मुल्य पाउने उपायको वैज्ञानिक विधि तय गर्न अध्ययन गर्ने | २२४११ | पटक | १.०० | १.५३ | ७.५० | १.०० | १.५३ | १.०० | १.५३ | | |
| २.५.७.४ | सेवा करारका कर्मचारीलाई चाडपर्व खर्च | २२४१३ | संख्या | १८.०० | ०.९२ | ४.५१ | १८.०० | ०.९२ | १८.०० | ०.९२ | | |
| २.५.७.५ | सेवा करारका कर्मचारीलाई पोशाक खर्च | २२४१३ | संख्या | १८.०० | ०.३७ | १.८० | १८.०० | ०.३७ | १८.०० | ०.३७ | | |
| २.५.७.४२ | कार्यालय सहयोगी | २२४१३ | संख्या | ५.०० | २.६३ | १२.९० | २०.०० | २.६४ | २०.०० | २.६४ | | |
| २.५.७.४३ | हलुका सवारी चालक | २२४१३ | संख्या | ८.०० | ४.६९ | २२.९९ | २८.०० | ३.२३ | २८.०० | ३.२३ | | |
| २.५.७.६८+७८+६२:८८:६२:८८ | स्वीपर करार | २२४१३ | जना | १.०० | ०.३७ | १.८० | ४.०० | ०.३६ | ४.०० | ०.३६ | | |
| २.५.७.१११ | कम्प्युटर अपरेटर व्यक्ति करार | २२४१३ | जना | ५.०० | ३.७० | १८.१२ | १९.०० | ३.६८ | १९.०० | ३.६८ | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.५.८.९५ | कार्यलयको सुरक्षाको लागि चौकीदार | २२४१३ | जना | १.०० | ०.५९ | २.८८ | ४.०० | ०.६० | ४.०० | ०.६० | | |
| २.६.६.७९३ | कृषि विकासका लागि सरकारले प्रवाह गर्ने सेवा सुविधामा महिला युवा भूमीहिन कृषकहरुको पहुच बृद्धि गर्नका लागि कार्यशाला गोष्ठी | २२५१२ | पटक | १.०० | ०.६१ | ३.०० | १.०० | ०.६१ | १.०० | ०.६१ | | |
| २.६.६.८२२ | कृषिक्षेत्रमा बढ्दै गईरहेको महिलाकरणको अवस्थालाई सम्बोधन गर्न महिला मैत्रि कृषि प्रविधिको पक्षमा कार्य गर्ने सरोकारवाला निकायहरुसँग राष्ट्रियस्तरको कार्यशाला गोष्ठी | २२५१२ | वटा | १.०० | १.२२ | ६.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | | |
| २.७.२५.१३३० | किसानहरुको कल्याणकारी योजना तर्जुमाको लागि छलफल कार्यक्रम | २२५२२ | पटक | १.०० | ०.६१ | ३.०० | १.०० | १.२२ | १.०० | १.२२ | | |
| २.७.२५.१३५९ | सरकारी तथा गैरसरकारी एवं नीजि क्षेत्रबाट संचालित नीति तथा कार्यक्रम/परियोजनावाट किसानहरुको अधिकार हनन भए नभएको बारे संयुक्त अनुगमन गरी अन्तक्रिया गर्ने | २२५२२ | पटक | ४.०० | १.२२ | ६.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | | |
| २.७.२५.१३५६ | किसान अधिकार कर्तव्य र राज्यप्रतिको दायित्वका सम्बन्धमा विज्ञहरुसँग नीतिगत छलफल तथा अन्तरक्रिया | २२५२२ | पटक | ४.०० | ०.६५ | ३.२० | ३.०० | ०.४८ | ३.०० | ०.४८ | | |
| २.७.२५.१३६१ | किसान हक हित अधिकार संरक्षण एवं प्रवर्द्धन गर्नका लागि स्थानीय/प्रादेशिक तहमा अन्तक्रियात्मक कार्यक्रम आयोजना गर्ने | २२५२२ | पटक | ४.०० | २.४५ | १२.०० | २.०० | १.२२ | २.०० | १.२२ | | |
| २.७.२५.१३६५ | आयोगको वार्षिक पुस्तिका प्रकाशन | २२५२२ | पटक | १.०० | ०.५३ | २.६० | १.०० | ०.५३ | १.०० | ०.५३ | | |
| २.७.२५.१५१४ | कृषि क्षेत्रसँग सम्बन्धित रहेर कार्य गर्ने सरकारका निकायहरु आयोग, परिषद्, बोर्ड, संस्थान आयोजना लगायतका निकायहरुसंग समन्वययात्मक छलफल तथा अन्तक्रिया गर्ने | २२५२२ | पटक | ४.०० | ०.६५ | ३.२० | २.०० | ०.३२ | २.०० | ०.३२ | | |
| २.७.२५.१५४६ | विभिन्न दिवस तथा अन्य | २२५२२ | संख्या | ४.०० | ०.८२ | ४.०० | ३.०० | ०.६५ | ३.०० | ०.६५ | | |
| २.७.२५.३०४ | सरोकारवाला निकायहरु(किसान संघ संस्था, संजाल तथा पेशागत संघ संगठन) सँग बैठक तथा अन्तरकृया (अन्य) | २२५२२ | पटक | ४.०० | ०.८२ | ४.०० | ५.०० | ०.८० | ५.०० | ०.८० | | |
| २.८.१.३७ | अनुगमन भ्रमण खर्च | २२६११ | पटक | ६०.०० | २.४५ | १२.०० | ६०.०० | २.४४ | ६०.०० | २.४४ | | |
| २.८.१.६६५ | पदाधिकारीहरुले विभिन्न कार्यक्रमहरुको अवलोकन भ्रमण | २२६११ | पटक | २०.०० | १.२२ | ६.०० | १५.०० | ०.९३ | १५.०० | ०.९३ | | |
| २.८.२.१० | सरुवा भएर जाँदाको भ्रमण खर्च (आन्तरिक भ्रमण) | २२६१२ | पटक | १०.०० | ०.३३ | १.६० | ०.०० | ०.०७ | ०.०० | ०.०७ | | |
| २.८.२.२४७ | भ्रमण खर्च (आन्तरिक भ्रमण) | २२६१२ | पटक | १२.०० | ०.४९ | २.४० | १२.०० | ०.४८ | १२.०० | ०.४८ | | |
| २.९.६.४. | कार्यालयमा दैनिक चिया खर्च तथा अतिथी सत्कार एवं जलपान | २२७११ | पटक | १२.०० | ०.६० | २.९२ | १२.०० | ०.६१ | १२.०० | ०.६१ | | |
| २.९.९.१६ | कार्यलयमा भैपरी आउने कार्यका लागि खर्च (अन्य विविध खर्च) | २२७११ | पटक | १२.०० | ०.७८ | ३.८४ | १२.०० | ०.८० | १२.०० | ०.८० | | |
| २.९.९.४४ | विभिन्न बैठक तथा छलफलहरुमा खाजा खर्च | २२७११ | पटक | १२.०० | ०.६६ | ३.२४ | १२.०० | ०.६८ | १२.०० | ०.६८ | | |
| **क)** | **चालु खर्च कार्यक्रमको जम्मा** | | | **१८२६३.०** | **९५.४६** | **४६८** | **१०५२३.०** | **८०.३१** | **१०५२३.०** | **८०.३१** | | |
| | **कुल जम्माको प्रगति** | | | **१८२८०.०** | **९९.९५** | **४९०** | **१०५३५.०** | **८४.८०** | **१०५३५.०** | **८४.८०** | | |
| | **बार्षिक भारित प्रगति प्रतिशत** | **८४.८४** | | | | | | | | | | |
| | **बार्षिक वित्तिय प्रगति प्रतिशत** | **६८.५६** | | | | | | | | | | |

# अनुसूची-२

## वार्षिक प्रगति हुन नसकेका कार्यक्रमहरू

### बार्षेक प्रगति हुन नसकेका कार्यक्रमहरु

| क.सं. | कार्यक्रम /क्रियाकलाप | खर्च शीर्षक | इकाई | बार्षिक लक्ष्य | | | बार्षिक प्रगति | | | प्रगति नहुनाको कारणहरु |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट | परिमाण | भार | भारित प्रगति % | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | | | | |
| अ) | **पूँजिगत खर्च अन्तर्गतका कार्यक्रमहरु** | | | | | | | | | |
| | **चालुगत खर्च अन्तर्गतका कार्यक्रमहरु** | | | | | | | | | |
| १ | कृषिक्षेत्रमा बढ्दै गईरहेको महिलाकरणको अवस्थालाई सम्बोधन गर्न महिला मैत्रि कृषि प्रविधिको पक्षमा कार्य गर्ने सरोकारवाला निकायहरुसँग राष्ट्रियस्तरको कार्यशाला गोष्ठी | २२५१२ | वटा | १.०० | १.२२ | ६.०० | ० | ० | ० | |
| २ | सरकारी तथा गैरसरकारी एवं नीजि क्षेत्रबाट संचालित नीति तथा कार्यक्रम/परियोजनावाट किसानहरुको अधिकार हनन भए नभएको बारे संयुक्त अनुगमन गरी अन्तक्रिया गर्ने | २२५२२ | पटक | ४.०० | १.२२ | ६.०० | ० | ० | ० | |
| ३ | किसान अधिकार कर्तब्य र राज्यप्रतिको दायित्वका सम्बन्धमा विज्ञहरुसँग नीतिगत छलफल तथा अन्तरक्रिया | २२५२२ | पटक | ४.०० | ०.६५ | ३.२० | २ | ०.३२५ | ५० | अर्थ मन्त्रालयको परिपत्र अनुसार बजेट रोक्का भएकोले कार्यक्रम संचालन गर्न नसकिएको। |
| ४ | किसान हक हित अधिकार संरक्षण एवं प्रवर्द्धन गर्नका लागि स्थानीय/प्रादेशिक तहमा अन्तक्रियात्मक कार्यक्रम आयोजना गर्ने | २२५२२ | पटक | ४.०० | २.४५ | १२.०० | २ | १.२२५ | ५० | |
| ५ | विभिन्न दिवस तथा अन्य | २२५२२ | संख्या | ४.०० | ०.८२ | ४.०० | ३ | ०.६१५ | ७५ | |
| ६ | कृषि क्षेत्रसँग सम्बन्धित रहेर कार्य गर्ने सरकारका निकायहरु आयोग, परिषद्, बोर्ड, संस्थान आयोजना लगायतका निकायहरुसंग समन्वययात्मक छलफल तथा अन्तक्रिया गर्ने | २२५२२ | पटक | ४.०० | ०.६५ | ३.२० | १ | ०.१६२५ | ०.२५ | |

# अनुसूची-३

## आयोगमा सूचिकृत भएका संघ संस्था संजालहरुको विवरण

### आ.ब. २०७४।७५ मा सुचिकृत सँघ सँगठनहरू

| दर्ता न. | दर्ता मिति | संघ संस्थाको नाम | ठेगाना | सम्पर्क ब्यक्ति | सम्पर्क फोन नं: |
|---|---|---|---|---|---|
| १ | २०७४।९।२८ | अखिल नेपाल किसान महासँघ क्रान्तिकारी केन्द्र | सखँमुल काठमाण्डौ | नहेन्द्र खड्का<br>सिमा रिजाल | ९८५५०५८६२९<br>९८५१२४२६६९ |
| २ | २०७४।९।३० | ग्रामिण कृषि कार्यकर्ता सन्जाल नेपाल | काठमाण्डौ | रिखि राम भुषाल | ९८५७६३०५१५ |
| ३ | २०७४।१०।०३ | अष्टज अभियान | काठमाण्डौ | यूवराज भन्डारी<br>निलकण्ठ तिवारी | ९८४७४४३४३१ |

### आ.ब. २०७५।७६ मा सुचिकृत सँघ सँगठनहरू

| दर्ता न. | दर्ता मिति | संघ संस्थाको नाम | ठेगाना | सम्पर्क ब्यक्ति | सम्पर्क फोन नं: |
|---|---|---|---|---|---|
| ४ | २०७५।४।२३ | अखिल नेपाल किसान महासंघ | अद्धत मार्ग,वागवजार, काठमाण्डौ | शिवहरि खनाल | ९८५११९९५५१ |
| ५ | २०७५।४।२३ | दलित भूमिहिन किसान संघ | वल्खु १४,काठमाण्डौ | लाल वहादुर विश्वकर्मा | ४०३६३०४<br>९८४८८२०९०० |
| ६ | २०७५।५।८ | राष्ट्रिय कृषक समुह महासंघ, नेपाल | नया वजार,काठमाण्डौ | उद्धव अधिकारी | ९८४१२९८०२६ |
| ७ | २०७५।५।२१ | अखिल नेपाल कुखुरा पालक किसान संघ | चन्द्रागिरी न.पा.३, काठमाण्डौ | गणेश वहादुर कुंवर | ९८५१०३५०२३ |

| दर्ता न. | दर्ता मिति | संघ संस्थाको नाम | ठेगाना | सम्पर्क ब्यक्ति | सम्पर्क फोन नं: |
|---|---|---|---|---|---|
| ८ | २०७५।५।२२ | नेपाल पिछडा वर्ग किसान संघ | हेटौडा ११,मकवानपुर | राम प्रमोद महतो | ९८१०९२८९२३ |
| ९ | २०७५।५।२२ | नेपाल किसान संजाल | वुढानिलकण्ठ १०,काठमाण्डौ | गोविन्द राई | ९८५२०५१८०५ |
| १० | २०७५।५।२२ | राष्ट्रिय भुमि अधिकार मंच,नेपाल,राष्ट्रिय समिति | भरतपुर मनपा.१,ठिमुरा चितवन | ल्याम व.दर्जी | ०१६९१४५८ |
| ११ | २०७५।१०।४ | राष्ट्रिय महिला किसान महासंघ | का.म.पा. १०, वानेश्वर, | गंगा लक्ष्मी अवाल | ९८४१२४१७४७ |
| १२ | २०७५।१०।४ | अखिल नेपाल पशुपालक किसान संघ(क्रान्तिकारी ) | केन्द्रिय कार्यालय, काठमाण्डौ | आनन्दराम फुयाल | ९८५५०६४८७४ |
| १३ | २०७५।१०।४ | नेपाल जलवायु परिर्वतन महासंघ | का.म.न.पा. १३, काठमाण्डौ | राम कुमार ढुंगाना | ९८५१०१२८७५ |
| १४ | २०७५।०९।११ | किशान महासंघ नेपाल | का.म.न.पा.१० काठमाण्डौ | ओम लामिछाने | ९८५१०५४२४३ |
| १५ | २०७५।१०।४ | नेपाल कृषि सुचना संजाल | गोकणर्श्वर न.पा. ६, काठमाण्डौ | लेख वहादुर मोतान | ९८४१०७१४५० |
| १६ | २०७५।१०।४ | राष्ट्रिय ब्यबसायी कृषि तथा पशुपालक किसान महासंघ नेपाल | का.म.न.पा.३४, काठमाण्डौ | बाबुराम अधिकारी | ९८४६०८९५१४ |
| १७ | २०७५।१०।४ | नेपाल किसान संघ | सानेपा ,ललितपुर | आर्दश विक्रम कार्की | ९८५१२४८८९९ |

| दर्ता न. | दर्ता मिति | संघ संस्थाको नाम | ठेगाना | सम्पर्क ब्यक्ति | सम्पर्क फोन नं: |
|---|---|---|---|---|---|
| १८ | २०७५।१०।१ | राष्ट्रिय अर्गानिक कृषि उपज उत्पादक व्यवसायी किसान संघ | सम्पर्क ठेगाना। कोटेश्वर ३२ | ईश्वरी प्रसाद पाण्डे | ९८४९२२४१७२ |
| १९ | २०७५।१०।४ | रिजेनेरेट फार्मस नेटवर्क नेपाल | रम्भा गा.पा.५,पाल्पा | तारा कार्की | ९८४१४०७२४१ |

## आ.ब. २०७७/७८ र ०७८/ ७९ मा सुचिकृत संघ संगठनहरू

| दर्ता न. | दर्ता मिति | संघ संस्थाको नाम | ठेगाना | सम्पर्क ब्यक्ति | सम्पर्क फोन नं: |
|---|---|---|---|---|---|
| १ | २०७७।११।११ | राष्ट्रिय महिला किसान संजाल | ललितपुर | माया के.सी. | ९८४६०७९८४३ |
| २ | २०७७।१२।३० | अखिल नेपाल किसान महासंघ क्रान्तिकारी | काठमान्डौ | सिताराम तामाङ्ग | ९८४१५५४१०६<br>९८४१२१५११९ |
| ३ | २०७८ | उखु किसान सर्घष समिति | मलगंवा २ सर्लाही | राम स्वार्थ राय | ९८६५१४६४११ |
| ४ | | | | | |

आ.ब. २०७९/८० मा सुचिकृत संघ संगठनहरू

| दर्ता न. | दर्ता मिति | संघ संस्थाको नाम | ठेगाना | सम्पर्क ब्यक्ति | सम्पर्क फोन नं: |
|---|---|---|---|---|---|
| १ | २०७९।०४।०३ | च्याउ उत्पादक किसान संघ नेपाल | ललितपुर | सन्तोष कार्की | ९८४१८६५५०६<br>९८५११७६७७४ |
| २ | २०७९।०४।३१ | विनायक त्रिवेणी कृषि तथा पशुपन्छी विकास कृषक संजाल | नवलपरासी | विष्णु प्र. वस्याल | ९८५७०५८४४९ |

| दर्ता न. | दर्ता मिति | संघ संस्थाको नाम | ठेगाना | सम्पर्क ब्यक्ति | सम्पर्क फोन नं: |
|---|---|---|---|---|---|
| ३ | २०७९।०७।०२ | पशुपालक किसान संघ नेपाल | चितवन | राजकुमार सुयोल | ९८५५०८९६८९ |
| ४ | २०७९।१०।१० | तरकारी उत्पादक किसान संघ, नेपाल | काठमाडौं | माया के.सी. गौतम | ९८४६०७९८४३ |
| ५ | २०७९।१०।१६ | अखिल नेपाल किसान महासंघ, राष्ट्रिय समिती | बानेश्वर | बाबुराम थापा | ९८५१३३३९१८ |
| ६ | २०७९।०३।२९ | राष्ट्रिय कृषि महासंघ, नेपाल | काठमाडौं | गोविन्द प्र. दाहाल / दिपक कोईराला | ९८५२६८०४९२<br>९८५११४७३६३ |

# अनुसूची-४

## कृषि क्षेत्रमा संचालित विभिन्न आयोजना / परियोजना / कार्यक्रमहरूको अनुगमन तथा अवलोकन प्रतिवेदन

### *कोशी प्रदेश अन्तर्गत रहेका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट संचालित कार्यक्रमहरूको अवलोकन तथा अनुगमन*

कार्यक्रमको अवलोकन तथा अनुगमनका क्रममा कोशी प्रदेश अन्तर्गत रहेका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट संचालित कार्यक्रमहरूको बारेमा अनुगमन गरियो। उक्त अवलोकन तथा अनुगमन कार्यको उद्देश्य विभिन्न तहका सरकारका निकायहरूसँग अन्तरक्रिया तथा छलफल गरी कृषि विकास कार्यक्रम संचालन प्रक्रिया तथा कार्यक्रम संचालनका क्रममा भएका समस्या साथै नीतिगत समस्याहरूको बारेमा समेत जानकारी लिइयो।

### १. मोरङ्ग

### रङ्गेली नगरपालिका वडा नं.६,गोढीटोलमा किसानहरूसँग छलफल/अन्तरक्रिया:

#### छलफलका क्रममा किसानहरूले व्यक्त गरेका गुनासो तथा सुझावहरू

- ❖ माछा उत्पादनका लागि आवश्यक पर्ने माछा बीउ (माछा भूरा नेपालमा आवश्यकता अनुसार र सहज रूपमा नपाइने त्यसकारण भारतबाट ल्याउन वाध्य हुने, तर भारतबाट ल्याउदा कठिनाईका कारण माछा उत्पादनका लागि माछा बीउको अभाव रहेको,
- ❖ माछालाई आवश्यक पर्ने दाना ज्यादै महङ्गो भएको,
- ❖ उत्पादित माछाको सहज बजार व्यवस्थापन नहुने (उत्पादित माछा सस्तो मूल्यमा बेच्नुपर्ने बाध्यता),
- ❖ माछा पालन पेशालाई थेग्न नसक्दा पेशा नै छोड्नुपर्ने अवस्था सिर्जना भई रहेको,
- ❖ मच्लिङ्ग प्लान्ट स्थापनाका लागि सरकारबाट सहयोग भएमा किसानलाई राहत हुने र आफ्नो पेशाबाट पलायन हुनबाट रोकिने,
- ❖ भारतबाट अनाधिकृत रूपले आउने उत्पादित माछालाई रोकी बजार आफ्नो उत्पादनको मूल्य पाउने स्थिति सिर्जना गरिनुपर्ने ।

**कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेशमा छलफल भएका विषयहरु**

- ❖ रासायनिक मलको आपूर्ति मागको २५ प्रतिशत मात्र भएको सन्दर्भमा यसको सरल/सहज र समयभित्र उपलब्ध गराउने व्यवस्थाका लागि सरकारले ५ वर्षको लागि Procurement Plan बनाएर सोही अनुसार गर्दै गर्दा व्यवस्थित गर्न सकिने,
- ❖ व्यवसायिक बालीहरूको मागलाई समेत ध्यानमा राखेर देशमा मलको आवश्यकताको योजना निर्माण गरिनु पर्ने,
- ❖ कृषि क्षेत्रमा प्रयोग हुने कृषि बस्तुहरूको भन्सार छुट भन्सार विन्दुमै विना झन्झट हुनुपर्ने,
- ❖ कृषि क्षेत्रका विभिन्न पक्षहरूमा प्रयोग हुने विद्युत महशुल एकीन गरी सरकारबाट छुट हुनुपर्ने,
- ❖ विभिन्न ठूला कम्पनीहरूले व्यवसायिक खेती गर्नका लागि आवश्यक पर्ने मलको देशभित्रै सहज उपलब्धता हुनुपर्ने,
- ❖ सीमा नाकाहरूमा क्वारेन्टाइनलाई व्यवस्थित गरिनु पर्ने।

## २. पाँचथर

### फालेलुङ्ग गाउँपालिकाका किवी तथा अलैची उत्पादक किसानसँगको भेटघाट र छलफल:

**छलफलका क्रममा प्राप्त जानकारी, गुनासो तथा सुझाबहरू**

- ❖ फालेलुङ्गमा २०-२५ वर्षदेखि किवी खेती भइरहेको,
- ❖ अलैची उत्पादनको लागि अति आवश्यक पर्ने सिंचाइको सुविधा राम्रो रहेको र किसानलाई समय समयमा प्राविधिक ज्ञान र फिल्ड निरीक्षणको आवश्यकता भएको,
- ❖ भौगोलिक हावापानीका कारण किवी खेतीमा किसान आकर्षित भएका तर यसको बजार मूल्य उचित नभएको जसको व्यवस्थापनका लागि कोल्ड स्टोरेज स्थापना र सरकारसँग सहयोगको अपेक्षा गरिएको,
- ❖ किसान तथा उद्यमीहरुमा किवीको उत्पादनोपरान्त गरिने कार्यहरु बारे जानकारीको कमी भई नोक्सानी धेरै हुने गरेको,
- ❖ पालिकाबाट वडा नं. ५ र ६ लाई किवी पकेट क्षेत्र घोषणा गरी कार्यक्रम

संचालन गरिएको तर प्रदेश तथा संघ सरकारबाट पनि थप कार्यक्रम तथा बजेटको व्यवस्था भएमा यसको विस्तार र विकासमा हुने,

- ❖ किवीको उत्पादन पश्चात् बजारमा पुर्याउदासम्म पोष्टहार्भेष्ट क्षति बढी हुने हुँदा क्षति कम गर्ने प्रविधिको विकास गरी किसानलाई सहयोग गरिनुपर्ने,
- ❖ किवी उद्योग स्थापना गरी स्थानीय रोजगारी सृजना गर्न सकिने,
- ❖ किसान सूचीकरणको कार्य शुरूवात भइरहेको,
- ❖ संघीय वा प्रदेश सरकारका मन्त्रालयबाट दिइने शसर्त अनुदान स्थानीय आवश्यकता र भौगोलिक अवस्था अनुसार उपयुक्त नभएका कारण सम्पन्न गर्न कठिनाइ र प्रभावकारिता समेत नहुने गरेको।

## ३. इलाम

**इलाम जिल्लाको सुर्योदय नगरपालिका र रोङ्ग गाउँपालिकामा संचालनमा रहेको गाई जोन कार्यक्रमको अवलोकन तथा अनुगमन गरियो। अनुगमनका क्रममा किसानहरूबाट उठाइएका गुनासो तथा सुझाबहरू रहेका छन् :**

- ❖ किसानलाई अनुदान मार्फत प्रदान गरिने सामाग्रीहरु उनीहरुकै माग र आवश्यकता अनुसार उपलब्ध गराइने व्यवस्था मिलाउनुपर्ने,
- ❖ अनुदान मार्फत किसानलाई प्रदान गरिने सामाग्रीहरुमा उच्च गुणस्तर कायम गरिनुपर्ने,
- ❖ किसानलाई सरकारी तवरबाट उपलब्ध गराइने सेवा सुविधा छिटो छरितो सरल र सहज हुनुपर्ने,
- ❖ किसानहरूको सरकारी सेवा प्रवाहमा पहुँचको लागि प्रकाशित सूचनाहरु स्थानीय तह मार्फत उपलब्ध गराइनुपर्ने,

### रोङ्ग गाउपालिकामा भएको छलफल:

- ❖ पालिकाको नेतृत्वमा नेपाल बचत तथा ऋण सहकारी संघ लिमिटे (NESCUN-Nepal Federation of Saving and Credit Union Ltd) र पालिका भित्र रहेका सहकारीहरूको बीच सम्झौता गरी संयुक्त जमानीमा सहकारी बस्नेगरी सदस्यहरूलाई ऋण प्रवाह गर्ने योजना भएको,
- ❖ कृषि क्षेत्रका लागि संघ वा प्रदेश सरकारबाट उपलब्ध गराउने ससर्त वित्त हस्तान्तरण कार्यक्रम स्थानीय आवश्यकता अनुसार हुनुपर्ने,

- किसानलाई दिने अनुदान उत्पादनका आधारमा दिदा उपलब्धिमूलक र न्यायोचित हुने,
- रैथाने कृषि बाली तथा बस्तुहरूको संरक्षणका लागि सरकारबाट थप प्रभावकारी कार्यक्रम संचालन गरिनु पर्ने,
- कृषि बिमामा व्यापक जनचेतना जगाउनुपर्ने,
- नेपाली उत्पादनहरू नेपालीहरूले प्रयोग गर्नका लागि अध्ययनका आधार सहित वस्तुको महत्व बुझाउँदै व्यापक जनचेतना जगाउने साथै केही समयको लागि सरकारले नीतिगत निर्णय समेत गरी नेपाली उत्पादन प्रयोग गर्न उपभोक्तालाई उत्साहित गर्ने,
- किसान सूचीकरण रोङ्ग गाउपालिकाका ६ बटा वडामध्ये ३ वटाले गरिसकेका र अरू गर्दै गरेका,
- प्रदेश सरकार वा संघ सरकारबाट २ वा ३ पालिकाहरूलाई समेटने गरी Food Technologist जनशक्तिको व्यवस्थापन गर्ने जसले गर्दा कृषि उद्योगबाट उत्पादित बस्तुको गुणस्तर व्यवस्थापन गर्न सहज हुने ।

## ४. झापा

### कुखुरापालक व्यवसायीसँग छलफल:

- अण्डा उत्पादक किसानहरू कुखुराको दाना महङ्गो भएको र उत्पादित अण्डाले उचित मूल्य नपाएको भनी आन्दोलित भएको,
- व्यवसायी तथा उद्योगीले एकल कार्य गर्नुपर्ने जस्तोः अण्डा उत्पादकले अण्डा उत्पादनमात्र गर्ने र दाना उत्पादन गर्ने उद्योगले दाना मात्र उत्पादन गर्ने खालको नीतिगत व्यवस्था हुनुपर्ने,
- सहुलियत दरको व्याजमा किसानहरुलाई ऋण उपलब्ध गराउन बैकहरूबाट सरलीकृत विधि अपनाईनु पर्ने।

### दाना उद्योगीसँग छलफल:

- ७० देखि ७५ प्रतिशत दानाका लागि प्रयोग हुने कच्चा पदार्थ बाहिरबाट ल्याउनुपर्ने कारण दाना महङ्गो हुन गएको,
- स्वदेशमा दानाको लागि कच्चा पदार्थ उपलब्ध भएमा मात्र दाना सस्तोमा उपलब्ध हुने ।

## विर्तामोड नगरपालिका उपमेयर र कृषि प्राविधिकसँग घेटघाट/छलफल:

### विर्तामोड नगरपालिकाका उपमेयर नगेन्द्र प्रसाद संग्रौला र कृषि प्राविधिक राजेन्द्र कडरियासँग पालिकामा भएका कृषि सम्वन्धी गतिविधि र कृषि क्षेत्रमा गर्नुपर्ने नीतिगत सुधारमा गर्नुपर्ने विषयहरू:

- ❖ पालिकाको बजेटको ४ देखि ५ प्रतिशत बजेट कृषि क्षेत्रमा विनियोजन भएको,६५ प्रतिशत सिंचित क्षेत्रफल भएको र अब ५ वर्षमा कृषि क्षेत्रको सम्पूर्ण क्षेत्रमा सिंचाइ हुने योजना अनुसार कार्य भएको, ताजा तरकारी तथा आलुमा आत्मनिर्भर हुने योजनाअनुसार कार्य भएको,
- ❖ कृषि क्षेत्र विकासका तीनै तहका सरकारका निकायहरूले समन्वयात्मक तरिकाले कार्य गर्नुपर्ने र संघीय सर्तमा पालिकामा आउने बजेट शर्त अनुसार आँउदा पालिकाको सम्भावना र किसानका आवश्यकता अनुसार गर्न नसकिएको जसले गर्दा परिणाम देखाउन गाह्रो भएको,
- ❖ ससर्त प्रदान गरिने बजेटलाई क्षेत्र बाली विशेष नतोकिकन कृषि क्षेत्र विकास भनेर मात्र शर्त तोकिदा योजना निर्माण गरी परिणाम देखाउन सकिने,
- ❖ कृषि कार्यको लागि प्रयोग हुने उपकरण तथा बस्तुहरूको पहिचान गरी भन्सार दरमा सहुलियत दिने व्यवस्था मिलाउने,
- ❖ कृषि अनुदान प्राप्त गर्ने प्रयोजनका लागि प्यान नं अनिवार्य हुने नियम लागु हुँदा साना किसानका समूहहरूलाई असहज भएको (जस्तोः नियमअनुसार प्यान लिएपछि कारोबार नभए पनि अडिट गराउनु पर्ने साथै बार्षिक शुल्क तिर्नुपर्ने, कानूनी प्रावधान ठिक हुँदाहुदै पनि किसान समूहहरू सक्षम नभएको अवस्थामा अफ्ठेरो पर्ने जसको परिणाम साना किसानको समूह सेवा सुविधाबाट बन्चित हुने गरेका )
- ❖ कृषि भूमिको संरक्षणका लागि भू-उपयोग नीति कार्यान्वयन गर्ने गरी पालिकामा भूमि वर्गीकरण गर्ने प्रयोजनमा पालिकाहरूले कृषि भूमिलाई कम मूल्य हुने डरले नछुट्याएको अवस्थामा कृषि क्षेत्रनै घटेको डरलाग्दो अवस्था सृजना भएको जसको परिणाम योजना निर्माण गरी कृषि उत्पादन बढाउन कठिनाई हुनसक्ने,
- ❖ किसान सूचीकरण कार्य भईरहेको र यो वर्ष किसानहरू सूचीकरण भइसक्ने योजना भएको ।

## ५. सुनसरी

**रिजाल टाँसी उद्योग, तरहरा,सुनसरीमा छलफल:**

- ❖ उद्योगमा विभिन्न किसिमका कृषि उत्पादनहरू प्रयोग भई उद्योग संचालनमा रहेको,
- ❖ उद्योग संचालनका लागि नेपालबाट उत्पादित कृषि बस्तु नगण्य रूपमा प्रयोग भएको जसले गर्दा उद्योग संचालनका लागि भारतका कृषि उत्पादन प्रयोग भईरहेको पाइयो।

**अनुगमन तथा अवलोकनका सुझावहरु**

१. कृषि उद्योगबाट उत्पादित बस्तुको गुणस्तर व्यवस्थापनका लागि प्रदेश/संघीय सरकारबाट २ वा ३ पालिकाहरूलाई समेट्नेगरी Food Technologist जनशक्तिको व्यवस्थापन गर्ने,

२. सहुलियत दरको व्याजको व्यवस्थाका लागि बैंकहरूले सहजिकरण गर्ने र लिएको ऋणको उद्देश्य अनुसार लगानी भए नभएको बारे सरकारी निकायबाट नियमन गरी अफ्ठेरो परिस्थितिको मूल्याङ्कनका आधार तय गरी पूनकर्जा उपलब्ध गराउने साथै कृषकलाई ऋण निकाल्नका लागि बैकले दिने Offer Letter अनिवार्य नेपालीमै गराउनु व्यवस्थाका लागि बैंकसँग छलफल गरी नेपालीमै बनाउने,

३. कृषि क्षेत्रका लागि प्रयोग हुने कृषिजन्य औजार तथा उपकरणहरूको कर प्रयोजनका लागि अर्थ विधेयकमा समाहित गर्नु अघि प्रत्येक स्थानीय तह वा किसानसँग सरोकार राखी तयार गरी अन्तिम रूप दिने,

४. कृषिको आधुनिकीकरणबाट कृषि उत्पादन वृद्धि गरी औद्योगिकीकरण गर्ने देशको लक्ष्य रहेतापनि उत्पादनको अभावले गर्दा उद्योगीले छिमेकी मुलुकबाट कृषि वस्तु आयात गर्नु परेको, जसको परिणाम आयात उकालो लागेको र अर्कोतर्फ नेपाली किसानले कृषि वस्तुको बजार नपाएको विषय आइरहेको हुदा उत्पादनलाई उद्योगसँग जोड्ने नीति तथा कार्यक्रम बनाई प्रभावकारी कार्यान्वयन गर्ने,

५. दाना उत्पादनका लागि आवश्यक कच्चा पदार्थ देशमा अत्यन्तै थोरै मात्रामा उत्पादन भएको र धेरैजसो दाना उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ विदेशबाट खरिद गर्दा भन्सार शुल्क बढी लागी किसानको दाना महङ्गो भएकै कारण उत्पादन लागत बढ्न जाने हुँदा आयातित कच्चा पदार्थमा भन्सार

शुल्क घटाउने,

६. स्थानीय तहमा संघ वा प्रदेश सरकारबाट हुने ससर्त वित्त हस्तान्तरणलाई प्रभावकारी कार्यान्वयन गराउन पालिकालाई ससर्त शीर्षकमा कृषि क्षेत्र विकास भनी तोकिदिई योजना तथा कार्यक्रममा समन्वय सहयोग र नियमन गरी कार्यक्रमलाई परिणाममूलक बनाउने,

७. किसान हकहित संरक्षणमा विदेशबाट आउने कृषि उपजहरूलाई प्रक्रियागत तरहले कडाइ गर्नका लागि सीमा नाकाहरूमा क्वारेन्टाइनलाई व्यवस्थित बनाउने,

८. कृषि अनुदान प्राप्त गर्ने प्रयोजनका लागि प्यान नं अनिवार्य हुने नियम लागू हुँदा साना तथा आर्थिक अवस्था कमजोर भएका किसानका समूहहरूलाई असहज भएको (जस्तोः नियमअनुसार प्यान लिएपछि कारोबार नभए पनि अडिट गराउनु पर्ने साथै बार्षिक शुल्क तिर्नुपर्ने, कानूनी प्रावधान ठिक हुँदा हुदै पनि किसान समूहहरू सक्षम नभएको अवस्थामा अफ्ठेरो पर्ने जसको परिणाम साना किसानको समूह सेवा सुविधाबाट बन्चित हुने गरेका ) तसर्थ, किसान समूहको अवस्थालाई हेरेर प्यान अनिवार्य गर्ने/नगर्ने सम्वन्धी निर्णयका लागि अर्थ मन्त्रालयसँग समन्वय गर्ने ।

## *खोटाङ्ग जिल्लामा कृषि क्षेत्रमा संचालित परियोजनाहरूको अनुगमन*

## भ्रमण प्रतिवेदन

**स्थानः**खोटाङ्ग जिल्ला

**उद्देश्यः**जिल्लामा प्रदेश र स्थानीय तहबाट संचालित कृषि विकास कार्यक्रम अनुगमन गर्ने।

**अनुगमन गरेको कार्यालयः**कृषि ज्ञान केन्द्र खोटाङ्ग , मानव शिक्षालय खोटाङ्ग दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका र साकेला गाउँपालिका

## कृषि ज्ञान केन्द्र, खोटाङ्ग

कृषि ज्ञान केन्द्र खोटाङ्गका प्रमुख श्री हरिनारायण राई र अन्य प्राविधिक एवं प्रशासनिक कर्मचारीहरुसँग छलफल र अन्तरक्रियाबाट तपसिल बमोजिमको विवरण प्राप्त भयो ।

**कृषि ज्ञान केन्द्र खोटाङ्गबाट संचालित कार्यक्रमहरु :**

- ❖ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत ब्लक विकास कार्यक्रम
- ❖ मागमा आधारित कार्यक्रम
- ❖ प्रदर्शन सामाग्री वितरण ( फेरोमेन ट्र्याप, लाइट ट्र्याप, विभिन्न औजार उपकरण, औंसा कीरा नियन्त्रण )
- ❖ खाद्यान्न, फलफूल,तरकारी उत्पादन प्रदर्शन
- ❖ जैविक तथा वानस्पतिक विषादी प्रयोग विस्तार
- ❖ विभन्न बालीको उत्पादन लागत अध्ययन
- ❖ विषादीरहित खाना सम्बन्धी सचेतनाका लागि आमा समूह परिचालन
- ❖ बाली तथा पशुपन्छी बिमा सम्बन्धी सरोकारवालासंग समन्वय बैठक
- ❖ प्लाण्ट क्लिनिक संचालन
- ❖ आकस्मिक प्रकोपमा सहयोग
- ❖ क्रपकटिङ्ग

**कार्यक्रम संचालनमा देखिएका समस्याहरु :**

- ❖ स्वीकृत दरबन्दी अनुसार पदपूर्ति नहुनु
- ❖ संध, प्रदेश र स्थानीय तहमा कृषिका कार्यक्रमहरु कुन तहबाट कुन कार्यक्रम संचालन गर्ने भन्ने यकिन नहुँदा अनुदान कार्यक्रम संचालनमा दोहोरोपना आउनु
- ❖ प्राविधिकहरुमा नविनतम प्रविधि बारे जानकारी नहुनु
- ❖ कृषि उत्पादन सामाग्रीहरुको मूल्य बढ्दै जानु
- ❖ समूह र सहकारीहरुले बहुउद्देश्यीय नाम राखेर हरेक वर्ष अनुदान लिने गरेको ।

**सुझावहरु ;**

- ❖ संघीय एवं प्रदेश सरकारबाट कर्मचारीहरुको दरबन्दी परिपूर्ति गर्न आवश्यक कदम चाल्नु पर्ने,
- ❖ कृषकहरुलाई प्रदान गरिने अनुदानमा एकद्वार प्रणाली अपनाउनु पर्ने,
- ❖ कृषि उत्पादन सामग्रीहरु किसानहरुलाई उपलब्ध गराउन सम्बन्धित सरोकारवाला निकायहरुबाट आवश्यक पहल गरिनु पर्ने ।

छलफलको क्रममा कृषि ज्ञान केन्द्र, खोटाङ्गमा Internship Program मा इलाम कृषि कलेज र कृषि तथा वन विज्ञान अध्ययन संस्थान, रामपुर क्याम्पसबाट १ — १ जना गरी २ जना कृषिका स्नातक तहका विद्यार्थी कृषि ज्ञान केन्द्र, खोटाङ्गमा कार्यरत रहेको पाइयो ।उक्त कार्यक्रममा इलाम कृषि कलेजकी संगीता महताराबाट बोकासी मल प्रयोग गरी गाजर उत्पादनमा अध्ययन अनुसन्धान गर्ने र कृषि तथा वन विज्ञान अध्ययन संस्थान रामपुर क्याम्पसका प्रकाश रिजालबाट बायोचारको प्रयोग गरी विभिन्न बालीहरुमा अध्ययन अनुसन्धान गर्ने जानकारी समेत प्राप्त भयो । यसबाट प्राविधिक कर्मचारीहरु रिक्त रहे पनि कार्यालयबाट प्राविधिक सेवा प्रदान गर्न सहयोग पुग्ने देखिन्छ ।

## कृषि ज्ञान केन्द्रबाट संचालित कार्यक्रमको फिल्ड अनुगमन

**समस्या :**

- ❖ समयमा दक्ष प्राविधिक जनशक्ति उपलब्ध नहुनु,
- ❖ सर्वसुलभ रुपमा उत्पादन सामाग्री उपलब्ध नहुनु,
- ❖ रासायनिक मलको विकल्पमा प्रांगारिक मल उत्पादन भएको तर निकै महंगो हुनु,
- ❖ नगरपालिका स्थापना भएको प्रांगारिक मल कारखानाबाट आवश्यक मात्रामा मल उत्पादन नभएको
- ❖ नगरपालिकाले अर्गानिक नगर घोषणा गरेतापनि रासायनिक मलको आयात नरोकिएको किसानले बढी रकम तिरेको पाइयो ।

## दिक्तेल रुपाकोट मझुवागढी न. पा :

यस नगरपालिकामा नगरपालिकाका प्रमुख श्री तिर्थराज भट्टराई र कृषि शाखा प्रमुख श्री तेज प्रकाश देवकोटासंग नगरपालिकाबाट संचालित कृषि कार्यक्रमहरुबारे छलफल गरियो ।

- ❖ खायन आलु उत्पादन कार्यक्रम
- ❖ कन्ये च्याउ स्रोत केन्द्र स्थापना
- ❖ एक गाउँ एक उत्पादन कार्यक्रम
- ❖ समूहमार्फत प्रांगारिक नगर निर्माण अभियान विस्तार कार्यक्रम
- ❖ युवा स्वरोजगार कार्यक्रम

- ❖ कृषि बाली विज्ञान प्राविधिक विषय अध्ययन गरेका विद्यार्थीहरुलाई उद्यम संचालनका लागि अनुदान कार्यक्रम
- ❖ समूहमार्फत मौरी प्रबर्द्धन कार्यक्रम
- ❖ समूह मार्फत तेलहन तथा दलहन बाली प्रबर्द्धन कार्यक्रम
- ❖ तरकारी पकेट निरन्तरता
- ❖ सुन्तालाजात फलफूल बाली पकेट विकास कार्यक्रम

## कार्यक्रम संचालनमा देखिएका समास्यहरु

- ❖ कृषि कार्यक्रमहरु संचालन पश्चात प्रतिफल आउने गरी काम नहुनु
- ❖ कृषि विकासमा संलग्न निकायहरुबाट समान किसिमको अनुदान प्रदान नगरिनु
- ❖ एउटै समूह वा व्यक्तिबाट बारम्बार अनुदान लिने प्रचलन हुनु
- ❖ किसान सूचीकरण कार्य दुर्गम गाउँहरुमा Interne नहुँदा सुचारु हुन नसकेको ।
- ❖ कृषि क्षेत्रमा न.पा .ले बजेट ०.३५ प्रतिशत मात्र विनियोजन गरेको पाइयो ।
- ❖ दित्केल रुपाकोट मझुवागढी नगरपालिका खोटाङको तथ्याङ्क अनुसार उक्त नगरपालिकामा जमीन २८५०७ हे क्षेफल रहेको र कुल जमीनको ४४ प्रतिशत १२५४८ जमीन खेतियोग्य रहेको पाइयो । यस नगरपालिकाको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान ७३ प्रतिशत रहेको हुंदा कृषिको उत्पादन र उत्पादकत्व बढाउनु पर्ने विषयमा नगरपालिकाका प्रमुख एवं कृषि शाखा प्रमुखसँग छलफल गरियो ।

## सुझावहरु

- ❖ कृषि कार्यक्रमहरु संचालन पश्चात प्रतिफल आउने गरी कार्यक्रम संचालन गरिनु पर्ने,
- ❖ संघ प्रदेश र स्थानीयतहबाट अनुदान प्रदान गर्दा एकद्धार प्रणाली अपनाउनु पर्ने,
- ❖ स्थापना भएको प्रांगारिक मल कारखाना व्यवस्थित रुपले संचालन गर्न प्रदेश सरकारसँग समन्वय गर्ने,
- ❖ किसान सूचीकरण कार्यलाइ प्राथमिकतामा राखिनु पर्ने ।

**साकेला गाउँपालिका बाख्रा फार्म अवलोकन :**

वरपिपल कृषि फर्म कम्पनी लि.

संचालक गोपी खड्का

ठेगाना : साकेला गाउँपालिका ४

सल्लेरी मात्तिम

बाख्रा संख्याः १००

**समस्या**

१. प्राविधिक समस्या : बाख्रापालन सम्बन्धी प्राविधिक समयमा उपलब्ध नहुँदा ठुलो नोक्सानी व्यहोर्नु परेको,
२. बाख्रापालनको लागि आवश्यक पर्ने उत्पादन सामाग्री सर्वसुलभ रुपमा उपलब्ध नहुनु,
३. बाख्रापालनको लागि आवश्यक पर्ने दानाको मूल्य दिनानुदिन बढ्दै जाँदा लागत मूल्य पनि बढनु
४. पालिकास्तरमा कृषि तथा पशुपन्छी क्षेत्रमा बजेट विनियोजन कम हुनु ।

**सुझावहरु :**

❖ स्थानीयतहको वार्षिक कार्यक्रममा कृषि तथा पशुपन्छी क्षेत्रमा आवश्यक मात्रामा बजेट विनीयोजन हुनु पर्ने
❖ गाउँपालिकाको आवश्यकता अनुसार करार सेवाबाट प्राविधिक जनशक्ति परिपूर्ति गरिनु पर्ने ,
❖ कृषि तथा पशुपन्छी क्षेत्रमा आवश्यक पर्ने उत्पादन सामग्रीहरु प्रदेश संग समन्वय गरी किसानहरुलाइ उपलब्ध गराउन आवश्यक व्यवस्था गरिनु पर्ने ।

***पाल्पा, दाङ, बर्दिया र कैलालीमा संचालित कृषि तथा पशुपन्छी क्षेत्रमा संचालित कार्यक्रमहरुको अनुगमन भ्रमण***

**अवलोकन तथा अनुगमन का क्रममा देखिएका समस्या निष्कर्ष तथा सुझाबहरुः**

**समस्याहरुः**

**पाल्पाः**

- स्मार्ट कृषि गाउँ कार्यक्रम लागु भए पछि राम्रो प्रगति भएको थियो तर अनुदानमा मात्र निर्भर भएकोले कार्यक्रमको प्रभावकारिताले निरन्तरता पाएन ।
- स्मार्ट कृषि गाउँ कार्यक्रम कार्यान्वयन समितिको हिसाब किताब राम्रोसँग राख्न सक्ने क्षमता नभएको ।
- उत्पादन गरिएका कृषि उपज बस्तुहरुले बजार नपाउने तथा भण्डारण गर्ने ठाउँ नभएकोले किसानहरु उत्पादनको क्षेत्रमा निरुत्साहित भएको
- कृषि उत्पादनका लागि आवश्यक पर्ने मल, बीउ बिजन र प्राबिधिक सहयोग सर्वसुलभ रुपमा समयमै उपलब्ध नहुनु
- सरकारका तर्फबाट किसानहरुलाई उपलब्ध गराइएको अनुदान लिन कृषकहरुका लागि प्रकृया झन्झटिलो भएको,
- कृषि बिमा गर्न बिमा कम्पनीहरुलाई पटक पटक ताकेता गर्दा पनि बिमा गर्न नआएको
- स्थानीय तहको विकास बजेट बिनियोजनमा कृषि क्षेत्रले प्राथमिकता नपाउने गरेको ।

**दाङः**

- आफ्नो जग्गा नभएका किसानहरुले अरूको जग्गा भाडामा लिएर खेती गर्नुपर्ने र जग्गा मालिकले छोटो समयको लागि मात्र जग्गा भाडा सम्झौता गर्ने हुनाले आफ्नो लगानी टनेल, बाँस आदि संरचना बनाउदा लागेको लगानीको प्रतिफल लिन नपाउदै छोड्नु पर्ने समस्या देखिएको
- कृषि ज्ञान केन्द्रले सुलभ कृषि कर्जा उपलब्ध गराउन सहयोग गर्दै आएको भएपनि किसानहरुले सहुलियत रुपमा कृषिकर्जा पाउन नसकेको ।
- किसानहरुले उत्पादन गरेको कृषि उपज बस्तुले उचित मूल्य प्राप्त नगरेको
- देश बाहिरबाट कृषि उपज अत्याधिक आयात भएको कारण स्थानीय किसानहरु कृषि पेशाबाट पलायन हुने क्रममा रहेको
- कृषकस्तरमा क्षमता अभिबृद्धि हुन नसकेको ।
- स्थानीय तहबाट पर्याप्त रुपमा समन्वय र आर्थिक सहयोग हुन नसकेको

**बर्दियाः**

किसानहरुले उत्पादन गरेको कृषि उपज बस्तुले उचित मूल्य प्राप्त नगरेको

देश बाहिरबाट कृषि उपजहरु अत्याधिक आयात भएको कारण स्थानीय किसानहरु कृषि पेशाबाट पलायन हुने क्रममा रहेको

## अनुगमनका क्रममा प्राप्त सुझावहरुः

- जिल्लामा विशिष्टकृत र सम्भाब्यता भएका बाली बस्तुहरुको उत्पादनमा आधारित सिमित संख्यामा स्मार्ट कृषि गाउँ कार्यक्रम सम्भाब्यताका आधारमा सञ्चालन गर्नु पर्दछ ।
- स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन कृषि ज्ञान केन्द्र भन्दा सम्बन्धित स्थानीय तहमार्फत कार्यक्रम सञ्चालन गर्दा अपनत्व हुनेछ ।
- स्मार्ट कृषि गाऊँ कार्यक्रम कार्यान्वयन समिति तथा कृषक समुहहरुलाइ प्राबिधिक र अभिलेख ब्यबस्थापन सम्बन्धी क्षमता अभिवृद्धि गराउनु पर्दछ।
- स्मार्ट कृषि कार्यक्रम बाट उत्पादित बस्तुहरुको संकलन तथा बजारीकरण ब्यवस्थापनमा विशेष योजनाको रुपमा कार्यक्रम कार्यन्वयन गर्न आवस्यक छ।
- स्मार्ट कृषि गाउँ कार्यक्रम लागु भइ (४ बर्ष ) समाप्त भए पश्चात पनि १,२ बर्ष अनुशरण तथा संस्थागत क्षमता विकास कार्यक्रम मार्फत कृषक समुहहरु तथा कार्यक्रम कार्यान्वयन समितिहरु सहकारीमा रुपान्तरण गरी शसक्त भएपछि मात्र बाली बस्तु उत्पादन तथा बजारीकरण निरन्तरता हुने सुनिश्चित र स्वतन्त्र हुने गरी हस्तान्तरण गर्नु पर्दछ ।
- स्मार्ट कृषि गाउँलाइ बाली विकास सिकाइ श्रोत केन्द्रको रुपमा विकास गर्न सकिन्छ ।
- सरकारले किसानको उत्पादन लागत खर्चको आधारमा समर्थन मूल्य निर्धारण गरी प्रभावकारी कार्यान्वयन गर्न सक्यो भने मात्र कृषि पेशा मर्यादित एवं आकर्षित हुनेछ ।
- किसान सुचीकरण र बर्गीकरण सहित पहिचानको लागि उच्च प्राथमिकताका साथ अभियान सञ्चालन गर्नु पर्दछ ।
- कृषि उपज बस्तुहरुको आयात निरुत्साहित गर्ने रणनैतिक योजना बनाई प्रभावकारी कार्यान्वयन गर्न स्थानीय उत्पादन उपभोगमा उपभोक्ता जागरण

अभियान सञ्चालन गर्न निजि क्षेत्रलाइ समेत प्रोत्साहन गर्नु पर्दछ ।

- ❖ कृषि उपज बस्तुहरुको आयात निरुत्साहित गर्न गुणस्तर परीक्षण लगायत अन्य कार्यमा सरकारका विभिन्न निकायहरुको संस्थागत तथा मानवीय क्षमता विकासमा जोड दिई प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।
- ❖ प्रतिस्पर्धी कृषिक्षेत्र, अधिकार सम्पन्न तथा उत्साहित किसान, स्वस्थ उत्पादन, सहज बजारीकरण र जागरुक उपभोक्ताको परिकल्पनाका साथ कृषि कार्यलाई मर्यादित एवं सुरक्षित पेशाको रुपमा स्थापित गर्नु पर्ने समयको आवस्यक्ता अनुसार किसान र अन्तर मन्त्रालय समन्वयको लागि अधिकार सम्पन्न संयन्त्रको प्रत्यक्ष सकृयतामा सरकारको ध्यान केन्द्रित हुन जरुरी छ ।
- ❖ स्मार्ट कृषि गाउँ कार्यक्रम प्रभावकारी देखिएको हुदाँ उक्त कार्यक्रमलाई निरन्तरता दिई थप क्षेत्रमा विस्तार गर्न उपयुक्त हुने,

## *चितवन र नवलपरासी जिल्लाहरूका कृषि तथा पशुक्षेत्रमा संचालित परियोजनाहरूको अनुगमन भ्रमण कार्यक्रम*

### भ्रमण प्रतिवेदन

### चितवन जिल्लामा ४ वटा जोन मार्फत मुख्य मुख्य संचालित कार्यक्रमहरु

- ❖ यान्त्रिकीकरण अन्तर्गत धान रोप्ने मेशिन, कम्बाइण्ड हार्भेण्टर र आधुनिक साना ठूला र मझौला मेशिन सहितको कष्टम हायरिङ सेन्टरहरु स्थापना भएको,
- ❖ सिंचाई पूर्वाधारमा डिप बोरिङ, स्यालो ट्युवेल, पम्पसेट र थोपा सिंचाई कार्यक्रम संचालन भएको पाइयो। उत्पादित कृषि उपजको बजारीकरण सहयोग अन्तर्गत भण्डारण गृह निर्माण, दुवानी साधन चिलर मेशिन र cool Boot ५०%अनुदानमा वितरण गरिएको,
- ❖ केरा पकाउन र केरा पाकेपछि हुने क्षति कम गर्न Ripening chamber को स्थापना भएको,
- ❖ विभिन्न बालीहरूको उत्पादन र उत्पादकत्व वृद्धि गर्न चक्लाबन्दी कार्यक्रम संचालन गरिएको,
- ❖ रोग कीरा व्यवस्थापनको लागि आवश्यक पर्ने जीवनाशक विषादी छर्नको लागि ड्रोनको सफलतापूर्वक परीक्षण तथा प्रयोग गरिएको पाइयो ।

**सुझाव**

- ❖ कृषि बाली वस्तुको उत्पादन एवं उत्पादकत्व बढाउन कस्टम हायरिङ सेन्टरको महत्वपूर्ण भूमिका रहेको हुनाले यसलाई दिगो रुपमा संचालन गर्न आगामी कार्यक्रममा थप बजेटको व्यवस्था हुनु पर्ने,
- ❖ यान्त्रिकीकरणको विकासको लागि ठूला र महंगो मेशिनमा दिइने अनुदान ५०% लाई बढाएर ८५%, बनाइनु पर्ने,
- ❖ मेशिनरी औजार मर्मत सम्भारको लागि दक्ष जनशक्तिको व्यवस्था हुनु पर्ने।

**आयोजनामा देखिएका मुख्य मुख्य समस्याहरू :**

**नीतिगत समस्या**

१. धानको न्यूनतम समर्थन मूल्यको कार्यान्वयन हुन नसक्नु,
२. धानको बीउ र टिस्यू कल्चर विरुवाको गुणस्तर न्यून हुनु,
३. तीन वाली पद्धतिमा उपयुक्त हुने मसिना धानका जातहरूको अभाव,
४. केरा र तरकारीको बजार व्यवस्थापन कठिनाई,
५. मौरीको बंश सुधारका लागि संस्थागत क्षमता नहुनु,
६. मौसमी र छोटो अवधिका लागि प्रयोग हुने महगा औजार मा अनुदान प्रतिशत न्यून हुनु रहेको छ।

**कार्यक्रमगत समस्याहरू**

१. चक्लावन्दी खेती संचालनका लागि टुक्रे र खण्डिकृत जमीन र सामूहिकताको भावना नहुदा कठिनाई,
२. केरा खेतीका लागि जमिन उपलब्धतामा कठिनाई,
३. मालभोग जातको केरामा पानामा रोगको समस्या,
४. चैते धानको न्यून मूल्य हुनु,
५. रानी मौरीको गुणस्तर सुधारका लागि कठिनाई हुनु ।

**समस्या समाधान गर्न गरिएका प्रयासहरू**

१. न्यूनतम समर्थन मूल्य कार्यान्वयनका लागि सहकारीसंग समन्वय,
२. छोटो अवधिमा पाक्ने मसिनो जातको धान छनौटका लागि नार्क र अर्न्तराष्ट्रिय

धान अनुसन्धान केन्द्रहरु सँग समन्वय गरि अनुसन्धान गरिएको

३. सामूहिक छलफल तथा बैठकहरू संचालन,

४. केरा खेतीको पानामा रोग नियन्त्रणका लागि नार्कसँग समन्वय,

५. रानी मौरीको गुणस्तरका लागि तालिम तथा नश्ल सुधारका लागि विदेशबाट रानी मौरी ल्याउने प्रयास गरिएको ।

## समस्या समाधानका लागि सुझावहरू

१. चैते धान लगायतका वस्तुहरूको न्यूनतम समर्थन मूल्य तोकी कार्यान्वयनका लागि सहकारीहरूलाई सशक्तिकरण गर्नु पर्ने,

२. धानको बीउ र टिस्यु कल्चर विरूवाहरूको गुणस्तर नियमन निकायलाई प्रभावकारी बनाईनु पर्ने,

३. मौरीको बंश सुधारका लागि संस्थागत दक्षताको विकास गर्नुपर्ने,

४. मौसमी र छोटो अवधिका लागि प्रयोग हुने औजार मा ८५ प्रतिशत अनुदानको व्यवस्था गरिनु पर्ने,

५. IRRI र नार्क सँग समन्वय गरी छोटो अवधिको मसिना जातको धानको व्यबस्था गर्नुपर्ने,

६. केरामा पानामा रोग सहन सक्ने जातहरू जस्तै जी-९ र विलियम हाईब्रिडको पोष्टहार्भेष्ट लाइफ वृद्धि गरी कृषकहरूलाई अनुशरण गर्न लगाउनु पर्ने ।

## कृषि ज्ञान केन्द्र नवलपुरबाट संचालित मुख्य-मुख्य कार्यक्रमहरू

❖ साना सिंचाई कार्यक्रम

❖ उन्नत कृषि प्रविधि प्रदर्शन कार्यक्रम

❖ क्षेत्रफलको आधारमा तरकारी उत्पादन प्रोत्साहन कार्यक्रम

❖ बाझो जग्गामा व्यवसायिक खेती प्रोत्साहन कार्यक्रम

❖ आधुनिक कृषि यन्त्र उपकरण अनुदानमा वितरण रहेको जानकारी प्राप्त भयो ।

## समस्या :

❖ समयमै उत्पादन सामाग्री (मल, बीउ विषादी) प्राप्त नहुनु

❖ प्राविधिक ज्ञानको कमी,

❖ बिमा सहज तरिकाले उपलब्ध नहुनु ।

## सुझाव

- ❖ समयमै उत्पादन सामाग्री आवश्यक परिमाणमा उपलब्ध गराउन स्थानीय तहको कृषि शाखा र कृषि ज्ञान केन्द्रबाट आवश्यक व्यवस्था गरिनु पर्ने,
- ❖ सहुलियत दरको ऋण कृषकलाई उपलब्ध गराउन ऋण प्रदान गर्ने प्रक्रिया सरल बनाइनु पर्ने,
- ❖ बिमा कम्पनीलाई बिमा गराउन संघ, प्रदेश र स्थानीय तहबाट बिमा कार्यक्रम देखिएका समस्या समाधान गर्न पहल गरिनु पर्ने,
- ❖ उत्पादित वस्तु बजारको मागभन्दा बढी हुन गएमा cold chamber मा केही दिन भण्डारण गर्ने व्यवस्था गरिनुको साथै प्रशोधन उद्योग स्थापना गर्न स्थानीय तहसँग अनुरोध गर्ने ।

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई (व सु प )

## संचालन भएका मुख्य मुख्य कार्यक्रमहरू

- ❖ स्थानीय तहको लागत सहभागितामा वीउ स्रोत केन्द्र स्थापना (अन्य सार्वजनिक निर्माण)
- ❖ चक्लावन्दीमा पकेट/ब्लक/ जोन संचालनको लागि सहकारी र निजी क्षेत्रबाट माग संकलन, सम्भाव्यता
- ❖ अध्ययन र कार्यान्वयनमा सहयोग,
- ❖ जोन/सुपरजोन प्रभाव क्षेत्रमा सुन्तला क्षेत्रफल विस्ता.
- ❖ तरकारी क्षेत्र विस्तार,
- ❖ बगैचा सुदृढीकरण अभियान तथा बाली संरक्षण सेवा (निलोतुथो, चुन, खनिज, तेल, जैविक विषादी अनुदान),
- ❖ सहकारी संजाल मार्फत कृषि उपजको बजारीकरण सहयोग (कृषि- खेतीको साथै सिंचाई प्रयोजन र पशु
- ❖ चिकित्सा सम्बन्धी उपकरण तथा मेशिन औजार)
- ❖ जोन / सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकीकरण सहयोग (कृषि- खेतीको साथै सिंचाई प्रयोजन र पशु चिकित्सा सम्बन्धी उपकरण तथा मेशिन औजार),
- ❖ Shallow Tubewell Irrigation जडान,
- ❖ नयाँ विस्तार हुने क्षेत्रमा सिंचाइ पुर्वाधार निर्माण,

- प्रविधिक शिक्षालयको साझेदारीमा व्यवसायिक उत्पादन कार्यक्रम संचालन अनुदान,
- स्थानीय तहसँगको समन्वयमा नर्सरी स्रोत केन्द्र स्थापना / सुदृढीकरण,
- प्याकेजिङ, लेबलिंङग तथा पोष्ट हार्भेष्ट क्षति न्यूनिकरण कार्यक्रम रहेको छ।

## परियोजना तथा जोन क्षेत्रमा देखिएका समस्याहरू

- परियोजनामा दरवन्दी समयमै स्वीकृति नहुनु,
- परियोजनाको अस्थिर स्वरूप- विगतमा एकै जिल्लामा धेरै जोन, वर्तमानमा कार्यक्रम तीनै तहको सरकारबाट सचालन गरिनु,
- परियोजना दस्तावेजका प्रावधानहरू- आत्मनिर्भरताको सवालमा एउटै परियोजनाले देशको आत्मनिर्भरता लक्षित
- गर्दा समस्या भएको, जिल्लाले हासिल गर्नु पर्ने सूचकहरू बारे व्यवस्था नभएको,
- प्राविधिक क्षमता अभिवृद्धिका कार्यक्रमहरूको कमी - मानव संशाधन विकास कार्यक्रम नहुनु,
- स्थानीय तहबाट संचालित पकेट कार्यक्रम संचालनमा समन्वय हुन नसक्नु,
- दरवन्दी रिक्तता तथा दक्ष जनशक्तिको अभाव रहेको ।
- सुझावहरु :
- परियोजनामा दरवन्दी समयमै स्वीकृति गरिनु पर्ने,
- कार्यक्रमहरु सचालन गर्दा तीन तहको सरकारबाट फरक फरक प्रकृतिको कार्यक्रम सचालन गरिनु पर्ने,
- प्राविधिकहरुलाई क्षमता विकासको लागि नविनतम् प्रविधि बारे तालिम उपलब्ध गराइनु पर्ने,
- जिल्लामा सचालित कार्यक्रमहरुमा एकरुपता ल्यउन समन्वयकारी भूमिकाको लागि सयन्त्र निर्माण गरिनु पर्ने ।

## ***कैलालीको धनगढी र कञ्चनपुरको महेन्द्रनगरमा धानको समर्थन मूल्य कार्यान्वयनको अवस्था अनुगमन र किसान सूचीकरणको विषयमा किसानहरु तथा केही स्थानीय निकाय बीच छलफल अन्तरक्रिया***

### धनगढी

किसान संघ/संगठनहरुको आयोजनामा किसान र कृषि क्षेत्रका समस्या र समाधानको उपाय एक दिवशीय छलफल/अन्तरक्रिया आयोजना गरिएको थियो। उक्त कार्यक्रममा किसान संघ/संगठनहरुका नेता तथा अभियन्ताहरुले कृषि क्षेत्रका समस्याका बारेमा आ-आफ्नो विचार राखु भएको थियो । भेलामा कार्यक्रममा सहभागि रहेका विभिन्न विषयगत क्षेत्रका १७ जना किसानहरुले स्थानीय किसानका समस्या उठाउनु भएको थियो । धानको समर्थन मूल्य कार्यान्वयनका लागि किसान संघ/संगठनहरुका तर्फबाट स्थानीय खाद्य ब्यवस्था तथा ब्यापार कम्पनीको कार्यालयमा गई धर्ना तथा ज्ञापन पत्र प्रस्तुत गरिएको विषय जानकारी गराइयो ।

### महेन्द्रनगर

कन्चनपुरको महेन्द्रनगरमा खास गरी केरा खेती र उखु खेतीमा आवद्ध किसानहरुको बीचमा भेटघाट/छलफल सम्पन्न भएको थियो । त्यसैगरी धानको समर्थन मूल्य कार्यान्वयन गर्नका लागि स्थानीय खाद्य ब्यवस्था तथा ब्यापार कम्पनीको कार्यालय, प्रमुख जिल्ला अधिकारीको कार्यालयमा विभिन्न किसान संघ/ संगठनहरुको प्रतिनिधि मण्डल गई समर्थन मूल्यको प्रभावकारी कार्यान्वयनका लागि अनुरोध गरिएको जानकारी गराइयो ।यो कार्यलाई निरन्तरता दिने जानकारी गराइयो ।

### उक्त कार्यक्रमहरुमा किसानहरुले निम्न समस्या उठाउनु भएको थियो ।

१. कृषि उत्पादन वृद्धि प्रयोजनका लागि वितरण गरिएको अनुदानको ब्यापक दुरुपयोग भएकोले कडाईका साथ अनुगमन गर्नुपर्ने ।

२. धानको वीउ उत्पादनमा अनुदान वृद्धि गरिनु पर्ने र वीउ ग्रेडिङका लागि ल्याइएको मेसिन हालसम्म पनि प्रयोगमा ल्याउन नसकिएकोले उत्पादन कार्यमा सरिक हुन अझ समय पर्खिनु पर्ने भनाई ज्ञान केन्द्रको रहेको बताइयो ।

३. स्थानीय कृषि बजार विचौलियाको कब्जामा रहेकाले किसानले मूल्य पाउन सकेका छैनन् । किसानका लागि निश्चित संख्यामा कृषि बजारमा पसलहरु छुट्याई दिनु पर्दछ ।

४. कुनैपनि सिजनमा मल र विउको सहज आपूर्ति हुन नसक्नु दुखद विषय हो ।

५. पूँजीगत अनुदानका कार्यक्रममा सरिक हुँदा तोकिएकै पसलबाट यन्त्र उपकरण खरिद गर्नु पर्ने वाध्यकारी अवस्थाको अत्य गरिनु पर्ने ।

७. धानको समर्थन मूल्य धान रोपाई हुनुभन्दा अगाडि नै तोकि समय मै खरिद गरिनु पर्ने ब्यवस्था हुन जरुरी छ ।

८. धानको लागत मूल्य र किसानको ज्यालासमेत हिसाब गर्दा हाल तोकिएको मूल्य पर्याप्त छैन । बढाउन जरुरी छ । सोहि अनुसार धान खरिद धान थन्क्याउने साथ गरिनु पर्दछ ।

९. किसान हकहित र अधिकारका लागि मुलुकमा क्रियाशिल सबै किसान संघ/संगठनहरुलाई एकै थलोमा ल्याउन जरुरी छ । यसका लागि राष्ट्रिय किसान आयोगले पहल गर्ने पर्दछ ।

१०. गत साल आएको अविरल वेमौसमी वर्षा, डुबान, कटानले धानवाली समेतमा पारेको क्षतिको राहत हालसम्म पनि कतिपय किसानहरुले नपाएको गुनासो रह्यो ।

११. माछापालक किसानले भारतवाट अयातित माछाका कारण मूल्य नपाएकोले सिमामा निगरानी बढाई आयात बन्द गरी स्थानीय उत्पादनलाई संरक्षण गर्नु पर्‍यो ।

१२. उखु उत्पादक किसानका लागि यस वर्ष प्रति क्वीन्टल रु. ७००/- हुनु पर्ने सुझाव प्रस्तुत गरियो ।

सूदुर पश्चिम मोहन्याल कृषि तथा पशुपालन ब्यवसाय प्रा.लि. ले संचालन गरेको शीत भण्डारका समस्या बारे छलफल कार्यक्रममा सहभागि भइयो । कैलाली जिल्ला, घोडाघोडी -१०, पहलमानपुर स्थित उक्त शीत भण्डार निर्माण गर्दादेखि संचालन सम्ममा अनेक समस्या रहेको बताइयो । उक्त जिल्लाको पूर्वि भेगमा रहेको उक्त शीत भण्डार संचालनमा खासगरी पूँजीको अभाव भएको बताइयो । विभिन्न ब्यक्ति र संस्थाहरुको ब्याजसहितको ऋण रु.९ करोड रहेको, कृषिक्षेत्रमा उत्पादन कार्यमा मलखादको अभाव रहेको, बैंकको ऋण रकम रु. १६ करोड रहेको बताइयो । सबै सरोकारवाला निकायहरु बीच छलफल गर्दा उक्त शीत भण्डार गृहको सम्पूर्ण जायजेथाको मूल्यांकन गरी पब्लिक स्तरमा लागत सहभागितालाई प्राथमिकता दिदै राज्यको स्वामित्वमा संचालन हुनुपर्ने निष्कर्ष निकालियो ।

त्यसैगरी पहलमानपुर घोडाघोडी वडा नं.- १० स्थित मुख्यमन्त्री नमूना आलु समन्वय समितिका सदस्यहरुले लगाएको आलुबाली अवलोकन गर्ने कार्य सम्पन्न भयो । उक्त

अवसरमा उक्त समितिका अध्यक्ष राम बहादुर रावल, तुलसीपुर सामुदायिक वन उपभोक्ता समितिका समेत अध्यक्ष रहेका पुस्कल बहादुर बम र लालुराम भगत तुलसीपुरका किसानहरुले लगाएको आलु वाली अवलोकन गरियो । आलुवाली उत्पादन प्रोत्साहनका लागि मुख्यमन्त्री नमूना आलु वाली कार्यक्रमबाट पचास प्रतिशत पूँजीगत अनुदान र अन्य अनुदान उपलब्ध गराइएकाले किसानले लाभ लिने गरेको बताइयो । नजिकै शीत भण्डार गृह भएकाले सयौं विगाहामा किसानहरु आलु वालीमा आकर्षित भएको बताइयो ।

खाद्य ब्यवस्था तथा ब्यापार कम्पनी धनगढीका कार्यलयका प्रमुख इन्जीला बस्नेत समेतका कर्मचारीहरु संग धान खरिदको अवस्था बारे छलफल अन्तर्कृया गरियो । प्रमुख इन्जीला बस्नेत बाट २०७९/०८/२८ बाट कैलाली जिल्लाका टिकापुर, जोशीपुर र मोहनपुर समेतका डिपोबाट धान खरिद गर्ने कार्य आरम्भ भएको जानकारी प्राप्त भयो । उक्त अवसरमा धान खरिद गर्ने कार्य ढिला शुरुवात गरिएकोमा आगामी दिनमा मंसिरको शुरुवाटै धान खरिद गर्ने वातावरण मिलाउन, यस वर्षको धान खरिद कार्यमा किसानको मात्र धान खरिद गरिनु पर्ने, समर्थन मूल्य र किसानले विक्रीगरेको मुल्य बीचको अन्तरको शोधभर्ना किसानलाई उपलब्ध गराउनु पर्ने लगायतका विषयमा उक्त कार्यालय लाई निर्देशन गरियो ।

## *नेपाल सरकारबाट कर्णाली प्रदेशमा संचालित कृषि कार्यक्रमहरुको अनुगमन प्रतिवेदन*

### कृषि विकास निर्देशनालय,सुर्खेत

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत मातहतको कृषि विकास निर्देशनालयले कृषकरूलाई सेवा प्रदान गर्दै आएको छ ।यस केन्द्रको स्थापना स्थापना मिति २०७५ आषाढ ३२ गतेका दिन भएको हो र सोहि दिन यसको दरबन्दी स्वीकृत भएको थियो । मिति २०७५ आश्विन २४ गते भूमि व्यवस्था, कृषि तथा सहकारी माननीय मन्त्री बिमला के.सी. ज्यूबाट यस कार्यालयको उद्घघाटन भएको हो । मिति २०७६ भाद्र ३१ गते कर्णाली प्रदेश सरकारबाट संगठन संरचना तथा दरबन्दी तेरीज स्वीकृत भई कृषि विकास निर्देशनालय सुर्खेतको कार्यक्षेत्र कर्णाली प्रदेशका दशवटा जिल्लाहरू सुर्खेत, सल्यान, रूकुम पश्चिम, जाजरकोट, दैलेख, कालिकोट, जुम्ला, हुम्ला, डोल्पा र मुगु रहेको छ ।

### कृषि विकास निर्देशनालयबाट संचालन हुने मुख्य-मुख्य कार्यक्रम तथा कृयाकलापहरू

- ❖ प्रदेशस्तरमा खाद्य सुरक्षाको अवस्थाको अनुगमन तथा विश्लेषण गरी प्रदेश सरकारलाई पृष्ठपोषण दिने ।

- प्रदेशस्तरमा खाद्यसु रक्षाको दृष्टिकोणले महत्वपूर्ण वाली वस्तुहरूको पहिचान गरी विकास एवं प्रबर्द्धन गर्ने ।
- प्रदेशस्तरमा कृषि विकासमा संलग्न निकायहरु बीच समन्वय कायम गर्ने/गराउने ।
- प्रदेशस्तरको बजार तथा अन्य कृषि पूर्वाधार विकास नीति तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- प्रदेशस्तरमा कृषि यान्त्रीकीकरण प्रवर्द्धन गरी व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि पेशाको विकास गर्ने ।
- प्रदेशस्तरमा पोष्ट हार्भेष्ट व्यवस्थापनका लागि आवश्यक नीति, योजना तथा मापदण्ड बनाई कार्यान्वयन गर्ने ।
- प्रदेशस्तरीय कृषि उपज बजार स्थलको व्यवस्थापन र संचालन गर्ने ।
- प्रदेश अन्तरगतका कृषि व्यवसायीहरुलाई विभिन्न सेवा सुविधा एवं सहुलियत उपलब्ध गराउने।
- प्रदेशस्तरीय मल, वीउ लगायतका अन्य कृषिजन्य सामाग्रीहरूको आपूर्ति स्थितिको नियमित अनुगमन तथा नियमन सम्वन्धी कार्य गर्ने/गराउने ।
- स्थान विशेषका आधारमा मौरीपालन, रेशम खेती, च्याउ उत्पादन लगायतका आय आर्जन वृद्धि गर्ने कार्यक्रम संचालनका लागि आवश्यक व्यवस्था गर्ने ।
- प्रदेशस्तरमा गुणस्तरीय स्रोत वीउ उत्पादन एवं प्रसारणको व्यवस्था गर्ने साथै वार्षिक आवश्यक पर्ने वीउ विजनको वासलत तयार गर्ने ।

## कृषि विकास निर्देशनालयद्धारा गरिएका कार्यक्रमहरू :-

### १. अर्गानिक मिसन कार्यक्रम

- लेभिलिङ्ग तथा प्याकेजिङ्ग सामाग्री उपलब्ध गराउने,
- उन्नत वीउ उत्पादनमा प्रोत्सहान अनुदान कार्यक्रम,
- वीउ वृद्धि कार्यक्रम,
- आकस्मिक बाली संरक्षण सेवा,
- सालघारी प्रागारिक तथा रैथाने कृषि उत्पादन विक्री केन्द्र स्थापना।

### २. व्याज अनुदान कार्यक्रम

- सहकारी मार्फत
- बैंक मार्फत

## ३. प्राविधिक विद्यालय मार्फत प्रविधि प्रसार तथा सिक्दै कमाउदै कार्यक्रम

- ड्रागन फ्रुट खेती, फलफूल खेतीका लागि विरुवा खरिद र तरकारीका बीउ खरिद भएको
- २ वटा च्याउ उत्पादनका लागि टनेल निर्माण भएको
- गडयौला मल निर्माण
- बेमौसमी तरकारी खेति तालिम
- १ हे. भन्दा बढी जग्गा भएका सामुदायिक विद्यालयमा फलफूल रोपन कार्यक्रम।

## कृषि ब्यबसाय प्रवर्दनका लागि अनुदानमूलक कार्यक्रमहरू:

- बाँझो जग्गामा व्यबसायिक खेति प्रोत्साहन अनुदान,
- साना ब्यबसायिक कृषि फार्म स्थापना तथा बिस्तार,
- साना सिंचाइ कार्यक्रम संचालन,
- क्लस्टरमा रैथाने बाली संरक्षण कार्यक्रम,
- बिशेष बाली प्रवर्द्धन कार्यक्रम,
- तरकारीमा क्षेत्रफलको आधारमा प्रोत्साहन अनुदान,
- आकस्मिक बाली संरक्षण तथा सेवा टेवा कार्यक्रम,
- वीउ उत्पादन कार्यक्रम,
- फलफूल नर्सरी श्रोतकेन्द्र स्थापना,

## कृषि प्रसार तथा तालीम कार्यक्रम:

- स्थलगत बाली उपचार शिविर संचालन कार्यक्रम
- आइ.पी.एम.कृषक पाठशअला संचालन
- बाली बिशेष स्थलगत तालीम
- उन्नत कृषि प्रविधि प्रदर्शन
- क्रप कटिङ तथा उत्पादन अनुमान

- ❖ स्थानीय तहका पदाधिकारी/कृषि प्राविधिकसँग समन्वयात्मक वैठक एवं अन्तर्क्रिया
- ❖ प्रयोगशाला सेवा
- ❖ कार्यक्रम सार्वजनिकीकरण तथा सार्वजनिक सुनुवाई
- ❖ समस्या समाधान तथा प्राविधिक पृष्ठपोषणका लागि Technical Group Monitoring
- ❖ जिल्लास्तर बीउ विजन समन्वय समितिको वैठक
- ❖ बाली बिमाको बिमा शुल्कमा अनुदान

**कार्यक्रम संचालनमा देखिएका समस्याहरुः-**

- ❖ स्वीकृत दरवन्दी अनुसारको पदपूर्ति हुन नसकेको
- ❖ प्रदेशको कुनैपनि जिल्लास्तर कार्यक्रमहरुमा कृषि विकास निर्देशनालयलाई सहभागिताको लागि निमन्त्रणा नआएको
- ❖ संचालित कार्यक्रमहरुको अनुगमन गर्न असहज भएको,
- ❖ २०७९।०८० को बजेटभन्दा यस आर्थिक वर्षको बजेट कम आएको,
- ❖ प्रदेश अर्थ मन्त्रालयले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई बजेट आफ्नै हिसाबले दिने गरेको गुनासो आएको,
- ❖ स्थानीय तहहरुबाट माग भए अनुसारको बजेट नबनाएको,
- ❖ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आयोजनाहरु एकिकृत हुन नसकेको,
- ❖ अन्तर निकायहरु सँग समन्वयको कमि देखिएको जानकारी प्राप्त भयो,
- ❖ कर्णाली प्रदेश सरकाले कर्मचारीहरुलाई बृद्धि विकासको कार्ययोजना नपाएको कारणले कर्मचारीहरुमा निराशापन देखिएको पाईयो,

## कृषि क्षेत्र विकास कार्यक्रम,सुर्खेत

कृषि क्षेत्र विकास कार्यक्रम (ASDP) कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) को ऋण र अनुदान सहयोगमा नेपाल सरकार (GON) को आयोजना हो। ASDP ले कृषि क्षेत्रको विकासमा एडीएस सिद्धान्तहरू लागु गर्दछ, नेपालमा अघिल्लो IFAD-वित्त पोषित उच्च मूल्य कृषि परियोजना (HVAP) को सफल अनुभवको आधारमा नेपालमा ASDP ले कर्णाली प्रदेशका पहाडी तथा हिमाली क्षेत्रका महिला र पुरुषहरूमाझ गरिबी र पोषण

असुरक्षा घटाएर नेपालको SDG१ र SDG२ लक्ष्यहरू हासिल गर्न योगदान पुर्‍याउने लक्ष्य राखेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालय (MOALD) ASDP को मुख्य कार्यकारी निकाय हो, जसको कुल कोष USD ६८ मिलियन छ र जुलाई २०१८ बाट छ वर्षको अवधिमा कार्यान्वयन सुरु भएको छ। ASDP को लक्ष्य कर्णाली प्रदेशका पहाडी तथा हिमाली क्षेत्रका महिला र पुरुषहरूको गरिबी र खाद्य असुरक्षा न्यूनीकरणमा योगदान पुर्‍याउनु हो। विकासको उद्देश्य छनौट गरिएको उच्च मूल्यको कृषि मूल्य शृङ्खलाहरूमा व्यावसायिक रूपमा उन्मुख उत्पादन र मार्केटिङ प्रणालीमा संलग्न साना धनी र पिछडिएका ग्रामीण समूहहरूको आय र खाद्य सुरक्षामा योगदान पुर्‍याउनु हो।

## कृषि क्षेत्र विकास कार्यक्रमबाट संचालन कार्यक्रम

- ❖ कर्णाली प्रदेशका पहाडी तथा हिमाली क्षेत्रमा महिला तथा पुरुषहरूको गरिबी र पोषण असुरक्षा न्यूनीकरणमा योगदान पुर्याउने ।
- ❖ प्रदेशस्तरमा खाद्य सुरक्षाको अवस्थाको अनुगमन तथा विश्लेषण गरी प्रदेश सरकारलाई पृष्ठपोषण दिने ।
- ❖ चुनिएका उच्च मूल्यको कृषि मूल्य श्रृंखलाहरूमा व्यावसायिक रूपमा उन्मुख उत्पादन र मार्केटिङ प्रणालीमा संलग्न साना धनी र पिछडिएका ग्रामीण समूहहरूको आय र खाद्य सुरक्षालाई दिगो रूपमा सुधार गर्ने।
- ❖ ३५,००० कार्यक्रम घरपरिवारहरूमा गरिबी घटनाहरूमा ६० प्रतिशत कमि (HFIAS) को रूपमा मापन गरिएको ७.० वा कम स्कोर (लिंङग र पिछडिएको समूहद्वारा विभाजित)
- ❖ २६,००० मूल्य शृङ्खला जोडिएका खेत परिवारहरूले आफ्नो घरेलु आम्दानीलाई दोब्बर बनाउँछन् (जातीयता र महिला-मुख्य परिवारहरूद्वारा विभाजित)

## कृषि क्षेत्र विकास कार्यक्रमका मुल्य शृङ्खलाहरु

- ❖ स्याउ
- ❖ अदुवा
- ❖ बेसार
- ❖ बाख्रा
- ❖ बेमौसमी तरकारी
- ❖ मह

- डेयरी
- सिट्रस फलहरू
- ओखर
- आलु
- तरकारीको बीउ
- स्थानीय बाली

**कृषि क्षेत्र विकास कार्यक्रमका समस्याहरू:**

- विभिन्न कृषि विकाससँग सम्बन्धित कार्यालयहरू तथा फर्महरूको अनुगमनको क्रममा किसानका जिज्ञासा समेतका आधारमा नेपालमा कृषि क्षेत्रमा देखिएका समस्याहरू निम्नानुसार छन्-
- कृषि सम्बन्धित ऐन, कानून एकीकृत तथा समसामयिक हुन नसक्नु,
- साना किसानहरूको अनुदान तथा सहयोगमा पहुँच पुग्न नसक्नु,
- किसानहरूको क्षमता विकास सम्बन्धी कार्यक्रमहरूको विस्तार हुन नसक्नु,
- सरकारका कृषि विकासका कार्यक्रमहरू लागु गर्नको लागि संरचना नै कमजोर हुनु,
- साना किसानको हातमा जग्गा नहुनु,
- कृषि विकासमा राज्यको लगानी कम हुनु,
- कृषि पेशाबाट हुने आम्दानीले जीविकोपार्जन हुन नसक्दा युवाहरू कृषिप्रति आकर्षित नभई विदेश पलायन हुनु ।

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाई,सुर्खेत**

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाईबाट संचालित कार्यक्रम**

- बीउ भण्डारण/प्रशोधन घर निर्माण,
- नर्सरी श्रोत केन्द्र स्थापना,
- कृषि उपज बजारीकरणमा सहयोग,
- कृषि यान्त्रीकीकरण सहयोग,

- ❖ सिंचाई पुर्वधार निर्माण तथा मर्मत सम्भार,
- ❖ स्थायी प्लाष्टिक टनेल निर्माण,
- ❖ क्षेत्र विस्तार।

**संघीय सरकारबाट प्राप्त कार्यक्रमहरू :**

- ❖ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत ब्लक विकास कार्यक्रमको निरन्तरता
- ❖ कृषि जैविक विविधता संरक्षण कार्यक्रम
- ❖ उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम
- ❖ उन्नत बीउ उत्पादनका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग
- ❖ स्थानीय तह तथा जिल्लाहरूमा संचालित कृषि तथा पशुपंक्षी विकास कार्यक्रमहरूको अनुगमन एवं प्रतिवेदन।

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाईका समस्याहरू:**

- ❖ धान मकैमा देशलाई आत्मनिर्भर गराउने लक्ष्य लिएको अभियानमुखी परियोजना भएको हुँदा देश देशको खाद्य सुरक्षामानै ठूलो असर पर्न जाने,
- ❖ जिल्लामा थप भएका नयाँ जोनमा कार्यक्रम संचालन गर्न परियोजना निर्देशक समितिबाट क्षेत्र निर्धारण स्वीकृत हुनुपर्ने,
- ❖ सबै स्थानीय तहमा परियोजना संचालनको लागि माग भैरहेको ,
- ❖ दरवन्दी स्वीकृत नभएको ,
- ❖ कर्मचारीको कमिले गर्दा काम गर्न कठिनाई भएको,
- ❖ सोलार पावर जडान नभएकोले कार्यालयको कार्यमा ढिलाइ सुस्ति भएको,
- ❖ कालिकोट र जुम्लालाई एउटै एकाई मार्फत आर्थिक ,प्राविधिक र प्रशासनिक कार्य गर्दा, भौगोलिक विकटका कारण कालिकोटमा कार्यक्रम कार्यान्वयन गर्न असहज भएको।

**पशुपन्छी विकास निर्देशनालयको संचालित कार्यक्रमहरु**

- ❖ कृषि बाली/वस्तुको विकास एवं विस्तारका लागि आवश्यक नीति तथा व्यवसायिक योजना तर्जुमा तथा कार्यान्वयन गर्ने।

- प्रदेशस्तरमा सिमान्कृत कृषक समुदायलाई उत्थान गर्ने खालका बिशेष कार्यक्रमहरु संचालन गर्ने ।
- प्रदेशस्तरको बजार तथा अन्य कृषि पूर्वाधार विकास सम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन गर्ने ।
- प्रदेशस्तरीय कृषि उपज बजारस्थलको व्यवस्था गर्ने ।
- प्रदेशस्तरमा उपयुक्त रणनीतिक स्थानमा थोक, खुद्रा तथा हाट बजार, संकलन केन्द्र तथा अन्य बजार पूर्वाधार विकास गर्ने ।
- प्रदेशस्तरमा कार्यरत कृषि व्यवसायीहरुलाई विभिन्न सेवा सुविधा एवं सहुलियत उपलव्ध गराउने।
- प्रदेशस्तरीय मल, बीउ लगायतका कृषि सामग्रीको आपूर्ति स्थितीको नियमित अनुगमन गरी प्रदेश सरकारलाई पृष्टपोषण गर्ने ।
- प्रदेशस्तरको माटो सुधार सम्बन्धी नीति तर्जुमा तथा कार्यान्वयन गर्ने । प्रदेशस्तरमा माटोको उर्वराशक्ति नक्सा तयार गरी सो को आधारमा उर्वराशक्ति सुधारका लागि आवश्यक कार्य गर्ने ।
- प्रदेशस्तरमा गुणस्तरीय श्रोत बीउ उत्पादन एवं प्रसारणको व्यवस्था गर्ने।
- प्रदेशस्तरमा मल बीउ लगायतका कृषि सामग्रीहरुको गुणस्तर नियन्त्रण गर्ने।
- लोपोन्मुख तथा उपेक्षित बालीहरुको जर्मप्लाज्म संरक्षण, सम्वर्धन तथा जातीय पंजिकरणको लागि कार्यक्रम संचालन गर्ने ।
- प्रदेशस्तरमा बिरुवाको जातमा प्रजनन् एवं कृषकको अधिकारलाई सूनिश्चित गर्न प्रभावकारी भूमिका निर्वाह गर्ने ।
- खाद्य सुरक्षाको अवस्थाको अनुगमन तथा विश्लेषण गरी प्रदेश सरकारलाई पृष्टपोषण गर्ने ।
- खाद्य सुरक्षाको दृष्टिकोणले महत्वपूर्ण बाली/वस्तुहरुको पहिचान गरी विकास एवं प्रवर्द्धन गर्ने ।
- स्थान विशेषका आधारमा मौरीपालन, रेशम खेती, च्याउ उत्पादन कार्यक्रम संचालनका लागि आवश्यक व्यवस्था गर्ने ।
- प्रदेशस्तरमा पोष्टहार्भेष्ट व्यवस्थापनका लागि आवश्यक नीति, योजना तथा मापदण्ड बनाई कार्यान्वयन गर्ने।
- प्रदेशस्तरमा कृषि यान्त्रीकीकरण प्रवर्द्वन गर्ने ।

**पशुपन्छी विकास निर्देशनालयमा देखा परेका समस्याहरू:**

- कृषि तथ्यांकको अभाव भएको र तथ्यांकलाई भरपर्दो बनाउन नसकिएको,
- कार्य बोझ बढी भएकोले संचालित कार्यक्रमहरुको जिल्लास्तरमा प्रभावकारी कार्यान्वन हुन नसकेको
- सबै तहबाट प्रभावकारी अनुगमनको अभाव भएको,
- कार्यक्रम सञ्चालन norms व्यवस्थित हुनुपर्ने,
- प्रयोगशाला सेवाको उचित व्यवस्थापन हुन नसकेकोले रोग निदान कार्य प्रभावकारी नभएको ,
- व्यवसायिक पशुपालनलाई आबश्यक सेवा दिने क्षमता अभिवृद्धि गर्न वर्तमान जनशक्तिलाई पुनर्ताजगी तालिमको व्यवस्था गर्नुपर्ने,
- प्रदेश भित्र पशुपंक्षीहरुको स्रोत नभएकोले प्रदेश भित्र नै सबै खाले पशुपन्छी सम्बन्धी वस्तु तथा सामाग्री उपलब्ध हुन सक्ने गरी स्रोत केन्द्रको व्यवस्था हुनुपर्ने,
- पशुपालनको व्यवसायीकरण गर्न कृषक तत्पर भए पनि ऋण सहयोग उपलब्ध नभएकोले ऋण उपलब्ध हुने ब्यबस्था हुनुपर्ने,
- प्रदेशमा नै तरल Nitrogen उत्पादनको व्यवस्था हुनु पर्ने ।
- प्रत्येक स्थानीय तहहरुमा पशु सेवा केन्द्र र अस्पताल नभएको हुँदा पशु सेवा केन्द्र र अस्पताल स्थापना गरिनु पर्ने,

## फिल्ड अनुगमन रिपोर्टः

## कृषि विकास निर्देशनालय फिल्ड अनुगमन गर्दा कृषकहरुबाट उठेका समस्याहरुः

- कृषकद्धारा उत्पादन गरिएको तरकारीहरुको बजारीकरणमा समस्या भएको,
- कृषकले उत्पादन गरे अनुसारको मूल्य नपाएको,
- सिंचाईमा समस्या भएको,
- सडक विस्तार नभएको,
- तरकारी उत्पादक कृषकहरु कृषि विकास निर्देशनालयमा मात्रै समन्वय गर्न सकेको अन्य निकायहरु सँग समन्वय गर्न नसकेको,

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना कार्यान्वयन एकाईको फिल्ड अनुगमन गर्दा कृषकहरुबाट उठेका समस्याहरुः**

- ❖ HEEMSONA जातको टमाटरलाई सुचीकृत नभएकोले बिमा हुन नसकेको हुदाँ उत्पादक कृषकहरुले क्षति ब्यहोर्दै आएको,
- ❖ स्थानीय तहले कृषि बजारको व्यवस्था नगरेको,
- ❖ उचित मूल्य नपाएको,
- ❖ खेति गर्ने समयमा मलको अभाव भएको,
- ❖ किसानले पाउने सेवा सुविधाहरु छिटो, छरितो नभएको,

**किसान सूचीकरण कार्यक्रम**

- ❖ सबै कृषकहरु सूचीकरण हुन नसकेको,
- ❖ डाटा अपडेट र डाटा प्रशोधन प्रक्रिया व्यवस्थापन हुन नसकेको
- ❖ उक्त कार्यक्रमलाई आगामी वर्षमा सञ्चालनका निम्ति सहजिकरण कुन निकायबाट हुने जानकारी भएको,
- ❖ वीरेन्द्रनगर नगरपालिकाको दुर्गम क्षेत्रका वडाहरुमा उक्त कार्यक्रम सञ्चालन गर्दा बजेट अपुग हुने अवस्था रहेको ।

***ओखलढुङ्गा जिल्लामा संचालित कृषि कार्यक्रमहरुको अनुगमन प्रतिवेदन***

ओखलढुङ्गा जिल्लाका विभिन्न सरकारी निकायहरु प्रतिनिधि, स्थानीय जनप्रतिनिधि, टोल समितिका सदस्य, सहकारी संस्थाका प्रतिनिधि र किसानहरु संग छलफल, अनुगमन तथा अन्तरक्रियाबाट प्राप्त समस्या तथा सुझावहरु निम्नानुसार छन्।

**समस्याहरुः**

- ❖ कृषि तथा पशु बिमा बापतको दाबी रकमको भुक्तानी समयमै नभएको,
- ❖ लम्पी स्किन रोग र रानीखेत बर्डफ्लु लागेको पशुपन्छीमा बिमा कम्पनीले बिमा नगरेको,
- ❖ बादर,मृग ,दुम्सी र खरायो लगायतका वन्यजन्तुले बाली नोक्सान गरेको,
- ❖ दक्ष जनशक्ति अभाव,
- ❖ उन्नत जातको बीउ, मल, किटनाशक औषधि समयमै प्राप्त नभएको ,
- ❖ सिचाइमा समस्या रहेको,

❖ कृषि उपज तथा पशुपन्छीको बजार व्यवस्थापन गरिनु पर्ने,

## सुझावहरु

❖ जंगली जनावरको व्यवस्थापन गर्न बादर संरक्षित क्षेत्र घोषणा गरिनु पर्ने,

❖ दुधकोशी खोलाको पानीलाइ लिफ्टीङको व्यवस्था गर्नु पर्ने,

❖ वडास्तरमा कृषि तथा पशुपन्छी प्राविधिकस्तरका कर्मचारीहरुको व्यवस्था गरिनु पर्ने,

❖ प्रतिफलमा आधारित अनुदान कार्यक्रमलाई प्रभावकारी बनाउनु पर्ने,

❖ संघ, प्रदेश र स्थानीयतह बीच कृषि कार्यक्रमलाई प्रभावकारी बनाउन समन्वय गरिनु पर्ने,

❖ किसान सुचीकरण र वर्गीकरण सहितको किसान परिचय पत्रको ब्यवस्था गरिनु पर्ने,

❖ चक्लाबन्दी खेती प्रणाली प्रभावकारी बनाउन नीतिगत सुधार हुनुपर्ने,

❖ कृषि उपज वस्तुहरुको न्युनतम समर्थन मूल्य घोषणा गरि कार्यान्वयनमा ल्याउनु पर्ने।

# अनुसूची-५

## काठमाडौं जिल्ला, दक्षिणकाली नगरपालिका-८, छैमलेमा स्थानीय जातका नास्पातीमा फल नलागेको समस्याको अवलोकन प्रतिवेदन

**परिचय**

काठमाण्डौ जिल्ला, दक्षिणकाली नगरपालिका-८, छैमले (१६०० देखि १७०० मी) मा स्थानीय जातका नास्पातीमा फल नलागेको समस्याको अध्ययन गरी यसको कारणहरू र यसका निवारणका उपायहरू सिफारिस गर्न नेपाल कृषि अनुसन्धान परिषद्का बिभिन्न बिषयका बिषेशज्ञहरूको टोलीले मिति २०७९/०४/२३ गते स्थानीय किसानहरु जय राम फुयाल, माधव प्रसाद शर्मा, राज कुमार चापागाई, शंकर अधिकारी र मधुशुधन अधिकारीका बगैचाको स्थलगत भ्रमण तथा अवलोकन गरेको थियो। अवलोकनको क्रममा बिभिन्न बिषेशज्ञको टोलीले बगैचाको अहिलेको अवस्था तथा यसको ब्यवस्थापनका केहि सुझावहरू पेश गरेको छ ।

**अवलोकनमा पाइएका नतिजाहरू**

**क) बागवानी सम्बन्धी अवलोकन**

बगैचाको स्थलगत अवलोकन गर्दा करिव ९० प्रतिशत बोटहरूमा नास्पातीका फलहरू नलागेका, ३-४ प्रतिशत बोटहरूमा फलहरू लागेका तथा १-२ प्रतिशत बोटहरूमा निकै कम संख्यामा फलहरू लागेको पाइयो । बगैचाहरूमा करिव करिब एकै प्रकारका जातहरू लगाइएको छ । कतिपय बोटहरूमा नयाँ हाँगाहरूको संख्या धेरै रहेको पाइयो साथै धेरै जसो बोटहरू पुराना र फल दिइरहेको बोटहरू पाइयो । यसरी समग्रमा हेर्दा उत्पादनशिल बगैचा भए पनि बगैचा व्यवस्थापनका पक्षहरूमा भने केहि सुधार गर्नुपर्ने देखिन्छ । नास्पाती फलबाट अधिक उत्पादन लिन बिभिन्न जातहरू (बिशेष गरी जंगली जातहरू) व्यावशायिक जातहरूको आसपासमा लगाउँदा राम्रो हुन्छ । बगैचाहरूको आसपासका जंगलहरूमा समान्यरूपमा मयलका बोटहरू पनि रहेको देखियो ।

**ख) किराहरू सम्बन्धी अवलोकन**

बगैचा अवलोकन गर्दा उत्पादनमा तात्विक क्षती पुर्याउने तथा फल तथा फूलमा क्षती पुर्याइ फल लाग्न नदिने किराहरु देखिएनन् । किसानहरूको भनाइ तथा बगैचा अवलोकनबाट नास्पातीको विरूवामा कालो कमिलाहरू देखिएका छन र कुनै कुनै बोटमा यसको संख्या उल्लेख्य मात्रामा रहेको पाइयो ।अन्य कीराहरुको बारेमा बगैचामा थप समस्याहरू रहेको देखिएन ।


**ग) रोग सम्बन्धी अवलोकन**

मिति २०७९/०४/२३ गते दक्षिणकाली - ८, काठमाडौंमा अवस्थित विभिन्न किसानका नासपाती वागैचाहरुमा रोग निरीक्षण गर्दा सवै वगैचाहरुका वोटका पातहरुमा रोगका लक्षणहरु पाइयो । ति

लक्षणका पातका नमुनाहरु संकलन गरि प्रयोगशालामा परिक्षण गर्दा ढुशीका जीवाणुहरु (*Alternaria* sp., *Stemphylum* sp., and *Fabrea maculata*) देखियो । उक्त जीवाणुवाट पात डढुवा लगायत पात थोप्ले रोग लाग्दछ । यी रोगका जीवाणु धेरै लागेपछि पातहरु पहेलो हुदै डढेर झर्ने गर्दछ । वढी तापक्रम, वढी छायाँ र वढी सापेक्षिक आद्रता भएको ठाउँमा रोगको प्रकोप वढी हुन सक्दछ । निरीक्षणको क्रममा धेरै जसो वोटहरुमा फल नलागेको पाइयो भने केहि वोटमा फल लागेको र ति फल लागेका वोटहरुमा तुलनात्मक रुपमा रोगको प्रकोप फल नलागेको वोटमा भन्दा कमै भेटियो । प्राय जसो वोटका हाँगाहरुमा लेउ लागेको र हाँगाहरु केहि चर्केको पाइयो । यस्तो अवस्थामा वोट कमजोर भइ विभिन्न रोगले आक्रमण गर्ने गर्दछ ।

**घ) माटो सम्बन्धी अवलोकन**

माटो तथा मलको कमि भएको लक्षण हरु खासै देखिएको थिएन । माटो वा मलको कमीले क्रमिक रुपमा उत्पादन घट्ने, बोटबिरुवाहरुले पोषण तत्वको कमि भएको लक्षणहरु देखाउने, आदि हुन्छ । त्येस ठाउको माटोको डिजिटल नक्शा समेत हेरिएको थियो र माटोमा खासै समस्या नभएको यो नक्शा बाट पनि प्रस्ट हुन सकिन्छ जसको screenshot यहाँ प्रस्तुत गरिएको छ ।




| Properties | Max Value | Min Value | Mean Value | Median Value |
|---|---|---|---|---|
| pH value: | 5.857 | 5.702 | 5.784 | 5.794 |
| Organic Matter: | 3.597 % | 3.158 % | 3.345 % | 3.333 % |
| Total Nitrogen: | 0.163 % | 0.133 % | 0.148 % | 0.152 % |
| Available Phosphorus ($P_2O_5$): | 175.453kg/ha | 125.145 kg/ha | 148.835 kg/ha | 153.111 kg/ha |
| Available Potassium ($K_2O$): | 389.672 kg/ha | 360.733 kg/ha | 376.053 kg/ha | 375.733 kg/ha |
| Zinc: | 1.656 ppm | 1.470 ppm | 1.564 ppm | 1.564 ppm |
| Boron : | 1.012 ppm | 0.966 ppm | 0.983 ppm | 0.979 ppm |

## निश्कर्ष तथा सुझावहरू

१. नास्पातीका अधिकांश जातहरू आफैमा सेचित भइ फल लाग्ने जातहरू होइनन् । यसको लागि उपयुक्त अन्य जातहरूको परागकणको आवश्यकता पर्दछ । यो बालीमा परसेचन मुख्य गरी माहुरीले र अन्य कीराहरूले गर्दछन् । नास्पातीमा करिब एक हप्तामा (७-१० दिन) फूल फुल्ने प्रक्रिया (फूल फुल्न सुरू गरे देखि पुरै फुल्ने अवधि) पुरा हुन्छ ।त्यसैले यस बालीमा सफल परागसेचन हुनको लागि फूल फुल्न सुरू गरेको दुई देखि दस दिन भित्र फूलले पराग कणहरू प्राप्त गरिसकेको हुनु पर्दछ । यदि यो अवधिमा फूलमा कुनै कारणवस पराग कणहरू उपलब्ध हुन नसकेमा फल नलाग्ने हुन सक्दछ । फूल फुलेर फल नलागेको अवस्थमा तत्कालै अवस्थाको जानकारी भइ अवलोकन हुन सकेको भए त्यस बेलाको मौसमी अवस्था तथा अन्य अवस्थाबारे यकिन हुन सक्दथ्यो तर पनि किसानहरुको मौखिक जानकारी अनुसार फूल फुलेर पनि कुनै पनि फल नलागेको भन्ने जानकारी अनुसार तहाँका नास्पातीमा फल नलाग्ने कारणहरू निम्न अनुसार मध्ये कुनै एक वा दुई हुन सक्ने सम्भावना देखिन्छ ।

- फूल फुलिरहेको अवधिमा (करिव ७ देखि १० दिन) अत्यधिक चिसो हुनु र बदलि भई घाम नलागेको अवस्था हुनु जसको कारणबाट किराहरु चरनमा निस्कन नसकि परागसेचन हुन नसक्नु वा
- फूल फुलिरहेको अवधिमा (करिव ७ देखि १० दिन) लगातारको पानीले किराहरू चरनमा जान नसक्नु तथा परागकरणहरू पानीले पखाली दिनु वा
- फूल फुलिरहेको अवधिमा (करिव ७ देखि १० दिन) आद्रता अत्यधिक सुख्खा हुनु/र हावा चल्नु जसको कारण फूलको पोथी भागको चिसोपना सुक्न जानु जसको कारण परागसेचन भएपनि परागकण जीवित हुन नसक्नु वा
- फूल फुलिरहेको अवधिमा (करिव ७ देखि १० दिन) दिउँसो अधिक तापक्रम तथा रातीको तापक्रमम धेरै न्यून भई फूलमा रहेको शीत जम्न (Condensation) गई फूलहरू मर्नु ।

यति हुँदा हुदै पनि केहि बोटहरुमा राम्रो फल लाग्नुको कारणहरुः

- फलेका बोटहरु अन्य बोटहरू भन्दा केहि दिन अगौटे वा पछौटे हुन सक्छन जसले उक्त बिषम परिस्थिति झेल्नु परेन
- फलेका बोटहरू जंगली नास्पाती (मयेल) को नजिक परेको हुनाले हावा वा किराले छोटो अवधिको लागि भएपनि फूलहरुमा चरन गर्न जाँदा परागसेचन प्रक्रिया भएको हुन सक्दछ ।

यसरी मौसमी बिषम परिस्थितिको कारणबाट त्यहाँ रहेका नास्पातीका बोटमा फल नलागेको सम्भावना धेरै देखिन्छ र एकै प्रकार (जातका) बोटहरू लगाउँदा नोक्सानी ठूलो भएको देखिन्छ । अर्को बर्षको मौसम समान्य अवस्थामा फर्केको खण्डमा बिगतका बर्षमा जस्तै फल लाग्ने देखिन्छ तापनि बगैचाबाट आगामी बर्षहरुमा अधिक र गुणस्तरीय उत्पादनका लागि तपसिलका सुझावहरू दिइएको छ ।

- बगैचा ब्यवस्थापनको पक्षहरूमा (काँटछाट, मलखाद तथा सुक्ष्म खाद्यतत्त्व ब्यवस्थापन, फलको काँटछाँट आदि) सुधार गर्नुपर्ने देखिन्छ जसको लागि यस क्षेत्रमा नास्पाती तथा यस्ता फलबालीहरूमा लामो समयदेखि यि पक्षहरूमा कार्य गर्दै आएको समशितोष्ण बागवानी फार्म, कीर्तिपुरसँग प्राविधिक तथा अन्य क्षेत्रमा सहकार्य गर्नु आवश्यक छ ।
- बगैचामा एकै प्रकारका जातहरु भन्दा आफ्नै बगैचामा भएका वा अन्य स्थानबाट केहि अगौटे तथा पछौटे जातहरु पनि मिलाई लगाउनु पर्ने देखिन्छ ।
- बगैचाका बिच बिचमा जंगली नास्पाती (मयेल) लगाउनु पर्दछ । सकेसम्म १:५-८ मा यसको अनुपात राख्दा उत्पादनमा बृद्धि गर्न सकिन्छ ।

२. रोग किरा ब्यवस्थापन

<u>माथि उल्लेखित रोगहरुको व्यवस्थापन</u>

- रोगको व्यवस्थापनका लागि बोटका अनावश्यक हाँगाहरु काटछाँट गर्ने, समयमा काटछाँट गरि Bordeaux mixture १% वा तामायुक्त विषादि (Copperoxychloride 2% दरले) पुरै वोट भिज्ने गरि छर्ने ।
- रोग को लक्षण फाटफुट्ट देखिन थाले पछि Bordeaux mixture १% वा तामायुक्त विषाधी Copperoxychloride 2% दरले आवश्यकता अनुसार १० दिनको फरक मा पुरै वोट भिज्ने गरि २ पटक छर्ने ।
- वोटको फेद देखि करिव २ देखि ३ फिट वोटको उचाई अनुसार Bordeaux paste को लेप लगाउने ।
- सिफारिस मात्रामा नियमित रुपमा मलखाद वोटको वरिपरी घेरा वनाई हल्का खाल्डो खनी प्रयोग गर्ने ।

**किराहरू**

यस बालीको लागि कालो कमिला शत्रुजीव नभएको देखिएको छ । कमिला आफैले विरुवामा क्षती नगर्ने तर कमिलाको उपस्थितीले विरूवामा केहि समस्य छ भन्ने कुरा देखाउन सक्दछ ।

यसमा लागेको कमिला बिभिन्न कारणहरुबाट हुन सक्दछ । विरूवामा लाही कीराको प्रकोप भएको अवस्थामा यसले विसर्जन गर्ने गुलियो पदार्थ खानको लागि कमिलाहरू आकर्षित हुने गर्दछन । यस अवस्थामा लाहि कीराको व्यसस्थापन गर्नु पर्दछ । लाहि कीराको समस्यामा कमी आएमा कमिलाको संख्यामा पनि स्वतः कमी आउँदछ । त्यस्तै कुनै कारणले नास्पाती बोटको काण्ड वा डाँठ कुहिएमा त्यस्तो कुहिउको काठको लागि कमिलाहरू आउन सक्दछ र यसरी बनेको खोक्रो ठाउँमा कमिलाले आफ्नो घर बनाउँदछ । कमिलले गर्दा बगैचामा काम गर्न अप्ठ्यारो परेको अवस्थामा यसको व्यवस्थापन गर्नु पर्दछ । यसको ब्यवस्थापनको लागि वोटको काण्डमा टाँसिने पासवको प्रयोग गर्न सकिन्छ साथै बिषादीको प्रयोबाट पनि यिनीहरुको संख्यामा कमी ल्याउन सकिन्छ । कमिलाको प्रजातीहरूले नास्पातीको परसेचनमा पनि सहयोग गर्ने हुनाले यो किराले फलको उत्पादनमा र फल नलाग्नको लागि कुनै भूमिका खेलेको देखिदैन ।

३. माटो तथा मल व्यवस्थापन

उत्पादन र उत्पादकत्व बढाउनको लागि यस क्षेत्रमा १० वर्ष भन्दा बढी उमेर भएका बोट भएकोले, प्रतिवर्ष प्रतिबोट २ डोको राम्ररी पचेको कम्पोस्ट मल, ८०० ग्राम युरिया, ८०० ग्राम डीएपी, ८०० ग्राम पोटास तथा थोरै ( लगभग २० ग्राम) बोरेक्स लगाउनु उपयुक्त देखिन्छ ।

# अनुसूची-६

## २०७९/८०मा कृषकबाट प्राप्त गुनासोहरु

| दर्ता नं. | गुनासो कर्ताको नाम | ठेगाना | गुनासो विवरण | फछ्यौँट को अवस्था |
|---|---|---|---|---|
| १. | संजय कुमार शाह | राजपुर, रौतहट | बेमौसमी पानीले क्षति भएको धान खेतको निम्ति छुट्याइएको राहत रकम हाल सम्म उपलब्ध नगरिएको। | राष्ट्रिय किसान आयोगले राजपुर न.पा का कार्यकारी अधिकृत र कृषि अधिकृतलाई र निवेदकलाई टेलिफोन सम्पर्क गरि आवश्यक सहयोग, समन्वय तथा सहकार्य सम्बन्धित निकायबाट प्राप्त भएको सुझाव जानकारी गराइएको। |
| २. | हिरणयराज उप्रेति | पनौती न.पा. | रैथाने कुखुरा पालन निम्ति छुट्याइएको अनुदान उपलब्ध नभएको। | राष्ट्रिय किसान आयोगले निवेदकलाई टेलिफोन सम्पर्क गरि आवश्यक सहयोग, समन्वय तथा सहकार्य सम्बन्धित निकायबाट प्राप्त भएको सुझाव जानकारी गराइएको। |
| ३. | रमन बस्नेत | झापा | बंगुर पालनमा आएको समस्या सम्बन्धी सरकारको ध्यान आकर्षण नभएको। | यस कार्यालयमा सम्पर्क हुन आउने भनेको तर हाल सम्म नआएको । |
| ४. | हरेराम चौधरी | सिमरा, बारा | सिफारिस गरिएको २३८ जातको उखुमा छ महिना पछी रोग देखा परी ८०% उखु नष्ट भएको र सो को क्षतिपूर्ति कम्पनीले नब्यहोरेको। | राष्ट्रिय किसान आयोगले निवेदक-लाई टेलिफोन सम्पर्क गरि आवश्यक सहयोग, समन्वय तथा सहकार्य सम्बन्धित निकायबाट प्राप्त भएको सुझाव जानकारी गराइएको। |

| | | | | |
|---|---|---|---|---|
| ५. | प्रेम नारायण अधिकारी | भक्तपुर | कृषिमा अनुदान र बीमाको अवस्था बारे प्रश्न। | राष्ट्रिय किसान आयोगले निवेदक-लाई टेलिफोन सम्पर्क गरि आवश्यक सहयोग, समन्वय तथा सहकार्य सम्बन्धित निकायबाट प्राप्त भएको सुझाव जानकारी गराइएको। |
| ६. | सुजता अधिकारी | काठमाडौं | कौसी खेतीको लागि अनुदानको ब्यवस्था। | राष्ट्रिय किसान आयोगले निवेदक-लाई टेलिफोन सम्पर्क गरि आवश्यक सहयोग, समन्वय तथा सहकार्य सम्बन्धित निकायबाट प्राप्त भएको सुझाव जानकारी गराइएको। |
| ७. | बमलाल खवास | मोरङ्ग | कृषि ऋणमा असहजता बारे। | राष्ट्रिय किसान आयोगले निवेदक-लाई टेलिफोन सम्पर्क गरि आवश्यक सहयोग, समन्वय तथा सहकार्य सम्बन्धित निकायबाट प्राप्त भएको सुझाव जानकारी गराइएको। |
| ८. | सन्तोष कार्की | ललितपुर | पराल ढुवानीमा समस्या। | राष्ट्रिय किसान आयोगले निवेदक-लाई टेलिफोन सम्पर्क गरि आवश्यक सहयोग, समन्वय तथा सहकार्य सम्बन्धित निकायबाट प्राप्त भएको सुझाव जानकारी गराइएको। |
| ९. | कुमारी मोक्तान | हेटौंडा | बंगुर पालन कृषकलाई बजार र दाना पानी ब्यवस्थापनमा परेको समस्या। | राष्ट्रिय किसान आयोगले निवेदक-लाई टेलिफोन सम्पर्क गरि आवश्यक सहयोग, समन्वय तथा सहकार्य सम्बन्धित निकायबाट प्राप्त भएको सुझाव जानकारी गराइएको। |

| | | | | |
|---|---|---|---|---|
| १०. | सुरेश गरी | धादिङ्ग | लसुन खेती सम्वन्धी प्राविधिक ज्ञान सम्वन्धी। | राष्ट्रिय किसान आयोगले निवेदक-लाई टेलिफोन सम्पर्क गरि आवश्यक सहयोग, समन्वय तथा सहकार्य सम्बन्धित निकायबाट प्राप्त भएको सुझाव जानकारी गराइएको। |
| ११. | राम आषय महत्तो | रौतहट | स्वीकृत भईसकेको अनुदानको रकम प्राप्त नभएको। | सम्बन्धित निकाय संग राष्ट्रिय किसान आयोगले निवेदकलाई टेलिफोन सम्पर्क गरि आवश्यक सहयोग, समन्वय तथा सहकार्य सम्बन्धित निकायबाट प्राप्त भएको सुझाव जानकारी गराइएको। |
| १२. | गुणराज धिताल | चितवन | कुखुरा पालनमा न्यूनतम समर्थन मूल्य तोकिनु पर्ने। | राष्ट्रिय किसान आयोगले निवेदक-लाई टेलिफोन सम्पर्क गरि आवश्यक सहयोग, समन्वय तथा सहकार्य सम्बन्धित निकायबाट प्राप्त भएको सुझाव जानकारी गराइएको। |
| १३. | उमेश कार्की | पाल्पा | कफीको बोटमा रोगको समस्या। | राष्ट्रिय किसान आयोगले निवेदक-लाई टेलिफोन सम्पर्क गरि आवश्यक सहयोग, समन्वय तथा सहकार्य सम्बन्धित निकायबाट प्राप्त भएको सुझाव जानकारी गराइएको। |

# अनुसूची-७

## आ.व २०८०/८१ मा समावेश गरिनु पर्ने कृषि सम्बन्धी नीति तथा कार्यक्रमका लागि मन्त्रालयमा पेश गरिएको सुझावहरु

- भूमिहीन दलित र भूमिहीन गरीब किसानले जमीन पाउने संवैधानिक हक कार्यान्वयन गरी त्यस्ता किसानलाई जमीन प्रदान गरिनु पर्ने, वैज्ञानिक भूमिसुधारको अवधारणा अनुसार सामन्ति भूस्वामित्वको अन्त्य र जमीनमा रहेको द्वैधस्वामित्वको अन्त्य गरिनु पर्ने, भू-उपयोग नीतिका आधारमा कृषिभूमिको वर्गीकरण गरी चक्लाबन्दी गरी सहकारी खेती प्रवद्धन गरिनु पर्ने, जमीनको उकास, सुधार र उपयोगमा जोड दिइनु पर्ने ।
- कृषि योग्य भूमिको खण्डीकरण रोकी भूमि बैङ्क मार्फत भूमिको उपयोग व्यवस्था लागु गरिनु पर्ने, सम्पूर्ण गुठी जमीन जोतभोग गर्दै आएका किसानका नाममा रैकर गरिनु पर्ने,
- आगामी दशक कृषि दशक घोषणा गरी राज्यका नीति, कार्यक्रम, योजना र बजेटमा प्राथमिकता दिई सञ्चालन गरिनु पर्ने,
- संघीय, प्रदेश र स्थानीय तहका सरकारहरूले कुल बजेटको १० प्रतिशत कृषि क्षेत्रका लागि बजेट विनियोजन गरिनु पर्ने,
- कृषिलाई व्यवसायीकरण, आधुनिकीकरण, विशिष्टीकरण र विविधिकरण गर्दै किसानलाई आधुनिक ज्ञान, सीप र प्रविधिहरूको बारेमा जानकारी सहज रूपमा प्राप्त गर्न व्यवस्था गरिनु पर्ने, कृषिमा आधारित उद्योगहरूको स्थापना, संरक्षण र प्रवर्द्धन गरिनु पर्ने,
- स्थानीय तहमा कृषि उत्पादनहरूको विशिष्टीकरण र विविधिकरण गरी पकेट क्षेत्रको रूपमा विकास गर्न पालिका मार्फत कृषि उत्पादनमा आत्मनिर्भर हुने नीति लिइनु पर्ने
- किसानको पहिचान, वर्गीकरण र सूचीकरण गरी किसान परिचयपत्र वितरण गर्न र त्यसका आधारमा तीनै तहका सरकारहरूले प्रवाह गरिनु पर्ने सेवा, सुविधा र छुटहरू किसानले पाउने व्यवस्था गरिनु पर्ने,
- कृषि उत्पादनको समर्थन मूल्य समयमै निर्धारण गरी राज्यले नै खरिद गर्न व्यवस्था गर्ने, निर्धारित समर्थन मूल्यभन्दा कम मुल्यमा विक्री गरिनु पर्दा किसानलाई निर्धारित मूल्य र विक्रि मूल्य बीचको अन्तर बरावरको रकम दिने

व्यवस्था गरिनु पर्ने,

- स्थानीय, प्रदेश र संघीय सरकारले आ'आफ्नो तहमा कृषि बजारको व्यवस्थापन गर्न कालीमाटी समेत अन्य थोकबजारमा किसानका लागि स्थान उपलब्ध गराउनु पर्ने,
- सहकारीले कृषि सम्बन्धी यन्त्रशाला, बीउ बिजन, बिषादीको उपलब्धता, प्राविधिक ज्ञान सीप सम्बन्धी सेवा, सम्बन्धित वडा तथा पालिकामा उत्पादन हुने कृषि तथा कृषिजन्य वस्तुहरूको वस्तुपरक सूचना अध्यावधिक गराउनु पर्ने,
- उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनु पर्ने,
- किसानलाई योगदानमा आधारित निवृतिभरणको व्यवस्था गरिनु पर्ने,
- सिमानकृत साना किसानहरूमा वित्तीय पहुँचको सुनिश्चितता, कृषि कर्जाको सीमा निर्धारण खारेज, किसानलाई सहुलियत दरको कृषिकर्जा प्राप्त गर्न्ने व्यवस्था मिलाई साना किसानको कर्जा मिनाहा र चक्रवर्ति र मिटरब्याजको अन्त्य गर्न, मिटरब्याज जस्तो अपराधिक धन्दा चलाई किसानलाई शोषण गर्ने घुसखोरहरूलाई छानविन गरी कारबाही गर्ने, धितो नहुने किसानलाई सामूहिक जमानीमा सस्तो ब्याजमा कर्जा दिई कर्जाको ब्याज वार्षिक किस्ताबन्दीमा तिर्ने व्यवस्था गर्ने, भूमिहीन किसानले जमीन खरिद गर्न चाहेमा खरिद गरीने जमीनलाई धितो राखी २ प्रतिशत ब्याजदरमा किस्ताबन्दीमा सहुलियत दरको कर्जा उपलब्ध गरिनु पर्ने,
- कृषि औजार, मेशिन, पम्पिङसेट, ट्र्याक्टर, थ्रेसरलगायत यन्त्र उपकरण खरिदमा ५० प्रतिशत अनुदानको र किसानलाई ९० प्रतिशत भन्सार छुट गरिनु पर्ने,
- महिलामैत्री कृषि औजार र प्रविधिको विकास गरिनु पर्ने,
- किसानमैत्री एकीकृत कृषि ऐन कानून निर्माण गरी लागू गरिनु पर्ने,
- कृषि क्षेत्रका उत्पादन विशेष क्षेत्र (तरकारी, आलु, पशुपंक्षी, च्याऊ, अलैंची, फलफूल, पुष्प तथा नर्सरी, जडीबुटी, माछा, मसलाबाली, खाद्यबाली आदि) विकासका लागि अलग अलग अनुसन्धान तथा विकास बोर्ड स्थापित गरिनु पर्ने,
- निःशुल्क कृषि तथा पशुधन बिमा कार्यक्रम प्रभावकारी रूपमा लागु गरिनु पर्ने,
- दुग्ध उत्पादनमा विशेष जोड दिन उन्नत जातका पशुपालन व्यवसायलाई

प्रोत्साहन गर्ने, पशुमा गरिने कृतिम गर्भधारणको कार्यलाई प्रभावकारी गरिनु पर्ने र उन्नत जातका पशुपंक्षीको विकास गरी यो व्यवसायका लागि सहुलियतपूर्ण कर्जाको व्यवस्था गरिनु पर्ने,

❖ हाललाई मल आपूर्तिको सुनिश्चितता गर्दै स्वदेशमै रासायनिक मल कारखाना खोली मलको परनिर्भरता अन्त्य गरिनु पर्ने,

❖ कृषि उत्पादनमा प्रयोग भईरहेका मानव स्वास्थ्यलाई हानी पुयाउने विषादीको नियन्त्रण गरी जैविक तथा प्रांगारिक मल र बिषादी उत्पादन र प्रयोगमा प्रोत्साहन दिदै, स्वस्थ्य कृषि उत्पादन प्रवर्द्धन गर्न जोड दिइनु पर्ने ,

❖ जल, जंगल, जमीन, जडीबुटी र जैविक विविधता माथि किसानको नैसर्गिक अधिकार स्थापित गर्ने, वनमा आधारित कृषि उत्पादनको प्रवर्द्धन समेत गरी वनको बहुउपयोग नीति लागु गरिनु पर्ने,

❖ उत्पादनका श्रोत, साधन, अवसरमा महिलाको समान हक स्थापित गर्न महिला किसानहरुका लागि विशेष कार्यक्रम लागु गरिनु पर्ने,

❖ साना, मझौला तथा ठूला योजना मार्फत कृषि भूमिमा सिंचाईको व्यवस्था गर्न, कृषि मिटरको व्यवस्था गरी कृषि, पशुपालन, मत्स्य पालन प्रयोजनका लागि विद्युत् महशुलमा ७५ प्रतिशत छुट गरिनु पर्ने,

❖ आधुनिक प्रविधि, ज्ञान र सीपयुक्त जनशक्ति निर्माणका लागि व्यवसायिक कृषि शिक्षा प्रदान गरिनु पर्ने,

❖ प्रत्येक स्थानीय तहमा कृषि सूचना केन्द्र स्थापना गरी कृषकलाई प्राविधिक परामर्शको लागि निःशुल्क टेलिफोन, इन्टरनेट सेवा उपलब्ध गराइनु पर्ने,

❖ प्राकृतिक, मानवीय वा वन्यजन्तुबाट कृषि क्षेत्रमा भएको क्षतिको क्षतिपूर्ति, राहत र पुर्नस्थापना गर्न संघ, प्रदेश र स्थानीय तहहरुमा किसान कोष स्थापना गरिनु पर्ने,

❖ विदेशबाट बिना रोकतोक कृषि तथा पशुजन्य उत्पादनहरू भित्रिने अवस्थाको अन्त्य गर्दै नेपाली कृषि तथा पशुजन्य उत्पादनको रक्षा गरिनु पर्ने,

❖ मुलुकका विभिन्न भागहरूमा निर्माण भएका शित भण्डार राम्रोसँग संचालनको लागि यसमा प्रयोग हुने विद्युत महसुलमा ७५ प्रतिशत अनुदान प्रदान गरिनु पर्ने र किसानहरुको माग र आवश्यकताको आधारमा थप शित भण्डार निर्माण गरिनु पर्ने,

❖ किसान अधिकारको संवैधानिक संरक्षणको व्यवस्था गरी संघ, प्रदेश तथा

स्थानीय तहहरूमा किसानको सङ्ख्याको आधारमा समावेशी, समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्दै राज्यका हरेक तहका नीति निर्माण प्रकृयामा किसान संघ संगठनहरुको सहभागिता गरिनु पर्ने,

- ❖ प्रारम्भिक तहमा किसान अदालत स्थापना गरी किसान र कृषिसँग सम्बन्धित मुद्दा मामिला छिटो छरितो ढङ्गले सम्पादन गरी किसानलाई न्यायमा सुलभता प्रदान गरिनु पर्ने,
- ❖ भूमिहीन दलित, गरीब तथा सिमान्तकृत किसानलाई रासन कार्डको व्यवस्था गरी कृषि सहकारी पसलको माध्यमबाट सस्तो दरमा दैनिक उपभोग्य वस्तुहरू उपलब्ध गराउने व्यवस्था गरिनु पर्ने,
- ❖ उच्च मुल्य भएका जडीवुटी तथा कृषि उत्पादनहरूलाई प्रवर्द्धन गर्ने र मुल्य श्रृङ्खलामा आधारित भई निर्यातलाई प्राथमिकतामा दिइने व्यवस्था गरिनु पर्ने
- ❖ निर्यातजन्य कृषिवस्तुहरू चिया, कफी, अलैंची, अदुवालगायत उत्पादनको निर्यात अनुदान, बिमा तथा बजार विस्तार र सहुलियत कर्जा उपलब्ध गराइनु पर्नेछ ।

# अनुसूची-८

## आयोगबाट जारी गरिएका प्रेस विज्ञप्तीहरू

नेपाल सरकार
राष्ट्रिय किसान आयोग
कीर्तिपुर, काठमाडौं, नेपाल ।

पत्र संख्याः
चलनी नं :

मिति : - २०७९/४/२५

**प्रेस विज्ञप्ती**

नवलपरासी जिल्लाका चर्को ब्याजदर " मिटर ब्याज" बाट पिडीत किसानहरु विगत केही दिन देखि काठमाडौंको माइतीघर मण्डलामा आई धर्ना बसिरहेको विषयप्रति राष्ट्रिय किसान आयोगको गंभीर ध्यान आकर्षित भएको छ ।आन्दोलनरत पिडीत किसानका जायज मागहरुलाई सम्वोधन गर्न चर्को ब्याजदर "मिटर ब्याज" बाट पिडीत मुलुकभरका किसानहरुको सत्य तथ्य अवस्था पत्ता लगाई पिडीत किसान संघर्ष समितिको समेत प्रतिनिधित्व सुनिश्चित हुने गरी एक उच्चस्तरीय छानविन समिति गठन गर्न र आन्दोलनरत पिडीत किसानसँग अविलम्ब वार्ता गरी समाधानको वातावरण बनाउन राष्ट्रिय किसान आयोग नेपाल सरकार र सरोकारवाला निकायहरुसँग हार्दिक अपिल गर्दछ ।

डा. प्रेम प्रसाद दंगाल
अध्यक्ष
राष्ट्रिय किसान आयोग

नेपाल सरकार

# राष्ट्रिय किसान आयोग

कीर्तिपुर, काठमाण्डौ

प.सं. :

च.नं. :

मिति : २०७९/०६/२३

## प्रेस विज्ञप्ति

यसै आश्विन १८ गते देखि निरन्तर परेको अविरल वर्षा, बाढी र डुवानबाट देशका विभिन्न जिल्लाहरु र पालिकाहरुमा धानबाली लगायत अन्य बालीहरु नोक्सान हुन गएको छ । यसबाट मुलुक भरका किसानले क्षति व्यहोर्नु परेको छ । वर्ष भरी खान र घर व्यवहार धान्ने अन्नको रुपमा रहेको धान डुवानमा पर्नुको साथै ढलेर धानमा ठूलो नोक्सानी हुने भएकोले किसानहरु ज्यादै चिन्तित छन् । मुलुकको प्रमुख खाद्यान्न बालीको रुपमा रहेको धान लगायत अन्य बालीमा भएको यस प्रकारको क्षतिले खाद्य सुरक्षामा समेत आँच आउनुको साथै राष्ट्रिय अर्थतन्त्रमा समेत असर पार्ने अवस्था छ ।

राष्ट्रिय किसान आयोग वर्षा, बाढी, पहिरो र डुवानबाट प्रभावित जनसमुदायको उद्धार र राहत कार्यलाई यथाशिघ्र प्रभावकारी ढंगले सम्पन्न गर्न नेपाल सरकार समक्ष हार्दिक अपील गर्दछ । वर्षा, बाढी, पहिरो र डुवानबाट धान लगायत अन्य बालीमा भएको क्षतिको यथार्थ विवरण संकलन गरी किसानलाई राहत, क्षतिपूर्ति र पुनर्स्थापनाका कार्यक्रम अविलम्ब घोषणा गर्न नेपाल सरकार समक्ष हार्दिक अपील गर्दछ ।

..................................

(अध्यक्ष)

डा. प्रेम प्रसाद दंगाल

नेपाल सरकार

# राष्ट्रिय किसान आयोग

कीर्तिपुर, काठमाडौं, नेपाल ।

प.स.:

च.नं.:

मिति: २०७९/१०/२०

## प्रेस विज्ञप्ती

आज मिति २०७९।१०।२० गते चितवन जिल्लामा तरकारी उत्पादक किसानहरुले आफ्नो बारीमा आफैले दुख गरी उत्पादन गरेको तरकारी सडकमा फालेर आन्दोलन गरेको समाचारहरु विभिन्न सञ्चार माध्यम मार्फत आइरहेका छन् । आफुले उत्पादन गरेको तरकारीले उत्पादन लागत खर्च अनुसारको मुल्य नपाएको तथा छिमेकी मुलुक भारतका विभिन्न शहरहरुबाट सहजै तरकारी आयात हुने हुनाले नेपाली किसानहरुको स्थानिय उत्पादनले उचित मुल्य सहितको बजार पाउन नसकेकोले निकै मर्कामा परेको गुनासो तरकारी उत्पादक किसानहरुले पटक पटक तिव्ररुपमा उठाउदै आइरहेको विषय हो। चितवन जिल्लाका व्यवसायिक तरकारी उत्पादक किसानहरुले गोलभेडा, काउली, बन्दा, फर्सी, केराउ र पर्वल लगायतका तरकारीहरु नारायणगढको पुल्चोक सडकमा फालेर आन्दोलन गरी रहेको घटना प्रति राष्ट्रिय किसान आयोगको गम्भिर ध्यानाकर्षण भएको छ । व्यवसायिक तरकारी उत्पादक किसानहरुले उत्पादन गरेको तरकारीको लागत खर्च अनुसार समर्थन मुल्य तोकि प्रभावकारी कार्यान्वयन गर्न र भारतबाट आयातित तरकारीलाई निरुत्साहित गरी अविलम्व समस्या समाधान गर्न राष्ट्रिय किसान आयोग नेपाल सरकारका सबै सम्वन्धित सरोकारवाला निकायहरुसँग हार्दिक अपिल गर्दछ ।

जीवन्ती पौडेल
प्रवक्ता एवं सदस्य
राष्ट्रिय किसान आयोग

समृद्ध नेपालको शान: अधिकार सम्पन्न किसान"

फोन नं : ०१- [illegible] टोल फ्रि नम्बर [illegible] ईमेल : nfcnepal2017@gmail.com वेब साइट: www.nfc.gov.np

नेपाल सरकार
# राष्ट्रिय किसान आयोग
कीर्तिपुर, काठमाडौं, नेपाल ।

पत्र संख्या:
चलानी नं.:

मिति: २०७९/११/३०

## प्रेस विज्ञप्ति

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको विभागीय मन्त्रीस्तरको मिति २०७९/११/२६ गतेको निर्णय अनुसार रासायनिक मलको विक्री मूल्य प्रति के.जी. युरिया रु.२५/-, डि.ए.पि. रु. ५०/- र पोटास रु. ४०/- कायम भएकोमा मिति २०७९/११/२६ भन्दा अगाडि यूरिया रु. १४/- प्रति के.जी., डि.ए.पि. रु. ४३/- प्रति के.जी. र पोटास रु.३१/- प्रति के.जी. विक्री मूल्य रहेको थियो। सो अनुसार यूरियामा ७८.५७ प्रतिशत, डि.ए.पि.मा १६.२ प्रतिशत र पोटासमा २२.५ प्रतिशत वृद्धि भएको देखिन्छ ।

विगत केहि समय अगाडि अन्तर्राष्ट्रिय वजारमा रासायनिक मलको मूल्यमा वृद्धि भएता पनि हाल क्रमश: घट्दै गएको अवस्थामा उक्त मूल्य समायोजनवाट कृषि उत्पादन लागत वढ्न गई उत्पादन घट्न सक्ने र नेपाल सरकारको तर्फवाट किसानहरुलाई प्रदान गरिदै आएको एकमात्र अनुदान सुविधामा भारी मात्राले कटौति हुंदा उत्पादक किसानलाई ज्यादै मर्का पर्ने देखिन्छ । त्यसैले हाल समायोजन गरिएको अनुदान कटौति गर्ने निर्णय फिर्ता गरी अन्तर्राष्ट्रिय वजारमा भएको मूल्यमा घटवढ भए अनुसार स्वचालित ढंगले मूल्य समायोजन हुने व्यवस्था र गुणस्तरीय रासायनिक मलको सहज आपूर्ति गरी उत्पादक किसानकोमा नै पुग्ने व्यवस्था हुन राष्ट्रिय किसान आयोग नेपाल सरकार र सम्बन्धित सरोकारवाला निकायहरुको ध्यानाकर्षण गर्दछ ।

डा.प्रेम प्रसाद दंगाल
अध्यक्ष
राष्ट्रिय किसान आयोग

समृद्ध नेपालको शान: अधिकार सम्पन्न किसान

फोन नं : ०१-५९०६१३६, ०१-५९०६१३८, ०१-५९०६१८०, ०१-५९०६१८२, इमेल: nfcnepal2017@gmail.com, वेबसाइट: www.nfc.gov.np

पत्र संख्या:
चलनी नं.:

मिति:२०८०।०२।३०

## प्रेस विज्ञप्ति

नेपालको कृषि प्रणालीमा आवश्यक पर्ने सिंचाइ व्यवस्था मुख्यतया आकाशे पानीमा निर्भर छ। यस वर्षको जेष्ठ महिनाभरी नै आकाशे पानी नपरे पछिको खडेरी सङ्गै बढेको तापक्रमले तराई क्षेत्रमा पानीका श्रोतहरु सुक्न थालेका समाचारहरु सार्वजनिक भई रहेका छन्।१५ जेठदेखि उकालो लागेको तापक्रम तराईमा अधिकतम औसत ४० डिग्रि सेल्सियस भन्दा धेरै छ। सार्वजनिक भएका समाचारहरुका अनुसार काठमाण्डौंमा इनार र तराईमा चापाकल तथा बोरिङ्गको पानी सुक्ने क्रम बढेकोले देशभरीकै जनजीवन प्रभावित भएको छ।खाने पानीको सङ्कट बढ्नुको साथै किसानका खेतका मकै तथा चैतेधान लगायतका अन्नबाली र तरकारी बालीहरू सुकेका छन्।कतै असारे धानका लागि तयार गरिएका ब्याडका गराहरूमा धाँजा फाटेका छन् भने कतै पानीको अभावमा ब्याड नै राख्न नसकेको अवस्था छ।वर्तमान अवस्थाको खडेरीले खाद्य सुरक्षाको क्षेत्रमा महत्वपूर्ण मानिएको बाली मकै र धानको उत्पादनमा ह्रास आई खाद्य संकट सिर्जना हुनसक्ने अनुमान सहजै गर्न सकिन्छ भने अर्कोतर्फ आम किसानको जीविकोपार्जनको श्रोत कृषि उत्पादन घट्न सक्ने अवस्था प्रति राष्ट्रिय किसान आयोगको गम्भिर ध्यानाकर्षण भएको छ ।

नेपालको संविधानको मौलिक हकमा गरिएको संवैधानिक व्यवस्था अनुसार, जनताको खाद्य सुरक्षाको हक संरक्षण गर्नु राज्यको प्रमुख कर्तव्य बमोजिम सरकारको बजेट तयारीकै अवस्थामा कृषि क्षेत्रमा देखिएको विषम परिस्थिति र यसबाट उत्पन्न हुनसक्ने असरलाई दृष्टिगत गरी आर्थिक वर्ष (आ.व २०८०/०८१) को बजेट तयारीमा आम किसानलाई संरक्षण गर्ने र देशमा पर्न सक्ने खाद्य संकट व्यवस्थापनका लागि आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरी कृषि क्षेत्रको सुधारका लागि राष्ट्रिय किसान आयोग सम्बन्धित सरोकारवाला निकायहरूसँग हार्दिक अपिल गर्दछ।

जीवन्ती पौडेल
सदस्य तथा प्रवक्ता
राष्ट्रिय किसान आयोग

नेपाल सरकार
# राष्ट्रिय किसान आयोग
कीर्तिपुर, काठमाडौं, नेपाल ।

पत्र संख्या:
चलानी नं.:

मितिः२०८०।०३।०३

## प्रेस-विज्ञप्ति

चितवनका व्यवसायिक किसानहरुले उत्पादन गरेको आफ्नो कृषि उत्पादन सडकमा फालेर प्रदर्शन गरेको  घटना सेलाउन नपाउँदै आज मिति २०८० असार ३ गते आइतबारका दिन कालीमाटी फलफूल तथा तरकारी बजार परिसरमा उत्पादन लागत भन्दा अति न्यून मूल्यमा समेत गोलभेंडा बिक्री नभएको भन्दै बजार प्रवेश मुल गेट र कालिमाटी चोकमा गोलभेंडा फ्याकेर गरिएको बिरोध प्रदर्शन प्रति राष्ट्रिय किसान आयोगको गम्भिर ध्यानाकर्षण भएको छ। राजधानी वरपरका किसानहरुले गरेको आजको प्रदर्शनमा करिब ९० मेट्रिक टन अर्थात आजको बजार मूल्य अनुसार करिब ६ लाख बराबरको आर्थिक नोक्सान भएको विवरण सम्बन्धित पक्षबाट जानकारी प्राप्त भएको छ।यस घटना प्रति नेपाल सरकारका सम्बन्धित निकायहरुको ध्यानाकर्षण गराउदै किसानहरुले उत्पादन गरेको गोलभेंडा तथा तरकारीहरुको समेत लागत खर्च अनुसार उचित मूल्य तोकी प्रभावकारी रुपमा कार्यान्वयन गर्न/गराउन राष्ट्रिय किसान आयोग नेपाल सरकारका सबै सरोकारवाला निकायहरुसँग हार्दिक अपिल गर्दछ।

जीवन्ती पौडेल

जीवन्ती पौडेल
सदस्य एवं प्रवक्ता
राष्ट्रिय किसान आयोग

समृद्ध नेपालको शान: अधिकार सम्पन्न किसान
फोन नं.: ०१-४९०६१३६, ०१-४९०६१३८, ०१-४९०६९५०, ०१-४९०६९८२, इमेल: nfcnepal2017@gmail.com, वेबसाइट: www.nfc.gov.np

# पत्रपत्रिकामा राष्ट्रिय किसान आयोग

Halokhabar.com
हलो खबर डटकम

२०७९ कार्तिक १७ बिहिवार | 2022 November 03

समाचार सफल कथा पशुपन्छी प्रविधि अन्तर्वार्ता विचार बजार अनुदान बैंक खबर नर्सरी इन्फोटेन्मेन्ट

## मिटर ब्याजीले जग्गा पनि लगे, पैसा पनि : यी किसानले न्याय पाउलान त ?

हलोखबर २०७९ श्रावण २३ गते प्रकाशित



क्याप्सन: रातो लगाउने महिला पुष्पा र अर्को तस्विरमा दोस्रो तस्विरमा माला लगाएका कोइरी र बोतल छेउका थापा।

यो तस्विरमा देखिएका युवा हुन् प्रभू कोइरी। उनी नवलपरासी जिल्लाको बर्धघाट नगरपालिकाका बासिन्दा हुन्। यिनका पिताले स्थानीय महाजनकोबाट २ लाख रुपैयाँ ऋण लिएका थिए, मिटर ब्याजमा। यसबापत १० कट्ठा जमिन दृष्टिबन्धक पास गरिदिएका थिए। यिनका पिताले साहुलाई चार वर्षमा आठ लाख बुझाएर संसारबाट बिदा भए। त्यसपछि साहुको ऋण बुझाउने यिनको पालो आयो।

**ताजा समाचार** सबै

- दाईं लगाउने चलन लोपोन्मुख अवस्थामा
- किसानका समस्या सधैं उस्तै, कहिले यता त कहिले उता : धानमा लागेन दाना, किसान चिन्तित
- उम्मेदवारलाई भोट मात्र हतारो, किसानलाई बाली स्याहार्ने चटारो
- जीवन धान्नकै लागि नौ महिना चौंरी खर्कको बास
- डोटीमा बढ्दै व्यावसायिक सुन्तलाखेती
- सयपत्री फूल बिक्री गरेर चितवनमा पाख्रिनले कमाए ७ लाख
- ताप्लेजुङका किसानलाई अलैंची थन्क्याउने चटारो
- धान फल्ने खेतमा व्यावसायिक सुन्तला र कागती खेती

Home / समाचार


# राष्ट्रिय किसान आयोग द्धारा रंगेलीको बंगुर फर्महरु निरिक्षण



रंगेली । आफुहरुको उत्पादनले बजार पाउन नसक्दा कृषि पेशा छोडेर विदेशीनु पर्ने अवस्था आएको मोरंगको रंगेली १ का किसानहरुले गुनासो गरेका छन । मिहिनेत अनुसार उत्पादन लिन सकिएपनि बजार व्यवस्थापन हुन नसक्दा कृषि पेशाको विकल्प खोज्नु पर्ने अवस्था आएको बंगुर पालक किसानहरुले गुनासो रहेको छ । राम्रो आम्दानीका लागि व्यवसायिक बंगुर पालन गर्न थालिएपनि बजार व्यवस्थापन हुन नसक्दा बंगुरहरु बिक्री हुन छोडेपछि रंगेलीका किसानहरु चिन्तीत बन्न पुगेका हुन । मिहिनेत अनुसार उत्पादन राम्रो भएपनि बजारमा बगुंरको माग हुन छाडेपछि आफुहरु बगुंर पालन छोडडेर विदेशीनु पर्ने अवस्था आएको खालिङ बहुउद्धेश्य कृषि फर्मका सञ्चालक जोन राई बताउछन ।

सुरुका दिनमा बजारमा बंगुरको माग धेरै र मुल्यपनि राम्रो भएको भएपनि अहिले बजार अभावमा समस्या भएको गुनासो गरे ।

रंगेलीका बंगुर पालक किसानहरुले बजार व्यवस्थापनको समस्याका कारण मारमा परेको भन्दै राष्ट्रिय किसान आयोगमा निवेदन नै हाले ।




गृहपृष्ठ राजनीति अर्थ विचार कला/साहित्य खेलकुद पर्यटन स्वास्थ्य थप - SK TV

# पशुपालन किसानहरु अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न



उर्लावारी । समृद्ध नेपालको शान अधिकार सम्पन्न किसान भन्ने अभियानका साथ किसान हकहित अधिकार संरक्षण एवम् प्रवर्द्धनका लागि स्थानीय÷ प्रादेशिक तहमा अन्तरक्रियात्मक कार्यक्रम मोरङ्गको उर्लावारीमा सम्पन्न भएको छ ।

उर्लाबारी नगरपालिकाको सभाहलमा अयोजित कार्यक्रममा दमक नगरपालिकाका नगरप्रमुख राम कुमार थापाको प्रमुख आतिथ्यता एव राष्ट्रिय किसान आयोगका सदस्य मन्जु धिमालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा झापा र मोरङ्गका ३५ जना बंगुर फार्म सञ्चालक किसानहरुको सहभागिता रहेकोथियो ।





कृषि अनलाईन
KrishiOnline.com
Nepal's First Agriculture News Portal
गृहपृष्ठ
समाचार
विचार
अन्तरवार्ता
जानकारी
कृषि अनलाईन टिभी
Article
News
फोटो फिचर
सम्पर्क
हाम्रो बारेमा
अभिलेखालय
किसानको अधिकार सुनिश्चित गर्न अन्तरक्रिया
Made in Nepal
NTS Industries Pvt.Ltd.
"दूध तथा दुग्ध पदार्थको नियमित सेवन, कोरोना भाईरस विरुद्धको दीर्घ जीवन"
राष्ट्रिय दुग्ध विकास बोर्ड
हरिहरभवन, ललितपुर




खबर डटकम
2023 July 27
नेपालमा रासायनिक मलको उपयोगिता, उपलब्धता र चुनौतिहरू के-के छन् ?
717
SHARES




clideo.com

# कार्यक्रमका केही झलकहरू

















राष्ट्रिय किसान आयोगको छैठौं स्थापना दिवस एवं कृषक गुनासो व्यवस्थापन कक्ष
उद्घघाटन कार्यक्रमका झलकहरु










राष्ट्रिय किसान आयोगको आयोजनामा कृषि विकासको लागि सरकारले प्रवाह गर्ने सेवा सुविधामा युवा, महिला र भूमिहीन कृषकहरुको पहुंच बृद्धि गर्नको लागि राष्ट्रियस्तरको कार्यशाला गोष्ठी







किसान हक हित अधिकार संरक्षण एवं प्रवर्द्धन गर्नका लागि स्थानीय तहमा अन्तरकृया कार्यक्रम






राष्ट्रिय किसान आयोगको आयोजनामा कृषि क्षेत्रसँग सम्वन्धित सरकारका निकायहरु आयोग, बोर्ड, परिषद्, संस्थान, आयोजना लगायतका निकायसँग समन्वयात्मक छलफल तथा अन्तरक्रिया कार्यक्रम





राष्ट्रिय किसान आयोगको आयोजनामा ४२ औ खाद्य दिवसको अवसरमा
नेपालमा खाद्य सुरक्षा सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम





माननीय अर्थमन्त्री जनार्दन शर्मासँग भेट गरी धानको समर्थन मूल्यको प्रभावकारी
कार्यान्वयन सम्बन्धमा भेटघाट







चर्को ब्याज दर "मिटर ब्याज" पिडित किसान र किसान संघ/संगठनहरु बीच
छलफल तथा अन्तरकृया कार्यक्रम







राष्ट्रिय किसान आयोगको आयोजनामा कृषि सहकारीमा किसान अधिकार, कर्तब्य र राज्यप्रतिको दायित्व
सम्वन्धमा विज्ञहरुसँग नीतिगत छलफल तथा अन्तरकृया कार्यक्रम









राष्ट्रिय किसान आयोगको आयोजनामा किसानहरुको कल्याणकारी योजना तर्जुमा
सम्बन्धी छलफल कार्यक्रम







राष्ट्रिय किसान आयोगको आयोजनामा "सरोकारवाला निकायहरु (किसान संघ, संस्था, संजाल तथा पेशागत संघ संगठन) सँग बैठक तथा अन्तरक्रिया कार्यक्रम







राष्ट्रिय किसान आयोगको आयोजनामा किसान अधिकार कर्तब्य र राज्यप्रतिको दायित्वका सम्बन्धमा विज्ञहरुसँग नीतिगत छलफल तथा अन्तरक्रिया कार्यक्रम






राष्ट्रिय किसान आयोगको आयोजनामा कृषि व्यवसाय प्रवर्द्धन विधयेक, २०७९ सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम




राष्ट्रिय किसान आयोगको आयोजनामा सरोकारवाला निकायहरुसँग रासायनिक मलको अवस्था सम्बन्धी छलफल तथा अन्तरकृया कार्यक्रम





राष्ट्रिय किसान आयोगको आयोजनामा नवौं विश्व माटो दिवसको सन्दर्भमा खैरहनी नगरपालिका चितवनमा माटो परीक्षण शिविर तथा अन्तरक्रिया कार्यक्रम




काठमाडौं उपत्यकाको, किसान संघर्ष समितिले राष्ट्रिय किसान आयोगमा किसानका मागहरु सम्बन्धमा पेश गरेको ज्ञापन पत्र सम्बन्धमा छलफल तथा अन्तरक्रिया कार्यक्रमका झलक ।






चितवनका तरकारी उत्पादक कृषकहरुले उचित मूल्य नपाएको भनि उत्पादन बाटोमा प्रदर्शन गरेको हुँदा कृषकको फिल्ड अनुगमन तथा सम्बन्धित सरोकारवालासँग छलफल ।





मोरङ्ग, झापा, इलाम र पाँचथर जिल्लाका माछापालक, कुखुरापालक, अलौंची उत्पादन किसान र किवी उत्पादक किसानहरु सँग फिल्ड अनुगमन/अन्तरक्रिया तथा छलफल कार्यक्रमका झलकहरु।





खोटाङ्ग जिल्लामा प्रदेश र स्थानिय तहबाट संचालित कृषि विकास कार्यक्रम अनुगमन।







राष्ट्रिय किसान आयोगका सदस्य श्री मञ्जु धिमालज्यूको नेतृत्वमा प्रदेश १ को मोरङ्ग र झापा जिल्लाहरुमा बंगुर फर्म अनुगमन भ्रमण





राष्ट्रिय किसान आयोगका सदस्य श्री टेक बहादुर बोगटीज्यूको नेतृत्वमा सुर्खेत र बाँके जिल्लामा कृषि क्षेत्रमा संचालित आयोजना/परियोजनाहरु अनुगमन






राष्ट्रिय किसान आयोगका सदस्य श्री जीवन्ती पौडेलज्यूको नेतृत्वमा कंचनपुर जिल्लामा संचालित कृषि विकास कार्यक्रमहरुको अनुगमन





दक्षिणकाली नगरपालिका ८ छैमलेमा नास्पातीमा दाना नलागे पछि नास्पाती उत्पादक किसानहरुको बिज्ञ द्वारा स्थलगत भ्रमण





कृषि ज्ञान केन्द्र चितवनको सभाहलमा किसान संघर्ष समिति चितवनले आयोजना गरेको छलफल कार्यक्रममा आयोगको सदस्यद्धारा ज्ञापन पत्र बुझिलिएको।










नेपाल सरकारले तोकेको धानको न्युनतम समर्थन मुल्य अनुसार धान खरिद गर्ने सरकारी निकाय, प्रादेशिक कार्यालय र शाखा कार्यालयको धान खरिदको अवस्था र किसानको बिक्री बारे अनुगमन





प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाई, बीरेन्द्रनगर सुर्खेतको पन्चपुरी नगरपालिकामा संचालित कार्यक्रमको अवलोकन/भ्रमण

सातौं वार्षिक प्रतिवेदन, आ.व. २०७९/०८०

राष्ट्रिय किसान आयोग

७ औं

# वार्षिक प्रतिवेदन

## आ.व. २०७९/०८०

नेपाल सरकार

**राष्ट्रिय किसान आयोग**

कीर्तिपुर, काठमाडौं